
# नेपाली संस्कृति

## सांस्कृतिक संस्थान बुलेटिन

वर्ष २५, अंक २ माघ, २०८१



# संस्कृतिबाटै समृद्धि

## सांस्कृतिक संस्थानका उपलब्धिहरू

प्रकाशक

**सांस्कृतिक संस्थान**

(राष्ट्रिय नाचघर)

जमल, काठमाडौं



सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू सँग भेटघाट तथा संस्थानको बारे ब्रिफिङ पश्चात् लिइएको तस्वीर ।



राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालज्यू सँग भेटघाट तथा संस्थानको बारे ब्रिफिङ सँगै संस्थानको गतिविधि समेटिएको पत्रिका “नेपाली संस्कृति” हस्तान्तरण गर्नु हुँदै महाप्रबन्धक श्री  किरण बाबु पुनज्यू ।

# नेपाली संस्कृति बुलेटिन

वर्ष २५, अंक २ | माघ, २०८१

**सल्लाहकार**
श्री चन्द्र कुमार राई "हतुवाली"
अध्यक्ष, सांस्कृतिक संस्थान

**संरक्षक**
श्री किरण बाबु पुन
महाप्रबन्धक, सांस्कृतिक संस्थान

**प्रधान सम्पादक**
श्री किरण बाबु पुन

**सम्पादक**
श्री चक्र बहादुर श्रेष्ठ

**सहयोगी**
कलाकार सेवा र प्रशासन सेवा अन्तर्गतका महाशाखा तथा शाखाहरु :

**(क) कलाकार महाशाखा**
कार्यक्रम तथा योजना महाशाखा
गायन शाखा
वाद्यवादन शाखा
नृत्य शाखा
नाटक शाखा
श्रव्यदृश्य शाखा

**(ख) प्रशासन महाशाखा**
प्रशासन शाखा
लेखा शाखा
हल शाखा
भण्डार शाखा
अभिलेख शाखा
बजार व्यवस्थापन शाखा

**डिजाइन**
टच क्रियशन प्रा.लि., बागबजार, ९८४१३८६२१८

**प्रकाशक**
**सांस्कृतिक संस्थान**
जमल, काठमाडौं, फोनः ५३४१३९८, ५३२६१९६
Email : culturalcorporationjamal@gmail.com
Website : www.sanskritiksansthan.gov.np

**मुद्रण**
**प्रज्ञा छापाखाना**
कमलादी, काठमाडौं, फोनः ५३४१६३७

## सम्पादकीय

६५ वर्षीय सांस्कृतिक विरासत (राष्ट्रिय नाचघर वि.सं. २०१६ देखि - हाल सांस्कृतिक संस्थान वि.सं. २०८१ सम्म) कायम राख्न सफल सांस्कृतिक संस्थान नेपाल सरकारको संस्कृति प्रदर्शनी सम्बन्धी एकमात्र ज्येष्ठ एवम् आधिकारिक निकाय हो । संस्थानले स्थापनाकाल देखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सभा, समारोह तथा उत्सवहरूमा राष्ट्रको पहिचान झल्किने सांस्कृतिक कार्यक्रमहरु प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ ।

संस्थानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता भएको देश नेपालको सांस्कृतिक अस्तित्वको रक्षार्थ सात प्रदेशको लोपोन्मुख संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । संस्थानले संस्कृतिलाई दस्तावेजीकरण गर्ने उद्देश्यकासाथ वि.सं. २०४२ सालदेखि विभिन्न सांस्कृतिक गतिविधि समाहित गरी नेपाली संस्कृति नामक पत्रिका प्रकाशन थालनी गरेको थियो । तर वि.सं. २०५१ सालमा प्रकाशनको क्रियाकलाप बन्द हुन गई फेरि वि.सं. २०५९ सालमा पुनः प्रकाशन थालनी गरिएको पत्रिका वर्ष-२४, अङ्क ३ सम्म प्रकाशन भई पुनः प्रकाशन कार्य हुन सकेन । यस पछि वि.सं. २०८१ सालमा महाप्रबन्धक श्री किरण बाबु पुनज्यू नेतृत्वको संस्थानले ५२ औं वार्षिकोत्सवको अवसरमा पुनः नेपाली संस्कृति पत्रिकालाई वर्ष : २५, अङ्क १ बाट प्रकाशन थालनी गरेको हो । साथै उक्त प्रकाशनमा अङ्क १ हुनु पर्नेमा गलत टाइपिङ अङ्क ४ हुन गएकोमा सम्पूर्णमा क्षमा प्रार्थी छौं, भन्दै सो त्रुटिलाई सच्याई वर्षः २५ अङ्क १ को रूपमा समेत बुझिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

अन्ततः संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा दस्तावेजीरण सहित पुस्तान्तरणका लागि संस्थानको विभिन्न क्रियाकलाप समाहित बुलेटिन "नेपाली संस्कृति" वर्ष : २५, अङ्क २ प्रकाशन गर्न सफल भएका छौं । यस अवसरमा आगामी दिनहरूमा नेपाली संस्कृतिलाई निरन्तर प्रकाशन गर्ने प्रण सहित यहाँहरूको साथ, सद्भाव र सहयोगको अपेक्षा गर्दछौं ।

सांस्कृतिक संस्थान परिवार

नेपाल सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः

च.नं.:

बद्री प्रसाद पाण्डे

मन्त्री

## शुभकामना

वि.सं २०१६ सालमा अवधारणा निर्माण गरी वि.सं २०१८ सालमा स्थापित राष्ट्रिय नाचघरलाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि नाम परिमार्जन सहित वि.सं. २०२९ साल असार ५ गते स्थापना भएको सांस्कृतिक संस्थान नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय हो। संस्थानले स्थापनाकाल देखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सभा, समारोह तथा उत्सवहरुमा राष्ट्रको पहिचान झल्किने कार्यक्रमहरू प्रदर्शन गर्दै ६५ वर्षीय गौरवमय इतिहास कायम राखेको छ। सिर्जनशील तथा रचनात्मक विशेष जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, विकृति, विसंगति, रूढिवादी सोच, अन्धविश्वास, अन्याय-अत्याचार तथा विविध वेथिति निर्मूल पारी नैतिक शिक्षा समाजमा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि संस्थानको भूमिका अग्रणी रहको छ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता भएको देश भएकोले राष्ट्रको अस्तित्वसँग जोडिएको विविध जातजातिको आ-आफ्नो पहिचानयुक्त अमूर्त संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न नेपाल सरकारले राष्ट्रिय सांस्कृतिक सम्पदाको रूपमा रहेको संस्कृतिलाई विकासका लागि राज्यको नीतिलाई कार्यान्वयन गर्दै आएको छ। सामाजिक तथा सांस्कृतिक रुपान्तरण सहित सभ्य समाज निर्माणका लागि नयाँ संस्कृति निर्माण गर्न संस्कृति सम्बन्धी निकायको प्रमुख भूमिका अपरिहार्य छ। त्यसका लागि नेपाल सरकारको सांस्कृतिक नवजागरण गर्ने प्रमुख उद्देश्य रहेको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भन्नेमा विश्वस्त छु।

संस्थानले आफ्नो ६५ वर्षीय गौरवमय सांस्कृतिक विरासतलाई कायम राख्न र संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा दस्तावेजीरण सहित पुस्तान्तरणका लागि संस्थानको विभिन्न क्रियाकलाप समाहित बुलेटिन "नेपाली संस्कृति" वर्ष : २५, अङ्क २ प्रकाशन गर्न लागेको अवसरमा संस्थानले सिर्जनशील सोच सहित सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि समाजमा नैतिक संस्कृति सम्प्रेषण गर्दै संस्कृतिबाटै समृद्धिको आधार दिशाबोध गर्ने नयाँ युग सुरु गर्न सकोस् भन्ने शुभेक्षा तथा शुभकामना व्यक्त गर्दछु।

पौष २०८१

..........................

बद्री प्रसाद पाण्डे

मन्त्री

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.:

अरुण कुमार चौधरी
राज्यमन्त्री

## शुभकामना

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता भएको देश हो। संस्कृत्तिको दृष्टिकोणबाट समृद्ध राष्ट्र नेपालको सांस्कृतिक विरासत कायम राख्नु आजको आवश्यकता हो। संस्कृति समाज जागरणको सशक्त माध्यम हो । ऐतिहासिक पृष्ठभूमि बोकेको नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ एवम् आधिकारिक निकाय **सांस्कृतिक संस्थानले** सामाजिक तथा सांस्कृतिक रुपान्तरणसँगै समाज जागरणका निम्ति महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्न र संस्कृत्तिबाटै समृद्धिको आधार निर्माण तर्फ नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विशेष चिन्तन राख्नु र योगदान दिनु अपरिहार्य छ ।

सांस्कृतिक संस्थानले नेपाल र नेपालीको पहिचानसँग जोडिएको संस्कृति जस्तो संवेदनशील विषयलाई संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण तर्फ टेवा पुग्ने नीति तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नु अपरिहार्य छ। पर्यटन लक्षित कार्यक्रम उत्पादन गरी राष्ट्रको समृद्धि संस्कृतिबाटै सम्भव छ भन्ने कुरा पनि प्रमाणित गर्दै आएको संस्थानले संस्कृतिलाई बचाउने र दस्तावेजीकरण गरी सही रूपमा पुस्तान्तरण गर्ने उद्देश्यका साथ संस्कृति सम्बन्धी विविध क्रियाकलाप समेटिएको नियमित बुलेटिन पत्रिका **"नेपाली संस्कृति"** वर्ष २५, अङ्क २ प्रकाशन गर्न लागेको अवसरमा सांस्कृतिक संस्थानको यात्रा सदा प्रगति तर्फ लम्किरहोस् भन्ने शुभेक्षा तथा शुभकामना व्यक्त गर्दछु ।

पौष २०८१

माननीय अरुण कुमार चौधरी
राज्यमन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

अरुण कुमार चौधरी
राज्यमन्त्री

फोन नं. : +९७७-१-४२११६२८ (कार्यालय), इमेल : info@tourism.gov.np, arunchaudhary2073143@gmail.com, वेबसाइट : www.tourism.gov.np

# यस भित्र




सांस्कृतिक संस्थानको परिचय



अध्यक्षज्यूको भनाई



महाप्रबन्धकज्यूको विचार एवम् अवधारणा



कार्यक्रम विशेष मन्तव्य



सम्पन्न नीति तथा कार्यक्रमको विवरण



चाडपर्व विशेष शुभकामना आदान प्रदान कार्यक्रम २०८१

# सांस्कृतिक संस्थानको परिचयः

वि.सं २०१६ सालमा अवधारणा निर्माण गरी वि.सं २०१८ सालमा स्थापित **'राष्ट्रिय नाचघर'**लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित **"सांस्कृतिक संस्थान"**को रूपमा स्थापना भएको संस्थान संस्कृति सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ एवम् आधिकारिक निकाय हो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरु राज्यका महत्त्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ । सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य सांस्कृतिक नवजागरण गराई सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनुका साथै नेपालको पहिचानयुक्त लोकगीत, लोकवाद्य, लोकनृत्य, लोकनाटक एवम् समग्र लोकसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रूपमा संरक्षण र प्रवर्द्धन गरी सामाजिक न्याययुक्त लोकसंस्कृतिलाई शिरोपर गर्दै नयाँ सभ्य संस्कृति निर्माण गर्नु हो । संस्थानले जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, कुप्रथा, विकृति, विसंगति, रूढिवादी सोच, अन्धविश्वास, भेदभाव, शोषण, दमन, हिंसा, अन्याय-अत्याचार तथा बेथिति निर्मूल पार्न, समाजमा नैतिक शिक्षा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा विशेष योगदान पुऱ्याएको छ ।

सांस्कृतिक संस्थानले विगतदेखि अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि गायन, वादन, नृत्य तथा नाट्य अभिनय जस्ता विधाहरूमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । संस्थानले उद्देश्य प्राप्तिका लागि विनियमावलीको कार्यान्वयन गरी कलाकार सेवा र प्रशासन सेवा अन्तर्गत दुई महाशाखाः कलाकार महाशाखा र प्रशासन महाशाखा अन्तर्गत कार्यक्रम तथा योजना शाखा, प्रशासन शाखा, गायन शाखा, वाद्यवादन शाखा, नृत्य शाखा, नाटक शाखा, हल शाखा, लेखा शाखा, भण्डार शाखा, अभिलेख शाखा, श्रव्यदृश्य शाखा र बजार व्यवस्थापक शाखा गरी १२ वटा शाखा स्थापना गरी आफ्ना नीति तथा कार्यक्रमहरू प्रभावकारी ढंगले सम्पादन गर्दै आएको छ । नेपाल सरकारको शिक्षालाई व्यावहारिक बनाउने, नीति तथा कार्यक्रमलाई सफल पार्नका निम्ति संस्थानले विगतदेखि विभिन्न तहका पाठ्यक्रममा आधारित



नाटक, उपन्यास, कथा, एकाङ्की तथा काव्य रचनालाई नाटक एवम् गीति नाटकका रूपमा मञ्चन गरी प्रदर्शन गर्दै आएको छ । संस्थानले आफ्नो लक्ष्य र उद्देश्य मिल्ने सरकारी एवम् गैरसरकारी निकायसँग समन्वय र सहकार्यमा संस्कृति सम्बन्धी कार्यक्रमहरू पनि गर्दै आएको छ ।

सांस्कृतिक संस्थानसँग ठूलो प्रेक्षालय, सानो प्रेक्षालय, सेमिनार प्रेक्षालय र अभ्यासका लागि सम्बन्धित कक्षहरु रहेका छन् । संस्थानले प्रेक्षालयहरु सरकारी एवम् गैरसरकारी संघसंस्थालाई भाडामा उपलब्ध गराउने गरेको छ । संस्थानको मुख्य ठूलो प्रेक्षालय जसलाई मेगा हल भनेर पनि चिनिन्छ, यसको ७०० सिट भन्दा बढी क्षमता रहेको छ । संस्थानको सानो प्रेक्षालय जसलाई मिनी हल भनेर पनि चिनिन्छ, यसको १०४ सिट भन्दा बढी क्षमता रहेको छ । सेमिनार प्रेक्षालय तथा अभ्यास कक्षमा ५० भन्दा बढी क्षमता रहेको छ । संस्थानको प्रधान कार्यालय कामपा वडा नं २७ जमलमा ५ रोपनी २ आना १ पैसाको क्षेत्रफलमा अवस्थित रहेको छ । समय, परिस्थिति, राज्यको मार्गनिर्देशन, विज्ञान-प्रविधिको विकास, जनचाहना तथा अपेक्षा अनुकुल सांस्कृतिक संस्थान रूपान्तरित भई छिटो-छरितो एवम् प्रभावकारी सेवा प्रवाह गर्ने दायित्व संस्थानले निर्वाह गर्दै आएको छ ।

सांस्कृतिक संस्थानको स्थापना र गठन सञ्चार संस्थान ऐन, २०२८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वि.सं २०२९ साल असार ५ गते भएकोले हरेक वर्ष यसै समयलाई वार्षिकोत्सव मानिन्छ भने सञ्चालक समिति देहाय बमोजिम हुने व्यवस्था रहेको छ :-

(क) अध्यक्ष : नेपाल सरकारबाट नियुक्त

(ख) महाप्रबन्धक : नेपाल सरकारबाट नियुक्त

(ग) सदस्य : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय प्रतिनिधि (उपसचिव)

(घ) सदस्य : अर्थ मन्त्रालय प्रतिनिधि (उपसचिव)

(ङ) सदस्य : नेपाल सरकारबाट नियुक्त

**सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य :**

लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तारणका लागि सांस्कृतिक नवजागरण गराउने तथा राष्ट्रको पहिचानयुक्त लोकसांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनु संस्थानको प्रमुख उद्देश्य रहेको छ ।

**सांस्कृतिक संस्थानको काम, कर्तव्य र अधिकार :**

देहाय बमोजिम संस्थानका काम, कर्तव्य र अधिकार रहेका छन् :-

(क) राष्ट्रियपन भएको लोकसांस्कृतिक कार्यक्रम तयार गरी त्यसको सजीव प्रदर्शनद्वारा जनसाधारणको लागि स्वस्थ मनोरञ्जन उपलब्ध गराउने ।

(ख) नेपालको गौरवशाली संस्कृति र कलात्मक परम्पराको निर्वाह र विकास गर्ने तथा जनताको बौद्धिक आवश्यकता र स्वस्थ मनोरञ्जनको चाहना पूर्ति गर्ने खालको लोकसांस्कृतिक कार्यक्रम तयार गरी नेपाल सरकारको महत्त्वपूर्ण सभा, कार्यक्रम, पर्व, समारोहमा प्रदर्शन गर्ने ।

(ग) सांस्कृतिक कार्यक्रमको योजना, निर्माण र प्रदर्शनमा व्यावसायिक दृष्टिकोण अपनाउने ।

(घ) सांस्कृतिक कार्यक्रमको लागि पटकथा, रङ्गमञ्च, कलाकार आदिको व्यवस्था गर्ने ।

(ङ) नेपालको मौलिक लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमका विविध नीति तथा कार्यक्रम तय गर्ने ।

(च) जागरण कार्यक्रम मार्फत सामाजिक तथा सांस्कृतिक रूपान्तरण सहित नयाँ संस्कृति निर्माणमा जोड दिने ।

(छ) देशभरका लोकसंस्कृतिकर्मी एवम् लोककलाकारलाई चलायमान बनाउने ।

(ज) लोकगायन, लोकवादन, लोकनृत्य तथा लोकनाट्य अभिनय लगायतका विभिन्न विधामा प्रशिक्षण दिने ।

(झ) लोकसंस्कृतिको खोज, अनुसन्धान, संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवम् दस्तावेजीकरण गर्ने तथा प्रदर्शनी गर्ने ।

(ञ) नेपाली लोकसंस्कृतिको जगेर्ना गर्दै नेपालको पहिचान तथा अस्तित्वको रक्षा गर्ने ।

(ट) नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकसँग संस्कृति आदानप्रदान कार्यक्रम गर्ने ।

(ठ) लोकगीत, लोकवाद्य, लोकनृत्य र लोकनाटकको विकास गर्ने प्रस्तुतिका माध्यमद्वारा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्र नेपाल र नेपालीहरूका बीचमा संस्कृतिको माध्यमबाट सद्भाव, एकता, राष्ट्रियता, समानता तथा समावेशीताको भावना विकास गर्ने ।

(ड) संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक पर्यटन एवम् सांस्कृतिक उद्योगको रूपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने ।

(ढ) सभ्य समाज निर्माणका लागि सांस्कृतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने लोक संस्कृति, परम्परागत संस्कृति, जागरण संस्कृति, श्रम संस्कृति, प्रगतिशील संस्कृति जस्ता संस्कृतिको अस्तित्वलाई अङ्गीकार गर्दै नेपालको संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुसारको नयाँ संस्कृति निर्माण गर्ने ।

(ण) डिजिटल युगसँगै लोकगीत, लोकवाद्य, लोकनृत्य, लोकनाटक र समग्र लोकसंस्कृतिमा देखिएको विकृति, विसङ्गतिले नेपालको पहिचान र अस्तित्व नै सत्तमा पर्ने खतरा बढेकाले त्यसको रोकथाम गर्न प्रचलित कानुन अनुसार कामकारबाही गनुका साथै सरोकारवाला संघसंस्था एवम् निकायलाई नियमन तथा अनुगमन गर्ने ।

(त) विभिन्न जातिको पहिचानयुक्त अमूर्त/अभौतिक लोकसंस्कृतिको खोज-अनुसन्धान गरी दस्तावेजीकरण गर्नुका साथै विश्व सांस्कृतिक सम्पदामा सूचीकरणका लागि पहल गर्ने ।

(थ) नेपाली संस्कृतिमा योगदान पुऱ्याउने संस्कृतिविद्, कलाकार, साहित्यकार एवम् समग्र श्रष्टालाई राष्ट्रिय सम्मानका कार्यक्रम गर्ने ।

(द) कलाकार प्रमाणीकरण सम्बन्धी कार्य गर्ने ।

(ध) गायन, वादन, नृत्य, नाटक तथा समग्र संस्कृति सम्बन्धी प्रतियोगितात्मक कार्यक्रम गर्ने ।

## संस्थानले प्रदान गर्ने अन्य सेवाहरु :

देहाय बमोजिम संस्थानले प्रदान गर्ने अन्य सेवाहरु रहेका छन् :-

(क) प्रेक्षालय (हल) सेवा,

(ख) कला प्रशिक्षण कार्यक्रम,

(ग) कलाकार प्रमाणीकरण,

(घ) सांस्कृतिक नवजागरण गराई सातै प्रदेशको प्रतिनिधित्व हुने गरी राष्ट्रको पहिचानयुक्त सांस्कृतिक कार्यक्रम मार्फत सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन प्रदान,

(ङ) राष्ट्रको पहिचानयुक्त लोकगीत, लोकधून, लोकनृत्य र लोकनाटक समेटिएको मौलिक कार्यक्रम उत्पादन, प्रदर्शन तथा सांस्कृतिक पर्यटनको आधार निर्माण,

(च) मिथकीय तथा पाठ्यक्रममा आधारित नाटक, उपन्यास, कथा, एकाङ्की तथा काव्यलाई नाट्य रूपान्तरण सहित नाटक मञ्चन,

(छ) देशैभरी जनचेतनामूलक जागरण सांस्कृतिक अभियान,

(ज) नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका महत्त्वर्ण पर्व, सभा, समारोह, उत्सव तथा विशेष कार्यक्रमहरूमा राष्ट्रको पहिचानयुक्त लोकसांस्कृतिक कार्यक्रम प्रदर्शन,

(झ) संस्कृति सम्बन्धी अडियो, भिडियो, टेली श्रृङ्खला, नाटक, वृत्तचित्र तथा समग्र सांस्कृतिक गतिविधिमूलक श्रव्यदृश्य निर्माण,

(ञ) लोकसंस्कृतिको खोज-अनुसन्धान एवम् दस्तावेजीकरण सहित संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवम् पुस्तान्तरणका लागि सैद्धान्तिक तथा व्यावहारिक आधार निर्माण आदि ।

## संस्थानका सेवाहरू :

अ) कलाकार सेवा

आ) प्रशासन सेवा

कलाकार सेवा र प्रशासन सेवा अन्तर्गतका महाशाखा तथा शाखाहरु :

(क) कलाकार महाशाखा :

१. कार्यक्रम तथा योजना महाशाखा
२. गायन शाखा
३. वाद्यवादन शाखा
४. नृत्य शाखा
५. नाटक शाखा
६. श्रव्यदृश्य शाखा

(ख) प्रशासन महाशाखा :

१. प्रशासन शाखा
२. लेखा शाखा
३. हल शाखा
४. भण्डार शाखा
५. अभिलेख शाखा
६. बजार व्यवस्थापन शाखा

# अध्यक्षज्यूको भनाई




हरेक सफलताहरू स-साना सोंच, कदम र योजनाबाट नै प्राप्त हुने कुरा निर्विवाद छ । उचित व्यवस्थापन र धैर्यताका साथ कार्य निर्वाहबाट मात्र सफलता सुनिश्चित हुन्छ । यस परिणामको लागि नेतृत्वको जिम्मेवारीपूर्ण भूमिका निर्वाह र संलग्न कर्मचारी, कलाकार र प्राविधिकहरूको इमान्दारीतापूर्ण कार्य सम्पादनले मात्र सम्भव हुन्छ । संस्थानको हितका खातिर तत्कालीन सरकारले हामीमाथि जुन विश्वासका साथ नियुक्ति दिइ सांस्कृतिक संस्थानको ऐतिहासिक उचाइँ र गरिमालाई सबल तुल्याउन जिम्मेवारी दिइएको थियो, यस कार्यको लागि तत्कालीन सरकारप्रति हार्दिक आभार भन्नै पर्दछ । यससँगै वर्तमान संरकारको साथ सहयोगप्रति हार्दिक धन्यवाद छ ।

जिम्मेवारी पाउनु मुख्य कार्य हुँदै हो, त्यसमाथि जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै कार्य प्रगतिलाई उचाइमा पुर्‍याउन दोस्रो चुनौति छदैँछ । नियुक्तिको प्रथम मकसद यही क्रममा सावित हुने हो । यही सत्यलाई नजरान्दज गर्दै नयाँ समितिले फड्को मार्नु आवश्यक थियो, आवश्यक छ र हुनेछ । यसलाई सार्थक बनाउन रणनीति, कार्यनीति र कुटनीतिक तवरबाट योजना बनाउनु आवश्यक थियो । यस सन्दर्भमा सांस्कृतिक संस्थानको योजना निर्माण गर्नु पूर्व संस्थानको वास्तविक अवस्था, यहाँभित्र निहित कमी कमजोरी पक्षहरू, संस्थानको सबल पक्षहरू साथै सुधार गर्नु पर्ने पक्षहरू बारेमा पहिचान गर्न आवश्यक थियो नै । यी पक्षहरूको पहिचानपछि मात्र व्यवस्थित योजना बनाउन सम्भव थियो । त्यसैले यी पक्षहरूको गहन अध्ययन, विमर्श र विश्लेषण गर्दै कार्य योजना, कार्यनीति बनाइ कार्यान्वनमा लागेको पनि पत्तै नपाइ एक वर्ष बितेछ ।

कामको प्रारम्भ र निरन्तरतासँगै परिणाम मूल्याङ्कनको पनि त्यतिकै जरूरी हुन्छ । यस कार्यले कामको परिणाम, प्रभावकारीता, कमीकमजोरी र सुधारका पक्षहरूको उजागर गर्दछ । परिणामतः आगामी दिनमा अवलम्वन गर्नु पर्ने मार्गहरूको सुनिश्चितता गर्दछ । आगामी दिनमा छलाङ मार्न कार्यको लागि सहजता सिर्जना हुन पुग्दछ । यही सन्दर्भमा सांस्कृतिक संस्थानको नयाँ कार्य समितिको वर्षगाँठ पुगेको अवसरमा वार्षिक कार्यप्रगतिलाई आम देशवासी सामु सम्प्रेषण गर्ने आँट गरेको छ, यो आफैंमा गौरन्वान्वित कार्य हो भन्दा फरक नपर्ला । यो कार्य एकातिर पारदर्शिताको एक माध्यम हो भने अर्कोतिर संस्थानको गतिविधि साथै प्रगति बारेमा नागरिकहरूलाई सुसूचित गराउने कार्य पनि हो । यसर्थमा पनि कार्य प्रगति विवरण प्रस्तुत गर्नुको अर्थ रहेको छ ।

संस्थानले बजेट न्यूनताको परिवेशमा पनि मितव्ययिताका साथ जुन कार्यहरू सम्पन्न गरेको छ, जुन पक्कै पनि सहज वातावरणमा सम्पन्न भएका थिएनन् । तथापी केही प्रगति भएको छ र भविष्यमा पनि हुँदै जाने नै छ । यस प्रयासको लागि संस्थान समितिको नीतिगत प्रयास, संस्थानको महाप्रवन्धकको दुरदर्शिता र कार्यकुशलता साथै संस्थानका कर्मचारी तथा कलाकारहरू सबैको सामूहिक जिम्मेवारी निर्वाहले सम्भव भएको छ । यस कार्य प्रगति प्रस्तुतिले संस्थान परिवारलाई आ-आफ्नो पदीय जिम्मेवारी बोध गराएको छ भने आगमी दिनमा अझ गर्विलो प्रगति गर्नको लागि आत्मविश्वास प्रदान गरेको छ । आत्मविश्वासले नै कर्तालाई काम गर्न र प्रगति प्राप्त गर्न उद्यत गर्दछ ।

वर्षौं अगाडिको सोंचलाई योजना र अथक मेहेनतका साथ गरिएको कार्यको परिणामले सर्वप्रथम पहिलोपटक सन् १९६९ जुलाई २० का दिन चन्द्र धरातलमा पाइला राख्न निल आर्मस्टङ सफल भएका थिए । चन्द्र धरातलमा पाइला राख्दै गर्दा उनले भनेका थिए "यो मानवको लागि एक सानो पाइला हो, तर मानव जगतको लागि भने यो एक विशाल कदम हो ।" यही भनाइसँग यस कार्य प्रगति विवरणले तादाम्यता राख्दै प्रथम सानो पाइला र संस्थानको जीवन इतिहासमा विशाल उपलब्धिको सङ्केत गरेको छ भन्ने विश्वास रहेको छ ।


अन्त्यमा यस कार्य प्रगति विवरणले सांस्कृतिक संस्थान परिवारलाई उर्जा प्रदान गर्ने विश्वास गर्दै समितिका सदस्यज्यूहरू, महाप्रवन्धकज्यू साथै संस्थानका कर्मचारी र कलाकारज्यूहरू सबैमा हार्दिक धन्यवादका साथ शुभकामना व्यक्त गर्दछु ।

**चन्द्रकुमार राई 'हतुवाली'**
अध्यक्ष
सांस्कृतिक संस्थान

# महाप्रबन्धकज्यूको विचार एवम् अवधारणा

तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यू नेतृत्वको सरकार एवम् तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री सुदन किरातीज्यूको कार्यकालमा मिति २०८० साल माघ ३ गतेको मन्त्रिपरिषद्को निर्णयबाट नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानको महाप्रबन्धक जस्तो गरिमामय पदमा नियुक्त भई मिति २०८० साल माघ ८ गते पदभार ग्रहण गर्न पाएको क्षण मेरो लागि जीवनकै अविस्मरणीय क्षणका रूपमा मानसपटलमा सदा रहिरहनेछ । यस अवसरमा मलाई नियुक्त गर्नु हुने नेपाल सरकार, तत्कालीन सम्माननीय प्रधानमन्त्रीज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू, नियुक्तिका लागि विशेष पहल गर्नु हुने आदरणीय व्यक्तित्वहरु साथै सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक आभार सहित नमन व्यक्त गर्दछु ।

संस्कृति जस्तो संवेदनशील विषय कुनै पनि राष्ट्रको पहिचान र अस्तित्वसँग जोडिएको हुन्छ । संस्कृतिको रक्षार्थ स्थापित संस्थानमा पदभार ग्रहण गरे सँगै सुशासनलाई प्रमुख प्राथमिकता दिँदै, संस्थानमा भएका विकृति, बेथिति तथा कुसंस्कारलाई चिरफार गर्दै नैतिक शिक्षा लागू गर्ने प्रयास भइरहेको छ । संस्थानको दीर्घकालीन हित सम्बन्धी नीति तथा कार्यक्रम निर्माण गर्दै अगाडि बढ्ने प्रयास निरन्तर चलिरहेको छ । मलाई लाग्छ, कि समृद्ध राष्ट्र नेपालको परिकल्पनालाई सार्थकताको स्वरूपमा बदल्नका लागि सबैभन्दा पहिले मानवीय संकीर्ण सोचलाई परिवर्तन अपरिहार्य छ । जब सम्म नेपाली समाजमा संकीर्णताले कुण्ठित सोचलाई फराकिलो बनाई सकारात्मक चिन्तनको विकास गर्न सकिँदैन तब सम्म समृद्ध राष्ट्रको परिकल्पना एक मिथकीय कथा जस्तै सपनामै सीमित हुनेछ । डिजिटल युग सँगै नेपाली समाजमा चिन्तनमा ह्रास हुँदै गएको छ । समाजमा सभ्य संस्कृति सम्प्रेषण गरी सकारात्मक चिन्तन मननको विकास र संस्थानको दीर्घकालीन समृद्धिको दिशा बोध गर्ने नीति तथा कार्यक्रम निर्माण गरी लागू गर्नु मेरो प्रमुख प्राथमिकता हुनेछ । सर्वप्रथम त संस्कृति प्रतिको चिन्तन संस्थानदेखि राज्यस्तरबाटै फराकिलो बनाउनु पर्ने आवश्यकता छ । त्यसका लागि संस्कृतिको गरिमा बारे स्पष्ट हुन जरूरत देखिन्छ ।



“संस्कृति” भन्नाले यहाँ सामान्य रूपमा बुझ्ने चिन्तन हुनु, अझै भन्ने हो भने संस्कृति







भन्नु नाचगान मात्रै हो भन्ने सामान्य चिन्तन हुनु नै दुःखद पक्ष हो । वास्तवमा नेपाली समाजलाई संस्कृति भनेको के हो ? भन्ने बारे स्पष्ट रूपमा सोच निर्माण गर्नु आवश्यकता छ । संस्कृति भनेको स्वभाव, सोच, विचार, चिन्तन, कला, भाषा, साहित्य, सङ्गीत, नाटक, गुण, इतिहास, धर्म, कर्म, सभ्यता, दर्शन, रीतिरिवाज, परम्परा, चाडपर्व, उत्सव, मेला-जात्रा, मूल्य-मान्यता, व्रतबन्ध, ललितकला, सीप, ज्ञान, आनीबानी, चरित्र, शैली, आचरण, व्यवहार, आस्था, विश्वास, श्रद्धा, धारणा, संस्कार, शिष्टाचार, अनुशासन, आदरसत्कार, लक्षण, भेषभूषा, खानपान, प्रविधि, वास्तुशास्त्र, शास्त्रीय पद्धति, नैतिक पद्धति, जीवन पद्धति लगायत मानवका जन्म देखि मृत्यु पर्यन्त सम्पूर्ण क्रियाकलापहरूको एकमुष्ट रूप हो । तसर्थ संस्कृति समग्र रूपमा हरेक राष्ट्र र त्यस राष्ट्रका सम्पूर्ण मानिसहरूको अस्तित्व हो । संस्कृति नरहे कुनै पनि राष्ट्र रहँदैन, राष्ट्र नरहे मानव जातिको अस्तित्व समापन हुन्छ । त्यसैले संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणमा राज्यका संस्कृति सम्बन्धी सम्पूर्ण निकायहरू गम्भीर भएर जिम्मेवारी वहन गर्नु अपरिहार्य छ ।

संस्कृतिले नै हरमानवलाई सुसंस्कृत ढंगले बाँधेको हुन्छ । नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त देशमा संस्कृतिले नै सबै जनमनलाई राष्ट्रिय एकतामा बाँधेको छ । एक आमाले सन्ततीलाई जन्म देखि मुत्यु सम्मका हरेक क्रियाकलापहरु सभ्य ढंगले निर्वाह गर्ने संस्कृति प्रदान गर्छिन् । तसर्थ संस्कृतिको मुहान भन्नु नै आमा हुन् । राष्ट्रियताको दृष्टिकोणबाट भन्ने हो भने संस्कृति भन्नु नै नेपाल आमा हुन्, त्यसैले संस्कृतिको उपेक्षा गर्नु भनेको नेपाल आमाको अपमान गर्नु हो । नेपाल आमाको अस्तित्व संस्कृतिलाई संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्न स्थापनाकालदेखि हालसम्म निरन्तर प्रतिवद्ध रहेको संस्थानको रक्षा गर्नु नेपाल सरकारको दायित्व हो । संस्कृति प्रतिको चिन्तन र दृष्टिकोण राज्यस्तरबाटै फराकिलो बनाई संस्कृति जस्तो संवेदनशील विषयलाई संरक्षणका लागि सर्वप्रथम संकीर्ण सोचलाई बदल्नु अपरिहार्य छ ।

नेपालको पहिचानयुक्त लोकसंस्कृतिलाई प्रदर्शनीका माध्यमबाट संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण, सूचीकरण एवम् पुस्तान्तरण गर्ने उद्देश्यका साथ वि.सं. २०१६ सालमा अवधारणा निर्माण गरी वि.सं. २०१८ सालमा राष्ट्रिय नाचघरको रूपमा स्थापित तथा वि.सं. २०२९ सालमा परिष्कृत नाम सहित सांस्कृतिक संस्थानको रूपमा स्थापित नेपाल सरकारको संस्कृति प्रदर्शनी सम्बन्धी एकमात्र ज्येष्ठ ६५ वर्षीय सांस्कृतिक विरासत कायम राख्न सफल संस्थानलाई उद्देश्य केन्द्रित रही नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने विषयमा वर्तमान नेतृत्व प्रतिबद्ध छ । सांस्कृतिक संस्थानलाई गम्भीरतापूर्वक चिन्तन गरिनु पर्ने बेला भएको छ । राष्ट्रिय नाचघर देखि सांस्कृतिक संस्थान सम्मको सांस्कृतिक विरासतलाई बचाउन राज्यले गम्भीर भएर सोच्नु पर्ने बेला

भएको छ । संस्थानको प्रमुख समस्या नेपालको अस्तित्व संस्कृति संरक्षण गर्ने निकाय नै संस्थानको भवन निर्माणार्थ नेपाल सरकार बाट अनिवार्य प्राप्त हुनु पर्ने अनुदान रकम त्रुटिपूर्ण एवम् अकल्पनीय ढंगले ऋण हुन गएकोले ऋणको कारण मृत्युशैयामा रहन विवश छ । मिति २०५७/११/०४ को सचिवस्तरीय निर्णयानुसार बजेटका नाममा संस्थानलाई प्राप्त हुने अवकाश प्राप्त कर्मचारीले प्राप्त गर्ने नेपाल सरकारको अनिवार्य दायित्व अन्तर्गतको उपदान रकम समेत कट्टा गरी रू. १ करोड ५० लाख त्रुटिपूर्ण एवम् अकल्पनीय ढंगले ऋणमा परिणत गरिएको दिन नै संस्थानको लागि कालो दिन हुन गयो । सो रकम बाट सुरू भएको त्रुटिपूर्ण ऋण आज साँवा, व्याज, व्याजको स्याज हुँदै ४० करोड नाघि सकेको छ । यस्तो परिस्थितिमा संस्थानले संस्कृति संरक्षण कसरी गर्न सक्छ ? आफै मृत्युशैयामा रहेको निकायले संस्कृति जस्तो संवेदनशील विषयको संरक्षण गर्न सक्छ र ? नेपाल सरकारको पूर्ण स्वामित्व भएको निकायमा सरकार आफै साहु आफै ऋणी हुन सक्छ र ? यी र यस्तै गम्भीर प्रश्नहरुको जवाफ संस्थानले खोजिरहेछ । नेपाल सरकार बाट संस्थानलाई न त कर्मचारीको सेवा-सुविधा प्राप्त हुन्छ, न त नीति तथा कार्यक्रमका लागि कुनै बजेट नै प्राप्त हुन्छ । उपदानका लागि झिनो रकम मात्रै नेपाल सरकार बाट प्राप्त हुँदा अवकाश प्राप्त कर्मचारीलाई उपदान समेत संस्थानले प्रदान गर्न सकेको छैन । आज अवकाश प्राप्त कर्मचारीको उपदान दायित्व समेत आ.व.८१/८२ भरी १० करोड पुग्ने अनुमान गरिएको छ । अवकाश प्राप्त कर्मचारीलाई उपदान प्रदान गर्न नसक्दा आज सम्बन्धित कर्मचारीको पारिवारिक विचलन समेत आउने गम्भीर समस्या देखा परेकोले नेपाल सरकार समक्ष यथाशीघ्र पुरा उपदान दायित्व व्यवस्था गरिदिन संस्थान जोडदार माग गर्दछ । संस्थानले प्रेक्षालयको आम्दानी बाटै कर्मचारीको तलब भत्ता सुविधा देखि नीति तथा कार्यक्रमका लागि जेनतेन पुऱ्याउनु पर्ने हुन्छ । यस्तो विषम परिस्थितिमा संस्थानले नेपाल सरकारलाई अझै भन्नु पर्दा आफूले आफैलाई त्रुटिपूर्ण ढंगले व्याजको स्याज सहितको ऋण कसरी तिर्न सक्छ ? संस्कृति बाटै उत्पादनमूलक क्रियाकलाप बाट कर्मचारीको सेवा, सुविधा, नीति तथा कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको संस्थानलाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखी समस्याको निकास दिनु अपरिहार्य छ । तसर्थ हामी चाहन्छौं, नेपाल सरकार बाट गम्भीरतापूर्वक मनन गरी संस्थानको त्रुटिपूर्ण ऋणलाई यथाशीघ्र अनुदानकै रूपमा परिणत गर्नु वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेकोले सरकारकै शेयरमा परिणत गर्नु वा ऋण मिनाहा गर्नु अत्यावश्यक छ ।

संस्थानको अर्को प्रमुख समस्या छुट्टै ऐन नहुनु पनि हो । सञ्चार संस्थान ऐन २०२८ अनुसार गठन भएको संस्थान सोही अनुरूप विनियमावली निर्माण गरी क्रियाकलाप सञ्चालन गर्नु पर्ने हुँदा संस्कृतिको मूल मर्म अनुसारको क्रियाकलाप सञ्चालन गर्न नैतिक आधार स्पष्ट छैन । तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भए तापनि संस्थानको स्थापना सञ्चार ऐन अनुसार भएकाले विभिन्न नीतिगत समस्या संस्थानले बेहोर्दै आएको छ । यसको असर मन्त्रालयको समेत दोहोरोपना हुने समस्या पनि खेप्नु पर्ने बाध्यात्मक परिस्थिति सामना गर्नु परेको छ । तसर्थ संस्कृतिको मूल मर्म अनुसारको छुट्टै ऐन निर्माण हुनु अपरिहार्य छ ।

नेपालको अस्तित्व संस्कृतिलाई जुगौंजुग सम्म पुस्तान्तरण गर्नका लागि नेपाल सरकारको संस्कृति सम्बन्धी एक मात्र पुरानो निकाय राष्ट्रिय नाचघर देखि सांस्कृतिक संस्थान (वि.सं २०१६-वि.सं २०८१) सम्म ६५ वर्षीय इतिहास बोकेको संस्थानलाई तुरून्तै नाम परिमार्जन गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको **संस्कृति विभाग**का रूपमा क्षेत्राधिकार दिई संस्कृति सम्बन्धी सम्पूर्ण नीतिगत एवम् संस्कृति प्रवर्द्धन सम्बन्धी कार्य गर्ने प्रमुख निकायका रूपमा विस्तार गर्न सक्ने हो भने संस्कृतिबाटै समृद्धि शत प्रतिशत सम्भव छ । स्मरण रहोस् तत्कालीन अवस्थामा राष्ट्रिय नाचघर नेपाल सरकारको सांस्कृतिक विभाग अन्तर्गत थियो ।

आफैमा एक पहिचान निर्माण गरिसकेको नेपाल सरकारको सांस्कृतिक विभाग अन्तर्गतको "राष्ट्रिय नाचघर" लाई राष्ट्रिय नाचघर नै नाम रहने गरी, समग्र संस्कृतिको विकास गर्ने उद्देश्य थप गरी, पुनः गठन गरिएको भए बरू न्यायोचित हुने थियो तर संस्कृतिलाई बेचबिखनको भाष्य अङ्गीकार हुने गरी "संस्थान" थप गरी नाम परिष्कृत हुनु र सोही अनुसार राज्य बाट दृष्टिकोण राखिनु दुःखद पक्ष हो । किनकी संस्कृति जस्तो नेपाल र नेपालीको अस्तित्वसँग जोडिएको विषय बेचबिखनको विषय होइन, संरक्षणको विषय हो, हुनैपर्छ । संस्थानको रूपमा नाम परिष्कृत नहुनु थियो भयो, भइसके पछि संस्थानलाई संस्कृति संरक्षण र संस्कृति उत्पादन (कला, ज्ञान, सीप उत्पादन) को निकायका रूपमा विकास गरी सोही बमोजिम संरक्षण तथा विकास गरिनु पर्थ्यो । तर अपसोच आज संस्कृतिको निकायलाई संस्थान (Corporation) बनाउँदा व्यावसायिक प्रयोजनको लागि

संस्कृतिलाई प्रयोग गरिने एवम् संस्कृति बेचबिखनको निकाय जस्तो कहाली लाग्दो पगरी (Tag) टाँसो लागेको छ । संस्कृति संरक्षणका लागि संस्कृति सम्बन्धी निकायलाई नेपाल सरकार बाट न्यायोचित गठन, उद्देश्य, काम, कर्तव्य र जिम्मेवारी प्रदान गरिनु पर्छ । त्यसैले सांस्कृतिक संस्थानलाई संस्थान (Corporation) बाट तुरुन्तै नाम परिमार्जन गरी नेपाल सरकारको संस्कृति सम्बन्धी प्रमुख निकायका रूपमा संस्कृति विभाग वा राष्ट्रिय नाचघरकै रूपमा पुनःस्थापना वा संस्कृति संरक्षण केन्द्र वा अन्य सुशोभित नाम सहित संस्कृति सम्बन्धी नीतिगत एवम् संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने निकायका रूपमा क्षेत्राधिकार दिई गठन गर्नै पर्ने अत्यावश्यक छ ।

नेपालको अस्तित्व लोकसंस्कृतिलाई सिर्जनशील एवम् रचनात्मक ढंगले संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्नु आजको आवश्यकता हो । राज्यका संस्कृति सम्बन्धी स्थापना भएका निकायहरूले लोकसंस्कृतिलाई संरक्षण सहित सभ्य समाज निर्माणका लागि नयाँ संस्कृति निर्माणको आधार दिशा बोध गर्नु प्रमुख दायित्व हो । नेपाल सरकारको ६५ वर्षीय सांस्कृतिक विरासत कायम राख्न सफल संस्कृति प्रदर्शनी सम्बन्धी एकमात्र आधिकारिक एवम् ज्येष्ठ निकाय सांस्कृतिक संस्थानको मुख्य अभिभारा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुरूप सात प्रदेशका लोपोन्मुख लोकसंस्कृतिलाई सांस्कृतिक कार्यक्रम मार्फत प्रदर्शनी गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि नवजागरण गराउँदै संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण, सूचीकरण सहित पुस्तान्तरण गराउनु हो । लोपोन्मुख लोकसंस्कृतिलाई सिर्जनशील एवम् रचनात्मक ढंगले समाजमा सम्प्रेषण गरी संस्कृति संरक्षण तथा पुस्तान्तरण गर्नु आफैमा चुनौतीपूर्ण क्रियाकलाप हो । यसका लागि सांस्कृतिक संस्थानमा कार्यरत जनशक्ति सभ्य, सुसंस्कृत, लगनशील, कर्तव्यनिष्ठ, कलायुक्त, क्षमतायुक्त एवम् समग्र लोकसंस्कृति सम्बन्धी सर्वाङ्गीण पक्षमा निपुण हुन अत्यावश्यक छ । संस्थानमा कार्यरत कलाकार सेवा र प्रशासन सेवाका कर्मचारीहरूमा सामूहिकता, सहकार्यता र निकायगत उद्देश्य अनुरूपको कार्यप्रकृतिलाई विशेष मध्यनजर गर्दै एक-अर्काको अस्तित्वलाई स्वीकार्दै जिम्मेवारी वहन गर्नु पर्ने जरूरत छ । त्यसमा पनि कलाकार सेवामा कार्यरत कर्मचारीहरूमा नेपालको अस्तित्व लोकसंस्कृतिलाई न्यायोचित रूपमा प्रदर्शन गर्ने, चिन्तन मनन गर्ने क्षमता अनिवार्य हुनै पर्छ ।

संस्कृतिलाई कलाको माध्यमबाट नवजागरण गर्नु आफैमा

> ***भनिन्छ, कला नभएको मानव, मानव हुन सक्दैन । यसै पनि संस्कृति आफैमा संवेदनशील र व्यापक अर्थ बोकेको विषय हो ।***

निकै चुनौतीपूर्ण कार्य हो । भनिन्छ, कला नभएको मानव, मानव हुन सक्दैन । यसै पनि संस्कृति आफैमा संवेदनशील र व्यापक अर्थ बोकेको विषय हो । त्यसैमा संस्कृति भित्रको कला भन्ने विषय आफैमा ओजपूर्ण संवेदनशील पक्ष हो । "कला" भन्नाले मानवको विभिन्न व्यवहार, सोच, विचार, भावना, काल्पनिक शक्ति, क्षमता, सीप तथा बौद्धिकताबाट उत्पन्न हुने सिर्जनशील एवम् रचनात्मक अभिव्यक्ति हो । कला अलौकिक एवम् अद्भुत शक्तिका रूपमा सौन्दर्यमय, आनन्दमय, अमृतमय तथा सुखमय क्षणको एक द्योतक पनि हो । हरेक मानवमा जन्म देखि मृत्यु सम्मका विभिन्न क्रियाकलाप मध्ये कुनै न कुनै कला हुन्छ नै तर कला भित्रको उच्चकोटिको कला मध्ये संगीत (गायन, वादन, नृत्य) तथा नाट्य अभिनयलाई पनि मानिन्छ । ठूलो त्याग र साधना पछि प्राप्त हुने संगीत तथा नाट्य अभिनय सम्बन्धी कला जो कोही मानवमा हुन सक्दैन । यस किसिमको कला हुने मानवले शत प्रतिशत न्यायोचित हुने गरी सम्बन्धित विधालाई प्रदर्शन गर्न सक्नु पर्छ ।

अद्भुत क्षमता, बौद्धिकता, कौशलता र रचनात्मक क्रियाकलापद्वारा विभिन्न कला अभिव्यक्त गर्ने लोकोत्तर प्राणी नै कलाकार हो । कलाकार भन्नाले सामान्यतः संगीत (गायन, वादन, नृत्य) तथा नाट्य सम्बन्धी कला भएको व्यक्तिलाई चित्रण गरिन्छ । तर कलाकारको परिभाषा यतिमा मात्रै सीमित हुँदैन । कलाकार भन्नाले जो सँग मानव जीवनका जन्म देखि मृत्यु पर्यन्त विविध क्रियाकलाप मध्ये कुनै न कुनै क्रियाकलाप सम्बन्धी कला, ज्ञान तथा सीप भएको सिर्जनशील क्षमता हुन्छ, त्यही नै कलाकार हो । अझै सजिलो तरिकाले भन्नु पर्दा जो सँग सभ्य संस्कृति सम्प्रेषण गर्ने क्षमता हुन्छ, त्यही नै कलाकार हो । जन्म देखि मृत्यु सम्मका मानवीय क्रियाकलापलाई सिर्जनशील तथा रचनात्मक ढंगले अभिव्यक्त गर्ने जो कोही व्यक्ति, साहित्यकार, रचनाकार, चित्रकार, आभूषणकार, सङ्गीतकार, मूर्तिकार, शिल्पकार, अभिनेता आदि तथा संस्कृतिलाई आफ्नो कला, सीप र ज्ञानको माध्यमबाट सभ्य रूपमा समाजमा सम्प्रेषण गर्न सक्ने व्यक्तिलाई नै कलाकारको उपमा दिँदा सुशोभित हुन्छ ।

देशको लागि कलाकार भनेको त्यस्तो व्यक्ति हो, जसले

देशको अस्तित्व संस्कृति प्रति आफ्नो योगदान दिएको हुन्छ । विश्वभरीका देशमा कलाकारलाई राष्ट्रिय कलाकार भनेर सम्बोधन गरिन्छ, यसको अर्थ गहिरो एवम् सही तवरले व्याख्या गरिनु पर्छ । हर राष्ट्रको राष्ट्रिय पहिचान तथा अस्तित्व भनेको संस्कृति हो । राष्ट्रिय पहिचान तथा अस्तित्व संस्कृतिलाई संरक्षणको अभिभारा बोकेको तथा सभ्य संस्कृति समाजमा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणको मुख्य अभिभारा बोकेको कलाकार नै राष्ट्रिय कलाकार हो, राष्ट्रको प्रमुख अंग हो । कुनै पनि राष्ट्रको संस्कृति नरहे त्यो राष्ट्र रहँदैन । त्यसैले राज्यले गम्भीरतापूर्वक मनन गर्नु पर्छ कि राष्ट्रको अस्तित्व संस्कृति बचाउने मुख्य अभिभारा बोकेको कलाकार नरहे संस्कृति अभिव्यक्त हुन सक्दैन, संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण हुन सक्दैन । तसर्थ राष्ट्रिय अस्तित्व संस्कृति बचाउनका लागि कलाकारको संरक्षण अपरिहार्य छ । कलाकार मरेर गए पनि उसका कृतिहरु सभ्य संस्कृति समाजमा सम्प्रेषण गर्नका लागि, समाज जागरण र सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि अजर अमर रहिरहन्छन् । कलाकार हरूलाई राष्ट्रिय कलाकार भनेर नाम मात्रको सम्मान तर सोचमा भने उपभोग्य साधन गहना सम्झने कुप्रथा अन्त्य हुनु पर्छ । राष्ट्रिय कलाकार भन्ने शब्दको गरिमा ओजलाई गम्भीरतापूर्वक चिन्तन मनन गरेर राष्ट्रको प्रमुख अंगको रूपमा कलाकारलाई राज्यले घोषणा गर्नु पर्छ । संस्कृतिलाई कलाको माध्यमबाट जागरणमूलक सन्देश स्वरूप समाजमा सम्प्रेषण गरी सभ्य समृद्ध राष्ट्र निर्माणमा विशेष भूमिका निर्वाह गर्ने सिर्जनशील प्राणी कलाकार संरक्षण गर्न सके मात्र संस्कृतिबाटै समृद्ध राष्ट्रको सम्भव हुन्छ ।

कलाकारले पनि कलाकारको अभिभारा, काम, कर्तव्य, जिम्मेवारी बोध गर्न सक्नु पर्छ । त्यस माथि संस्कृति सम्बन्धी नेपाल सरकारको ज्येष्ठ निकाय सांस्कृतिक संस्थानमा आवद्ध कलाकार कर्मचारी एवम् सम्पूर्ण कर्मचारी कर्तव्यनिष्ठ हुनै पर्छ । नेपालको अस्तित्व संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणको लागि सिर्जनशील बौद्धिकता सहित सभ्य संस्कृति समाजमा सम्प्रेषण गर्ने राष्ट्रिय अभिभारा प्राप्त संस्थानका कर्मचारी सभ्य, संवेदनशील एवम् संस्कृतिमय हुनु पर्छ । यति महान् अभिभारा पाए पछि यसलाई पुरा गर्नु आफैमा चुनौतीपूर्ण छ । संस्कृति जस्तो संवेदनशील विषयमा संयमित भएर कर्मचारीहरूले आफ्नो नैतिक जिम्मेवारी कर्तव्यनिष्ठ भई निर्वाह गर्न सकेन भने नयाँ पुस्तामाझ सही संस्कृति सम्प्रेषण हुन सक्दैन । जनताका सुख, दुःख,

> ***लोकसंस्कृति, परम्परागत संस्कृति, जनसंस्कृति, श्रम संस्कृति जस्ता संस्कृतिलाई शिरोपर गर्दै नयाँ संस्कृति निर्माणमा विशेष भूमिका निर्वाह गर्नु पर्छ ।***

आरोह-अवरोह एवम् जन्म-मृत्यु पर्यन्त हरेक क्रियाकलापलाई सिर्जनशील कलाको माध्यमबाट प्रस्तुतीकरण गरी नवजागरण पैदा गर्ने संस्थानका कर्मचारी जनप्रिय हुन सक्नु पर्छ, राष्ट्रको अपनत्व गर्न जान्नु पर्छ, राज्यलाई कला, कलाकार र समग्र संस्कृतिको अस्तित्व र औचित्य पुष्टि गरी संस्कृति बारे राज्यलाई गम्भीरतापूर्वक महसुस एवम् कर्तव्य बोध गराउन सक्ने क्षमता हुनु पर्छ ।

संस्थानका कर्मचारीहरूले आफ्नो सिर्जनशील क्रियाकलाप मार्फत सामाजिक सद्भाव तथा राष्ट्रिय एकताका विचारहरु एवम् भावनाहरु अभिव्यक्त गरी देशमा सभ्य संस्कृति निर्माण गरी सम्पूर्ण जनतालाई एकताबद्ध बनाउने सन्देश प्रवाह गर्न सक्नु पर्छ । लोकसंस्कृति, परम्परागत संस्कृति, जनसंस्कृति, श्रम संस्कृति जस्ता संस्कृतिलाई शिरोपर गर्दै नयाँ संस्कृति निर्माणमा विशेष भूमिका निर्वाह गर्नु पर्छ । नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त देशमा एकताको सन्देश प्रवाह गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म सहितको नयाँ संस्कृति निर्माण गर्नु आजको आवश्यकतालाई विशेष चिन्तन मनन गरी यसलाई व्यावहारिक रूपमा अभिव्यक्त गर्नु संस्थानको प्रमुख दायित्व हो ।

आज संस्थान विविध समस्याले ग्रसित भएको छ । नेपाल सरकारबाट संस्थानको नाउँमा अवकाश प्राप्त कर्मचारीले प्राप्त गर्ने उपदानको लागि न्यून बजेट मात्रै प्राप्त हुने प्रावधान बाहेक कर्मचारी सेवा सुविधा तथा अन्य नीति तथा कार्यक्रमका लागि कुनै किसिमको बजेट सम्बोधन नहुँदा पनि संस्थानले आफ्नो उद्देश्य केन्द्रित क्रियाकलाप जेनतेन सञ्चालन गर्दै आएको छ । नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीले प्राप्त गर्ने उपदान नेपाल सरकारबाट सम्बोधन हुन नसक्दा आज संस्थानको उपदान दायित्व नै करोडौं भइसकेको छ । सुशासित तरिकाले हल सञ्चालन भएन भने संस्थानका कर्मचारीको सेवा सुविधा समेत पुऱ्याउन सक्ने आधार रहँदैन । यस्तो परिस्थिमा पनि संस्थानको यथार्थता नबुझी संस्थानलाई उपभोग्य साधन बनाउन विशेष गरी हल छुटका लागि विभिन्न दबाब दिने संकीर्ण सोच भएका मानिसको समेत सामना गर्नु पर्ने

विषम अवस्था रहेको छ । यसका साथै संस्थानको नेतृत्वमा राजनैतिक नियुक्ति हुने भएकाले जो कोही पनि आउन सक्ने भएकोले यसको असर संस्थानको हित, कर्मचारीको वृत्ति विकास तथा समग्र रूपमा राष्ट्रको अस्तित्वसँग जोडिएको विषय संस्कृतिमा परेको छ । हालसम्मको संस्थानको इतिहास हेर्दा संस्कृति सम्बन्धी ज्ञान बोध गर्न सक्ने नेतृत्वको पालामा मात्रै संस्थानमा संस्कृति सम्बन्धी न्यायोचित क्रियाकलाप भएको पाइन्छ । तसर्थ नेपाल सरकारले कम्तीमा संस्कृति सम्बन्धी अध्ययन एवम् अनुभव भएको नेतृत्व मात्रै नियुक्त भई आउन सक्ने वातावरण निर्माण गरिनु अपरिहार्य देखिन्छ ।

नेपाल सरकारका अन्य निकायहरूमा सम्बन्धित निकायको हित र कर्मचारीहरूको वृत्ति विकासलाई विशेष ध्यान दिँदै सके सम्म प्रत्येक आर्थिक वर्षमा, नसके कम्तीमा २/३ वर्षको अन्तरालमा भए पनि स्थायी नियुक्ति खुलाउने प्रणाली रहे तापनि संस्थानमा भने त्यस्तो प्रणाली हुनु त परै जावस् कल्पना भन्दा बाहिरको दयनीय अवस्था रहेको छ । राष्ट्रिय नाचघर देखि सांस्कृतिक संस्थान (वि.सं २०१६-वि.सं २०८१) सम्म ६५ वर्षीय इतिहासमा कम्तीमा पनि ३० औं पटक स्थायी नियुक्ति खुलाई कर्मचारीको वृत्ति विकास सहित दक्ष जनशक्ति व्यवस्थापन गरी संस्थानको उद्देश्य अनुसार क्रियाकलाप सम्पन्न गर्दै सांस्कृतिक संस्थान समृद्ध हुनु पर्थ्यो तर अपसोच हालसम्म जम्मा २ पटक मात्र स्थायी नियुक्ति खुलेको, O&M Survey पनि २ पटक मात्र भएको र संस्थानको O&M Survey पनि निकायगत रूपमा सुशोभित नभएको तथा हालसम्मको इतिहासमा मन्त्रालयबाट स्वीकृत समेत हुन नसकेको दुःखद अवस्था रहेको छ । यसको प्रत्यक्ष असर संस्थानका कर्मचारीको वृत्ति विकासमा पूर्णविराम लागेको छ । त्यति मात्र नभई दक्ष जनशक्तिको अभावका कारण संस्थानको हित अनुरूप क्रियाकलाप सञ्चालन गर्न असम्भव भएको छ । तसर्थ संस्थानको दीर्घकालीन हित र कर्मचारीको वृत्ति विकासलाई मध्यनजर गर्दै संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८१ निर्माण गरी सञ्चालक समितिबाट पारित गरी मन्त्रालयमा पेस गरिएकोले तुरुन्तै स्वीकृत भई सो अनुसार कार्यान्वयन हुन सके संस्थानले कर्मचारीको वृत्ति विकास सहित दक्ष जनशक्ति व्यवस्थापन गरी संस्कृतिलाई उत्पादनमैत्री बनाई संस्कृति बाटै समृद्धिको आधार दिशा बोध गर्न सक्नेछ ।

सांस्कृतिक संस्थानको दीर्घकालीन सोच :

**"संस्कृति + प्रकृति + जनशक्ति = समृद्धि"**

**दीर्घकालीन सोचको संक्षिप्त व्याख्या :** 'संस्कृति, प्रकृति र जनशक्ति' बीच सुन्दर समायोजन गर्न सके मात्र सांस्कृतिक स्रोत, प्राकृतिक स्रोत र मानवीय स्रोतको उचित सदुपयोग हुन पुग्छ । यसबाट संस्कृति र प्रकृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन सहित 'सांस्कृतिक पर्यटन'को विकाससँगै रोजगारीको वातावरण सिर्जना हुनुका साथै आर्थिक समृद्धि सम्भव छ । संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक उत्पादन, सांस्कृतिक पर्यटन र डिजिटल उत्पादन मार्फत सांस्कृतिक उद्योगको रूपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्नु तथा संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि अमूर्त संस्कृतिहरूलाई विश्व सांस्कृतिक सम्पदामा सूचीकरण गर्नु संस्थानको दीर्घकालीन योजना हुने छन् ।

## विशेष गरी उत्पादनतर्फ ३ विषयवस्तु :

१. सांस्कृतिक उत्पादन :

संस्कृति सम्बन्धी कला, ज्ञान तथा सीपहरू उत्पादन र व्यावसायिक सांस्कृतिक कार्यक्रम उत्पादनमा जोड ।

२. सांस्कृतिक पर्यटन :

सांस्कृतिक स्रोत र प्राकृतिक स्रोतको समायोजनबाट सांस्कृतिक पर्यटनको मार्ग निर्माण हुन्छ । संस्कृति र प्रकृतिको दृष्टिकोणले विश्वमै समृद्ध राष्ट्र नेपालमा सांस्कृतिक पर्यटनको विकासका लागि पर्यटकीय क्षेत्रहरूमा सांस्कृतिक संस्थानका घरहरू निर्माण गरी शाखाको रूपमा विस्तार सँगै पर्यटक लक्षित कार्यक्रम उत्पादन गरी रैथाने खाना सहित हरेक जातजातिको मौलिक संस्कृति प्रदर्शन मार्फत अर्थ उपार्जनको मार्ग निर्माणमा जोड ।

३. डिजिटल उत्पादन :

डिजिटल युगसँगै संस्कृतिको प्रवर्द्धनका लागि लोपोन्मुख सांस्कृतिक कार्यक्रम उत्पादन गरी डिजिटल प्रविधि मार्फत विश्व भरी सम्प्रेषण गरी अर्थ उपार्जनको मार्ग शत प्रतिशत सम्भव छ । त्यसका लागि डिजिटल सांस्कृतिक सङ्ग्रहालय निर्माण, डिजिटल सांस्कृतिक उत्पादन संयन्त्र निर्माण, विभिन्न डिजिटल एप निर्माण, युटुब, फेसबुक-इन्स्टा-ट्वीटर आदि पेज मनिटाइज तथा डिजिटल प्रविधि मार्फत उत्पादनमूलक क्रियाकलाप गर्ने विश्वभरीका कम्पनी सँग कानुन सम्मत आधिकारिक रूपमा सम्झौता गरी डिजिटल उत्पादनको मार्ग

निर्माणमा जोड ।

**सूचीकरण अभियान :**

संस्कृति संरक्षणका लागि विविध जातिका अमूर्त संस्कृतिहरूलाई विश्व सांस्कृतिक सम्पदामा सूचीकरण गर्नु अत्यावश्यक छ । त्यसका लागि युनेस्को सँग तीव्र रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समन्वय गरी नीति निर्माण कार्य सम्पादन सँगै कार्यान्वयन तर्फ अग्रसर हुन जरूरी छ । यसमा संस्थानले गम्भीरतापूर्वक चिन्ता र चासो सहित आफ्नो भूमिका निर्वाह गर्नेछ ।

अतः संस्कृति प्रति नेपाल सरकारद्वारा गम्भीरतापूर्वक ध्यानाकर्षण गरी संस्कृतिलाई उत्पादन सँग जोड्ने स्पष्ट राज्य नीति बनाई कार्यान्वयन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विस्तार गर्न सकेमात्र संस्कृति बाटै समृद्ध नेपाल सम्भव छ । नेपाल सरकारले चाहेमा संस्कृतिलाई संरक्षण सहित उत्पादन सँग जोड्ने विभिन्न दीर्घकालीन योजनालाई मसौदाका रूपमा तयार पारी केस्रा-केस्रा केलाई स्पष्ट रूपरेखा प्रस्तुत गर्न वर्तमान नेतृत्व चौबिसै घण्टा तत्पर छ ।

**एक वर्षे कार्यकालका प्रमुख उपलब्धिलाई बुँदागत प्रस्तुत गरिन्छ :**

१. सामाजिक न्याय, सुशासन र समृद्धिलाई शिरोपर गर्दै हल चुहावट एवम् विकृति विरूद्ध कडाई गरी हल आम्दानीमा इतिहासमै रेकर्ड ब्रेकको यात्रा निरन्तर ।

२. अव्यवस्थित प्रणालीलाई विभिन्न कार्यविधि निर्माण गरी व्यवस्थित प्रणाली निर्माणलाई जोड ।

३. संस्थानको हालसम्मको इतिहासमा संस्थानमा नीति तथा कार्यक्रम सहित बजेट तर्जुमा गर्ने परम्परा नरहेकोमा आ.व. २०८१/८२ को संघीय लोकतान्त्रिक गणतन्त्रको मूलमर्म केन्द्रित रही ७१ वटा नीति तथा कार्यक्रम दीर्घकालीन सोच सहित अगाडि सारिएको ।

४. नयाँ वर्ष २०८१ को अवसरमा वैशाख १ गते तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल' प्रचण्ड'ज्यूको प्रमुख आतिथ्यतामा **"शुभारम्भ सांस्कृतिक साँझ २०८१"** मार्फत समुद्घाटन गरिएको पर्यटक लक्षित ठेट नेपाली सांस्कृतिक कार्यक्रम "नेपाली संस्कृति" १३ औं श्रृङ्खलासम्म सभ्य-भव्य रूपमा सम्पन्न गरिएको ।

५. गणतन्त्रको मूल मर्म सहितको **"गणतन्त्र दिवस उत्सव २०८१"** नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री भुपाल राईज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न ।

६. तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री मा.श्री हितबहादुर तामाङज्यूको प्रमुख आतिथ्यतामा सांस्कृतिक संस्थानको **"५२ औं वार्षिकोत्सव"** सभ्य-भव्य रूपमा सम्पन्न ।

७. तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री मा. श्री हितबहादुर तामाङज्यूबाट **"सांस्कृतिक संस्थानको कल्याणकारी कोष"** समुद्घाटन ।

८. तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री मा.श्री हितबहादुर तामाङज्यूबाट अनुसन्धानात्मक जर्नल **"नेपाली संस्कृति"** विमोचन ।

९. तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको प्रमुख आतिथ्यतामा माननीय मन्त्रीज्यूहरू लगायतका विशिष्ट व्यक्तित्वहरूको आतिथ्यतामा **विश्व बैंक समूह अन्तर्गत अन्तर्राष्ट्रिय विकास संस्था (आईडा) को एक्काइसौं चरणको तेस्रो बैठक (Third IDA21 Replenishment Meeting)** कार्यक्रम सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा नेपालको अस्तित्व तथा पहिचान झल्किने नेपाली संस्कृति प्रदर्शन सहित सभ्य-भव्य रूपमा सम्पन्न ।

१०. चाइनिज नयाँ वर्षको अवसरमा चिनियाँ दूतावासको आयोजनामा सांस्कृतिक संस्थानसँगको समन्वयमा **"संस्कृति आदानप्रदान कार्यक्रम"** सभ्य-भव्य रूपमा सम्पन्न ।

११. सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर मौसूफ शेख तमिम बिन हमाद अल थानीज्यूको **"नेपाल राजकीय भ्रमण''** लाई सभ्य-भव्य बनाउन नेपाल सरकारको तर्फबाट सांस्कृतिक संस्थानद्वारा 'सांस्कृतिक झाँकी प्रदर्शनी' सम्पन्न ।

१२. पहिलो पटक सांस्कृतिक संस्थानको **"नीति तथा कार्यक्रमयुक्त भित्ते पात्रो"** निर्माण गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यू बाट विमोचन गरिएको ।

१३. संस्कृति भित्रको प्रमुख अवयव चाडपर्वको संरक्षण सहित पुस्तान्तरणका लागि सांस्कृतिक संस्थानको विशेष अभियान स्वरूप **"असार १५ धान दिवस तथा रोपाइँ महोत्सव"** राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्रसँग सहकार्य गरी स्थलगत रूपमा खुमलटार, ललितपुरमा सभ्य-भव्य रूपमा सम्पन्न ।

१४. संस्कृति भित्रको प्रमुख अवयव चाडपर्वको संरक्षण सहित

पुस्तान्तरणका लागि सांस्कृतिक संस्थानको विशेष अभियान स्वरूप **“साउने संक्रान्ति तथा उधेली पर्व २०८१”** अथार मगरात मगर प्रतिष्ठानसँग सहकार्य गरी स्थलगत रूपमा त्रिभुवन पार्क थानकोटमा सभ्य-भव्य रूपमा सम्पन्न ।

१५. नेपाल सरकारको आ.व. २०८१/८२ को वार्षिक बजेटमा संस्थानको नाममा विनियोजन भएको क्र.सं ११.४.२२.२७८४, कार्यक्रम/क्रियाकलाप : सांस्कृतिक संस्थानको नयाँ हल निर्माण काठमाडौं, खर्च शीर्षक : ३११५९ उल्लेखित योजनालाई चुस्त, दुरूस्त एवम् पारदर्शी रूपमा अगाडि बढाउन तथा सम्बन्धित कार्ययोजना कार्यान्वयनका लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन विभागबाट प्रक्रिया अगाडि बढाइएको ।

१६. सांस्कृतिक संस्थानको दीर्घकालीन सोच अनुरूप सांस्कृतिक पर्यटनको आधार निर्माणार्थ आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम अन्तर्गत पर्यटकीय स्थलहरूमा **सांस्कृतिक संस्थान घर निर्माण**का लागि पञ्चकन्या गापा - ४ घ्याङस्वाँरामा अनुगमन ।

१७. आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम अन्तर्गत सांस्कृतिक पर्व **‘गाईजात्रा महोत्सव २०८१’** मा. मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यू बाट भदौ ३ गते समुद्घाटन भई भदौ १० गतेसम्म सभ्य-भव्य रूपमा सम्पन्न हुनुका साथै उत्पादनमूलक एवम् नाफामूलक प्रगति विवरण आउन सफल ।

१८. सांस्कृतिक संस्थानको न्यायोचित संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (&M Survey) को मसौदा संस्थानको सञ्चालक समितिबाट पारित गरिएको तथा मन्त्रालयबाट स्वीकृतका लागि पेस गरिएको ।

१९. अमूर्त संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि वर्षौं देखि सञ्चालनमा आएको कला प्रशिक्षण कार्यक्रम अन्तर्गत **३१ औं समूह दीक्षान्त समारोह तथा ३२ औं समूह समुद्घाटन कार्यक्रम** नृत्यविद् श्री विमला श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न ।

२०. संस्कृति संरक्षण सहित उत्पादनमैत्री बनाउन नयाँ युगको नयाँ प्रविधिसँगै डिजिटल उत्पादनलाई प्रमुख प्राथमिकता दिइएको जस अन्तर्गत संस्थानको इतिहासमै पहिलो पटक युटुब मनिटाइज गरी आम्दानीको मार्ग प्रारम्भ गरिएको साथै संस्थानका आधिकारीक सामाजिक सञ्जालका पेज, एप, विभिन्न डिजिटल प्ल्याटफँम आदिलाई उत्पादनमैत्री बनाउने प्रयास भइरहेको ।

२१. नेपाल सरकारको अवधारणामा **संविधान दिवस (राष्ट्रिय दिवस)** को उपलक्ष्यमा आयोजित National Day Concert मा सात प्रदेशको प्रतिनिधित्व हुनेगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधित्व गर्दै संस्थानद्वारा नेपालको पहिचानयुक्त सांस्कृतिक प्रस्तुति सभ्य-भव्य रूपमा प्रदर्शनी ।

२२. पूर्व सभामुख श्री ओनसरी घर्ती मगरज्यूको प्रमुख आतिथ्यतामा **‘अन्तरसंस्थान तीज विशेष सांगीतिक प्रतियोगीता २०८१’** सभ्य-भव्य रूपमा सम्पन्न ।

२३. समाजसेवी श्री सावित्री अधिकारीज्यूको प्रमुख आतिथ्यतामा **‘तीज विशेष शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम २०८१’** सभ्य-भव्य रूपमा सम्पन्न ।

२४. नेपालीहरूको महान् सांस्कृतिक चाडपर्वहरु दशैं, तिहार, छठ पर्व तथा नेपाल संवत् ११४५ को उपलक्ष्यमा **‘चाडपर्व विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१’** मा.राज्यमन्त्री श्री अरूण कुमार चौधरीज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न ।

२५. मन्त्रालयको आयोजनामा भएको **‘४५ औं विश्व पर्यटन दिवस २०२४’** कार्यक्रममा संस्थानद्वारा नेपालको पहिचानयुक्त सांस्कृतिक प्रस्तुति सभ्य-भव्य रूपमा प्रदर्शनी ।

२६. निक्षेप तथा कर्जा सुरक्षण कोषले आयोजना गरेका **"36th ACSIC Conference Nepal 2024"** मा सांस्कृतिक संस्थानद्वारा नेपालको पहिचान झल्काउने संस्कृति प्रदर्शनीसँगै सभ्य-भव्य रूपमा सम्पन्न ।

२७. शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यका साथ पाठ्यक्रममा आधारित प्रगतिशील उपन्यासकार स्व.हृदयचन्द्रसिंह प्रधान कृत उपन्यास **“एक चिहान”** लाई श्री रमेश बिजीद्वारा नाट्य रूपान्तरण तथा श्री वीरेन्द्र हमालद्वारा निर्देशन गरी नाटक मञ्चन तथा प्रदर्शन गरी २०० औं श्रृङ्खला पार गरेको अवसरमा विशेष समारोह सम्पन्न ।

२८. आदिवासी जनजाति दिवसको अवसरमा विविध जातिका पहिचानयुक्त संस्कृति समेटिएको प्रस्तुति संस्थानका कलाकारद्वारा प्रदर्शन गरी सभ्य-भव्य रूपमा सम्पन्न ।

२९. काठमाडौ महानगरपालिकोको **Book Free Friday** कार्यक्रम अन्तर्गत शिक्षालाई व्यावहारिक बनाउन सामुदायिक विद्यालयहरूमा संगीत तथा नाटक प्रशिक्षण कार्यका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी कामपाका सामुदायिक विद्यालयमा प्रशिक्षण कार्यक्रम सञ्चालन ।

३०. राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म कर्तव्यनिष्ठ भई जिम्मेवारी निर्वाह गरी अवकाश प्राप्त कर्मचारीहरू प्रति समर्पित कार्यक्रम **"तिहार विशेष सांस्कृतिक कार्यक्रम २०८१"** वरिष्ठ संस्कृतिविद् श्री तुलसी दिवसज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न ।

३१. संस्थानमा भएको विकृति तथा बेथिति विरूद्ध कडाईका साथ कदम सञ्चालन गरी कर्मचारीहरूमा नैतिक जिम्मेवारी वहन गर्ने प्रणालीको अभ्यास भइरहेको ।

३२. आर्थिक अभावका कारण वर्षौं देखि जम्मा हुन नसकेको स्थायी कर्मचारीहरूको सञ्चयकोष तथा नागरिक लगानी कोषमा नियमानुसार रकम आ.व.०८१/८२ मा नागरिक लगानी कोषमा आ.व.७८/७९ देखि आ.व.८०/८१ सम्म रू. १८,१३,०००/- र कर्मचारी सञ्चयकोषमा आ.व. ८०/८१ को रू. २५,४८,७०४ /- रकम जम्मा गरिएको । साथै प्रत्येक महिना तलब भत्तासँगै कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषमा मासिक रूपमा रकम जम्मा गर्ने प्रणाली सुरूवात गरिएको ।

३३. हालसम्म पनि संस्थानको भवन रहेको जग्गाको कानुन सम्मत मूल्यांकन नगरिएको पाइएकोले यस आ.व. २०८१/८२ देखि **जग्गा मूल्यांकन (Land Valuation)** लेखा परिक्षणमा रहने गरी व्यवस्था लागू गरिएको ।

३४. संस्थानको लेखा परिक्षण समयमै सम्पन्न गरिएको ।

३५. संस्थानको कायम रहेको पुरानो पद्धतिको साइन बोर्ड (परिचय पाटी) लाई पहिलो पटक डिजिटल रूपबाट सञ्चालन गरिएको ।

३६. सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०७८ लाई संस्थानको हित तथा कर्मचारी वृत्ति विकासलाई मध्यनजर गर्दै संशोधन गरी सञ्चालक समिति बाट पारित गरी मन्त्रालयमा स्वीकृतिका लागि पेस गरिएको ।

३७. सांस्कृतिक संस्थानका पूर्व महाप्रबन्धक स्वरसम्राट स्व.नारायण गोपाल गुरूवाचार्यको ३४ औं स्मृति दिवसको उपलक्ष्यमा **"सम्झनामा नारायण गोपाल सीतिक समर्पण २०८१"** नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति मा.श्री भुपाल राईज्यूको प्रमुख आतिथ्यतामा सभ्यभव्य रूपमा सम्पन्न ।

३८. सांस्कृतिक संस्थानको कार्यप्रकृतिलाई विशेष मध्यनजर गर्दै सात प्रदेशका मौलिक लोकगीत, लोकधून तथा समग्र लोकसंस्कृति सम्बन्धी श्रव्य सामग्री उत्पादन एवम् डिजिटल उत्पादनका निम्ति रेकर्डिङ स्टुडियो निर्माण ।

३९. वर्षौं देखि विभिन्न हस्तक्षेपबाट वृत्ति विकासमा रोक लगाई निरास भएका संस्थानका कर्मचारी विशेषत: कलाकार सेवाका कर्मचारीलाई आत्म सम्मान हुने गरी कला प्रदर्शनीमा मार्ग प्रशस्त गरिएको ।

४०. प्राचीन प्रविधि अनुसारको जीर्ण अवस्थामा रहेको संस्थानको वेभ साइट www.sanskritiksansthan.org.np लाई बन्द गरी नयाँ प्रविधिसँगै www.sanskritiksansthan.gov.np सञ्चालनमा ल्याइएको ।

४१. संस्थानको क्रियाकलापलाई व्यवस्थित गर्न स्वागत कक्ष (Receiption) निर्माण गरी सञ्चालनमा ल्याइएको ।

४२. संस्थानको मेगा हललाई थप व्यवस्थित बनाउन २ वटा LED स्क्रिन थप गरिएको ।

४३. नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुसार बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकताको सन्देश सम्प्रेषण हुने गरी सातै प्रदेश तथा हिमाल, पहाड, तराईको संस्कृति समान रूपमा गणतन्त्रको सौन्दर्य स्वरूप संस्थानको एउटै मञ्च बाट प्रदर्शनी भइरहेको ।

४४. **"सम्झनामा दिग्गज स्रष्टा सीतिक समर्पण २०८१"** वरिष्ठ नृत्यशास्त्री तथा संस्कृतिविद् श्री भैरव बहादुर थापाज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न ।

४५. अमूर्त संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि वर्षौंदेखि सञ्चालनमा आएको संस्थानको कला प्रशिक्षण कार्यक्रम व्यवस्थित रूपमा अगाडि बढाउन कार्यविधि निर्माण । साथै कला प्रशिक्षण कार्यक्रम अन्तर्गत **३२ औं समूह दीक्षान्त समारोह तथा ३३ औं** समूह समुद्घाटन कार्यक्रम संस्कृति महाशाखा प्रमुख डा. सुरेश सुरश श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न ।

४६. सुशासनयुक्त नीति लागू गर्न खरिद सम्बन्धी सम्पूर्ण बिलहरू संस्थानको वेबसाइटमा सार्वजनिक गर्ने नयाँ प्रक्रिया थालनी ।

## सांस्कृतिक संस्थानका समस्या :

### १. त्रुटिपूर्ण ऋण :

नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थानको भवन निर्माणका लागि अनिवार्य अनुदान प्राप्त हुनु पर्ने तर वार्षिक बजेटको नाउँमा संस्थानलाई प्राप्त हुने अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने नेपाल सरकारको अनिवार्य दायित्व उपदान समेत कट्टा गरी मिति २०५७/११/०४ मा तत्कालीन सचिवस्तरीय निर्णय मार्फत त्रुटिपूर्ण ढंगले ऋणमा परिणत गरिएको, रू. १

करोड ५० लाख बाट सुरूवात भएको ऋण हाल साँवा, व्याज थपिँदै ३९ करोड २१ लाख ४४ हजार ३ सय ४८ रूपैयाँ पुगेको । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको निकायमा सरकार आफै ऋणी र आफै साहु अकल्पनीय भएकाले तुरून्तै यससलाई सच्याई अनुदानकै रूपमा परिणत वा शेयरमा परिणत वा मिनाहा गरिनु अपरिहार्य छ ।

२. **उपदान :**

वार्षिक बजेटका नाउँमा संस्थानलाई प्राप्त हुने नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने उपदान रकम समेत पुरा सम्बोधन नहुँदा संस्थानको नीति तथा कार्यक्रममा असर तथा सम्बन्धित कर्मचारीको परिवारमा विचलनको समस्या आएको छ । आ.व. ८१/८२ भरी संस्थानको उपदान दायित्व करिब १० करोड पुग्ने अनुमान गरिएको छ ।

३. **छुट्टै ऐन :**

सांस्कृतिक संस्थान स्थापना सञ्चार संस्थान ऐन २०२८ अनुसार निर्माण भएको तर संस्थानको तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भएकोले नीतिगत रूपमा अनेक समस्या बेहोर्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ । मन्त्रालय समेतको दोहोरोपना हुने समस्या भएकोले संस्थानको छुट्टै ऐन निर्माण अपरिहार्य छ ।

४. **बजेट विनियोजन नहुनु:**

नेपाल सरकारको बजेटका नाउँमा संस्थानलाई अवकाश प्राप्त कर्मचारीको लागि नेपाल सरकारको अनिवार्य उपदान दायित्व स्वरूप न्यून अनुदान रकम प्राप्त हुने भएकाले कर्मचारीको उपदान सम्बोधन गर्न समेत अपुग हुने समस्या रहेको छ । संस्थानका कर्मचारीको सेवा, सुविधा, नीति तथा कार्यक्रमका लागि हालसम्म नेपाल सरकार बाट बजेट विनियोजन हुने प्रचलन नरहेकोले यसको निष्कर्ष संस्कृति प्रतिको उपेक्षा भएको देखिन्छ । तसर्थ कम्तीमा न्यून बजेट भए पनि कर्मचारीको सुविधा र संस्कृति संरक्षण तथा प्रवर्द्धनका लागि माइलस्टोन सहितको बजेट विनियोजन हुनु अपरिहार्य छ ।

५. **संस्कृति विभाग क्षेत्राधिकार :**

नेपाल सरकारको संस्कृति प्रदर्शनी सम्बन्धी एकमात्र आधिकारिक र ज्येष्ठ निकाय सांस्कृतिक संस्थान भएकोले संस्थानको नाम परिष्कृतसँगै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति सम्बन्धी नीतिगत एवम् संस्कृति प्रवर्द्धन सम्बन्धी प्रमुख निकाय **"संस्कृति विभाग"**का रूपमा क्षेत्राधिकार अपरिहार्य छ ।

६. **संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) :**

सांस्कृतिक संस्थानको हालसम्मको इतिहासमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) मन्त्रालयबाट स्वीकृत हुन सकेको छैन ।

७. **प्रशिक्षण कार्यक्रम व्यवस्थापन :**

अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण, सूचीकरण तथा पुस्तान्तरणका लागि विगतदेखि संस्थानले सञ्चालनमा ल्याएको प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन कार्यविधि निर्माण गरिए पनि थप आधिकारिक बनाउन सिटिइभिटी तथा विश्वविद्यालबाट सम्बन्धन प्राप्त हुन सकेको छैन ।

८. **भवन तथा हल मर्मत संभार :**

निर्माण हुँदै त्रुटिपूर्ण ऋणले ग्रसित संस्थानका भवन तथा प्रेक्षालयहरू जीर्ण अवस्थामा रहेकाले समयमै मर्मत संभार नगरे अस्तित्व नै समापन हुने खतरा रहेको छ ।

९. **कर्मचारीको सेवा सुविधा :**

नेपाल सरकारको तर्फबाट अन्य सरकारी संस्थानमा नेपाल सरकारबाट कर्मचारीहरूलाई तलब भत्ता, उपदान जस्ता सेवा सुविधा प्रदान हुने प्रणाली रहे पनि सांस्कृतिक संस्थानमा भने विगत देखि नै तलब भत्ताको सुविधा प्राप्त भएको छैन । उपदान समेत अत्यन्तै न्यून प्राप्त हुनाले संकटको परिस्थिति सिर्जना भएको छ ।

१०. **विनियमावली :**

सांस्कृतिक संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०७८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट स्वीकृत भएको तर संस्थानको तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भएकोले सो अनुसार तालुक मन्त्रालयबाट विनियमावली स्वीकृत हुन सकेको छैन ।

### सांस्कृतिक संस्थान समृद्धिका लागि आवश्यकता :

१. संस्कृतिबाटै समृद्धिको आधार :

संस्कृतिलाई उत्पादन तर्फ जोड दिई सांस्कृतिक कला, सीप तथा ज्ञान उत्पादन (प्रशिक्षण), व्यावसायिक सांस्कृतिक कार्यक्रम उत्पादन, डिजिटल सङ्ग्रहालय निर्माण, सांस्कृतिक पर्यटनको विकास, डिजिटल

उत्पादन संयन्त्र निमार्ण गरी संस्कृतिलाई संरक्षण सहित उत्पादनमैत्री बनाई संस्कृतिबाटै समृद्धिको आधार निर्माण अपरिहार्य छ ।

### २. निश्चित माइलस्टोन सहितका नीति तथा कार्यक्रम :

हरेक आ.व.मा अनुदानको नाममा न्यून बजेट विनियोजन हुने र नीति तथा कार्यक्रमका लागि शून्य बजेट हुने समस्याका कारण संस्थानका उद्देश्य केन्द्रित कार्य सम्पादन हुन सकेको छैन । तसर्थ निश्चित माइलस्टोन सहितका संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम निर्माण र बजेट तर्जुमा अपरिहार्य छ ।

### ३. संस्कृति विभाग स्वरूप क्षेत्राधिकार :

संस्कृति जस्तो संवेदनशील विषयको अस्तित्व बचाउन ६५ वर्षको ऐतिहासिक विरासत बोकेको सांस्कृतिक संस्थानलाई संस्कृति सम्बन्धी प्रमुख निकायका रूपमा परिष्कृत नाम तथा छुट्टै ऐनका साथ संस्कृति संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन सम्बन्धी नीतिगत गतिविधि सञ्चालन गर्ने, संस्कृति सम्बन्धी स्थापना भएका सम्पूर्ण संघसंस्था नियमन गर्ने, विभिन्न संस्कृतिविद्, कलाकार, श्रष्टा, सर्जकलाई प्रमाणीकरण गर्ने आदि सम्बन्धी कार्य सम्पादन गर्ने निकायका रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयकै संस्कृति विभाग स्वरूप क्षेत्राधिकार दिनु अपरिहार्य छ ।

### ४. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) स्वीकृत :

सांस्कृतिक संस्थानको O&M हालसम्म पनि मन्त्रालयबाट स्वीकृत भएको इतिहास भेटिँदैन । तसर्थ व्यवस्थित संरचना सहित चुस्त दुरूस्त सेवा प्रवाहका लागि हाल पेस गरिएको संस्थानको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मन्त्रालय बाट स्वीकृत हुन अपरिहार्य छ ।

### ५. त्रूटिपूर्ण ऋणलाई मिनाहा गरिनु पर्ने ।

संस्कृति संरक्षणको विषय हो, बेचबिखनको विषय होइन । तसर्थ संस्कृति जस्तो राष्ट्रको अस्तित्वसँग जोडिएको संवेदनशील विषयमा गम्भीरतापूर्वक ध्यानाकर्षण गरी नेपाल सरकार बाट तुरुन्तै मिनाहा गर्नु पर्ने प्रशस्त आधारहरु यस प्रकार छन् :-

- विद्युत प्राधिकरणको ऋण मिनाहा गरिएको,
- नेपाल खाद्य संस्थानको ऋण समाधान गरिएको,
- वाणिज्य बैंक, नेपाल बैंक आदिको ऋण समाधान गरिएको,
- संस्कृति सम्बन्धी नेपाल प्रज्ञा प्रतिष्ठान लगायतका विभिन्न निकायका भवन अनुदानबाट निर्मित,
- संस्कृति नरहे देश रहन्न, संस्कृति संरक्षणको विषय हो बेचबिखनको विषय होइन तर संस्कृति जस्तो संवेदनशील विषयलाई ऋणको उपमा त्यो पनि त्रुटिपूर्ण ढंगले कुनै आधारबिना सचिवस्तरीय निर्णयबाट वार्षिक बजेट समेत कट्टागरी अनुदान स्वरुप प्राप्त हुनुपर्ने रकम ऋण हुनु अकल्पनीय ।

### ६. नेपाल सरकारको अनिवार्य उपदान दायित्व :

नेपाल सरकारको अनिवार्य दायित्व अन्तर्गत अवकाश प्राप्त कर्मचारीले प्राप्त गर्ने उपदान समेत आ.व. ८१/८२ भरी १० करोड पुग्ने अनुमान गरिएकोले तुरुन्तै समस्या समाधान गर्न सरकारले गम्भीरतापूर्वक मनन गर्नु पर्ने अपरिहार्य छ ।

### ७. विनियमावली स्वीकृत :

सांस्कृतिक संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०७८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय बाट स्वीकृत भएको तर संस्थानको तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भएकोले सो अनुसार संशोधन गरी मन्त्रालयमा पेस गरिएकोले यथाशीघ्र स्वीकृत हुन अपरिहार्य छ ।

*किरण बाबु पुन*
*महाप्रबन्धक*
*सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर)*



# वसन्त शास्त्रीय सङ्गीत उत्सव



**प्रा. डा. ध्रुवेशचन्द्र रेग्मी**

"

लोक सङ्गीत र शास्त्रीय सङ्गीत सांस्कृतिक धरोहर भएकोले यी दुबै विधाको संरक्षण अपरिहार्य भएको विचार प्रकट गर्दै वसन्त शास्त्रीय सङ्गीत उत्सव २०८० मार्फत ललितकला केन्द्रीय विभाग प्रमुख श्री प्रा. डा. ध्रुवेश चन्द्र रेग्मीज्यूले दिनु भएको मन्तव्य

नेपालका मूर्धन्य व्यक्तित्वहरु, मेरो अग्रज, समकालीन व्यक्तित्वहरु, यो कार्यक्रम साँच्चिकै शास्त्रीय सङ्गीतको एउटा उत्सव हो । जहाँ शास्त्रीय सङ्गीतका मूर्धन्य व्यक्तिहरुको उपस्थिति रहेको छ । यस्ता कार्यक्रम बिरलै हुन्छन् । शास्त्रीय सङ्गीतको जुन उत्सव छ, हामीले आज विभिन्न प्रस्तुति सुन्ने, हेर्ने अवसर प्राप्त गऱ्यौं । नेपालमा पनि प्रखर कलाकारहरु छन् र अवसर दिएको खण्डमा राष्ट्रको गौरवलाई थप उचाईमा पुऱ्याउन सक्छन् भन्ने प्रमाणित आज भएको छ । लोक सङ्गीत र शास्त्रीय सङ्गीत भनेको हाम्रो सांस्कृतिक धरोहर हो । यो दुई वटा विधाको संरक्षण हुन सक्यो भने अरू विधाहरु स्वतः संरक्षण भएर जान्छन् । यो दृष्टिकोणबाट सांस्कृतिक संस्थानले यो शास्त्रीय उत्सवको परम्परा स्थापना गरेको हो । राजनीतिज्ञहरूलाई यस्ता कार्यक्रममा प्रमुख अतिथि बनाउने परम्परालाई तोडेर हामीजस्ता सङ्गीतकर्मीलाई आज तपाईहरूले बोलाएर यो सम्मान दिनु भएको छ । त्यसका लागि म यहाँहरूलाई धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद । नमस्कार ।

# "शुभारम्भ सांस्कृतिक साँझ-२०८१"



**तत्कालीन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"**

"

नयाँ वर्ष २०८१ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दै, नयाँ वर्ष आरम्भ भएको सुखद अवसर पारेर सांस्कृतिक संस्थानले आयोजना गरेको "शुभारम्भ सांस्कृतिक साँझ-२०८१" ले गणतन्त्रको मूल मर्म अनुरूप समाजवादी संस्कृतिको दिशाबोध गर्न आधार निर्माणका निम्ति नयाँ युगको शुभारम्भ गरेको बताउँदै तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूले दिनु भएको मन्तव्य

यस कार्यक्रममा प्रस्तुत भएका प्रस्तुतिहरूले मलाई छुट्टै ऊर्जा र प्रेरणा प्राप्त भएको महसुस भएको छ । कार्यक्रममा गणतन्त्रको मूल मर्म अनुसार बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भएको देश नेपालको सौन्दर्य झल्किने गरी विभिन्न भाषाभाषी, सांस्कृतिक विविधता, प्रदेशगत सांस्कृतिक प्रस्तुति एवम् देशभक्तिपूर्ण भावले ओतप्रोत प्रस्तुतिहरूले देशको राष्ट्रिय एकता र सांस्कृतिक विविधता भित्र एकताको सन्देश प्रवाह गरेको मैले महसुस गरें । यसका निम्ति सम्पूर्ण स्रष्टा, सर्जक एवम् कलाकर्मीहरूमा धन्यवाद व्यक्त गर्दै उहाँहरूको उज्ज्वल भविष्यको निम्ति पनि शुभकामना भन्न चाहन्छु ।

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानको प्राप्त भएको संविधानले समाजवाद उन्मुख राज्य निर्माणको सङ्कल्प गरेको छ । तसर्थ समाजवादको आधार तयार पार्नका निम्ति सांस्कृतिक रूपान्तरण र समाजवादी संस्कृतिको दिशाबोध आधारभूत सर्त हो । यसका निम्ति समाजको संस्कृति निर्माणका पक्षमा सम्पूर्ण देशभक्त एवम् प्रगतिशील समुदायले योगदान गर्न सक्नु पर्दछ । त्यसले अग्रभागमा रहेर विशाल राष्ट्रिय जागरण पैदा गर्न सांस्कृतिक संस्थान लगायतका संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ र खेल्नेछन् भन्ने विश्वास पनि व्यक्त गर्न चाहन्छु । सांस्कृतिक नीति, पूर्वाधार, साधन, स्रोत, स्रष्टा र कलाकारहरूको प्रोत्साहन लगायतका विषयमा सांस्कृतिक संस्थानद्वारा राखिएका विषय र प्रस्तुतिहरूमा विशेष ध्यान गएको छ । यहाँ अघि स्वागत मन्तव्य राख्दै गर्दा महाप्रबन्धक किरण बाबु पुनले संस्थानको ऋण, उपदान जस्ता समस्या प्रति जे कुरा राख्नु भएको छ, त्यसमा मेरो ध्यान आकर्षित भएको छ । सरकारको तर्फबाट अहिलेको नीति कार्यक्रम र बजेटमा तपाइहरूको यो आवश्यकतालाई सम्बोधन गरिनेछ । यो विश्वास तपाईहरूलाई व्यक्त गर्न चाहन्छु । अन्त्यमा नयाँ वर्षको अवसरमा तपाईहरूले आयोजना गर्नु भएको कार्यक्रम, यहाँ प्रस्तुत गरिएका सबै प्रस्तुतिहरूले महत्वपूर्ण उर्जा र आत्मा विश्वासको विकास गर्ने विश्वास सहित तपाईहरूले फेरी एउटा नयाँ युगको शुम्भारभ पनि गर्नु भएको छ, त्यसको पनि सफलताको कामना व्यक्त गर्दछु ।

धन्यवाद । अभिवादन ।।



# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति तेस्रो श्रृङ्खला



**माननीय जनार्दन शर्मा "प्रभाकर"**
**पूर्व मन्त्री**

"

संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण सहित समृद्धिका लागि सांस्कृतिक क्रान्तिको आधार निर्माण गर्ने संस्कृति निर्माणमा सांस्कृतिक संस्थानको प्रमुख भूमिका अपरिहार्य रहेको बताउँदै "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को तेस्रो श्रृङ्खलामा माननीय पूर्व मन्त्री श्री जनार्दन शर्मा "प्रभाकर" ज्यूले दिनु भएको मन्तव्य

नेपाली समाज, नेपाली सभ्यता विविधतामा आधारित छ । यो जातीय रूपमा, यो भाषिक रूपमा, यो सांस्कृतिक रूपमा, यो भौगोलिक रूपमा, यो पर्यावरणीय रूपमा, विविधता नै विविधताको एकतामा समष्टिमा नेपाल हो । यसले विशाल ऐतिहासिक धेरै पक्षहरूलाई साथमा लिएको छ । यी सबै कुरा हामीले हाम्रो संस्कृतिमा पाउँछौं । संस्कृतिको जगेर्ना, उत्थान तथा विकास गर्ने कार्यको सांस्कृतिक संस्थानले नेतृत्व गरिरहेको छ । म बधाई र शुभकामना भन्न चाहन्छु र यो कार्यक्रमका परिकल्पनाकार पूर्वमन्त्री माननीय श्री सुदन किरातीलाई पनि म धन्यवाद दिन चाहन्छु । सांस्कृतिक संस्थानका महाप्रबन्धकलाई श्री किरण बाबु पुनज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस कार्यक्रमले संस्कृतिलाई विश्वसामु प्रस्तुत गर्ने तथा त्यसको रक्षा गर्ने काम गरिरहेको छ । हामी हाम्रो समाजलाई, सभ्यतालाई, आफ्नोपनहरूलाई, भावनाहरूलाई विभिन्न ढङ्गले व्यक्त गरिरहेका छौं । यहाँ प्रस्तुत भएका धेरै नृत्यहरु अघि हामीले हेर्यौं, त्यससँग एउटा ऐतिहासिकता, एउटा भावना छ, एउटा सद्भाव छ, र एकता छ । यसर्थ पनि के प्रष्ट हुन्छ भने समाजलाई सुन्दर बनाउने संस्कृति भएको देश नेपाल हो । नेपाल सांस्कृतिक विविधताको देश हो । विविधता बिचको एकता हो । यो सद्भावमा चलेको देश हो । देशको संस्कृति नै हाम्रो पहिचान हो, अस्तित्व हो । यसलाई हामीले आजको विश्व परिवेशमा, आजको समाजमा स्थापित गर्न सक्यौं भने यसले हाम्रो देशको समृद्धिमा धेरै ठूलो अर्थ र महत्व राख्ने छ । कार्यक्रम सफलताको लागि धेरै धेरै शुभकामना साथै सांस्कृतिक संस्थानका धेरै समस्याहरूका बारेमा मलाई धेरै जानकारी छ, ती समस्याको समाधानको निम्ति मेरो विशेष पहल तथा साथ रहनेछ भन्दै धन्यवाद, नमस्कार, अभिवादन ।

# गणतन्त्र दिवस-२०८१



**माननीय भुपाल राई**
**कुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान**

"

सांस्कृतिक परिवर्तन भनेको विचारमा, चिन्तनमा परिवर्तन गर्नु हो, भन्ने विचार प्रकट गर्दै "गणतन्त्र दिवस २०८१" को अवसरमा प्रदर्शन गरिएको गणतन्त्र विशेष माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृतिको दशौँ श्रृङ्खलामा नेपाल प्रज्ञा प्रतिष्ठान कुलपति मा. भुपाल राईज्यूले दिनु भएको मन्तव्य

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आज विशेष दिन गणतन्त्र दिवसको सबैलाई शुभकामना व्यक्त गर्दछु । वि.सं. २०५२ साल देखि यो देशमा जनयुद्ध प्रारम्भ भयो । त्यो २०५२ मा प्रारम्भ भएको जनयुद्ध २०६२/६३ सालको जनआन्दोलन भयो । त्यो भन्दा अगाडि र पछाडि यो देशमा भएका यावत अभियानहरू–मधेस आन्दोलन, आदिवासी जनजाति महिला आन्दोलन, जाति वर्ग विभिन्न खालका आन्दोलनहरूको कारण हामीले गणतन्त्र प्राप्त गरेका छौं । हजारौं जनताका यावत रगत, पसिना र आँसु बगिसके पछि गणतन्त्र प्राप्त भएको हो । आज हामी त्यही गणतन्त्रको विशेष दिन हामी यसरी भेला भएर मनाइरहेका छौं, स्मरण गरिरहेका छौं । विशेष यो दिन, हामीले २५० वर्ष अगाडिको सामन्ती शासन राजतन्त्र ढालेको दिन हो । हामी आज लोकतान्त्रिक गणतन्त्रको मूलमा बाँचिरहेका छौं । त्यसैले यो आजको दिन सितिमिति आएको दिन होइन, युगीन परिवर्तनको दिन हो । हामीले के सोचेर जनयुद्ध गऱ्यौं, सशस्त्र आन्दोलन गर्यौं, जनआन्दोलन गर्यौं, गणतन्त्र ल्यायौँ यसको बारे हर नेपालीले गहिरिएर बुझ्न जरूरी छ । गणतन्त्र सांस्कृतिकमय छ त ? यो प्रश्नले मलाई छोइरहन्छ, मलाई बडो चिन्ता लाग्छ । हाम्रो देश विभिन्न समुदाय, भाषा भाषी, विभिन्न सम्प्रदाय, संस्कृति सम्प्रदायको देश हो । अहिले १७ वर्ष भयो गणतन्त्र स्थापना भएको, के गणतन्त्रको मूल मर्म अनुसार देश चलेको छ त ? गणतान्त्रिक भएको यो देश गणतान्त्रिक संस्कृति अनुसार चलिरहेको छैन । गणतान्त्रिक संस्कृति अनुसार देश परिवर्तन हुन सकेन । सांस्कृतिक परिवर्तन भनेको विचारमा, चिन्तनमा परिवर्तन गर्नु हो । गणतन्त्रको मूल मर्म अनुसार विचार, चिन्तनमा परिवर्तन भई सोही बमोजिम राज्यव्यवस्था सञ्चालन हुनु पर्छ ।

अन्त्यमा, गणतन्त्रको मूल मर्म अनुसार आजको कार्यक्रममा सात प्रदेशका विभिन्न जातजातिहरूको संस्कृति प्रदर्शन गरिएको र कार्यक्रमले सार्थकता प्राप्त गरेको छ । प्रमुख अतिथिको रूपमा आमन्त्रण गर्नु हुने संस्थानको वर्तमान नेतृत्व महाप्रबन्धक किरण बाबु पुनज्यू लगायत सांस्कृतिक संस्थानका सम्पूर्ण परिवारलाई धन्यवाद । फेरि पनि भन्छु कि यो कार्यक्रम सफल भयो । सम्पूर्ण नेपालीलाई यसले एउटा सन्देश छोडेको छ, भन्दै बिदा हुन्छु ।

धन्यवाद । नमस्कार ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति छैटौं श्रृङ्खला



**राजु परियार**
**वरिष्ठ लोकगायक**

❝

नेपाल सरकारले लोकसंस्कृतिको बारेमा पाठ्यक्रममा विशेष रूपमा राख्ने प्रणालीको विकास गर्नु पर्छ, भन्ने विचार प्रकट गर्दै "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को छैटौं श्रृङ्खलामा वरिष्ठ लोकगायक श्री राजु परियारज्यूले दिनु भएको मन्तव्य





सर्वप्रथम म महाप्रबन्धक श्री किरण बाबु पुनज्यूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । कि जसले यो सांस्कृतिक संस्थानको विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै, हामीलाई यस्ता उत्कृष्ट कार्यक्रमहरूको अनुभव गर्ने मौका दिनु भएको छ । साथै, सांस्कृतिक संस्थानका अध्यक्षज्यू र सम्पूर्ण परिवारलाई पनि म सम्मान र धन्यवाद अर्पण गर्न चाहन्छु ।

यस कार्यक्रममा म उपस्थित हुन पाउँदा र विविध प्रस्तुतिहरूसँग रमाउन पाउँदा मेरो मन गहिरो कृतज्ञता र गर्वले भरिएको छ । जब म यहाँ आइपुगेँ लघु नाटक, विभिन्न संस्कृतिहरु हेर्न पाउँदा मलाई हाम्रो लोक जीवन र संस्कृतिको आधार बारे सोच्न मजबुर गराएको छ । हामीले किताबका दुई प्रकारका कुरा गर्छौं, एक लेखिएको किताब र अर्को लेख्न बाँकी रहेको किताब । त्यसैगरी जीवनलाई त्यही किताबसँग तुलना गर्ने हो भने म पनि मेरो जीवनमा गाइएको गीतहरु त छँदै छन् तर अझै धेरै गीतहरु गाउन बाँकी रहेको महसुस गर्दछु । किनकी अहिले सम्म सायद १६ हजार भन्दा बढी गीत गाइसकेको छु, तर मेरो मनमा सधैं यो लाग्छ कि अझै पनि मैले सम्पूर्ण लोक गीतहरु गाउन सकेको छैन । वास्तवमा लोकसंस्कृति नै हाम्रो चिनारी हो । लोकसंस्कृति भित्रको लोक गीत गायनलाई मैले विशेष महत्त्व दिएर गाउँदै आएँ । यसलाई गाउनको लागि अझै तपस्या र प्रयासको आवश्यकता महसुस गर्दछु । मैले गाएका गीतहरूले मलाई अझै लोकसंस्कृति बुझ्नु पर्छ भन्ने प्रेरणा दिन्छ ।

यस कार्यक्रम मार्फत महाप्रबन्धक किरण बाबु पुनज्यूले उत्कृष्ट तरिकाले सात प्रदेशका थरिथरिका संस्कृति समेटेर लैजानु भएको छ । जसले नेपाली लोकसंस्कृतिको पहिचान दिनका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । महाप्रबन्धकज्यू आफै पनि लोकसंस्कृतिको ज्ञाता भएको कारण उहाँको कार्यकालमा लोकसंस्कृतिको संरक्षणका लागि महत्त्वपूर्ण कार्य हुनेछ भन्नेमा विश्वस्त छु । यस कार्यक्रम मार्फत म के अनुरोध गर्न चाहन्छु भने नेपाल सरकारले लोकसंस्कृतिको बारेमा पाठ्यक्रममा विशेष रूपमा राख्ने प्रणालीको विकास गर्नु पर्छ, र त्यसका लागि सांस्कृतिक संस्थानले पहल गर्न जरूरी छ । अन्त्यमा यस्ता सांस्कृतिक गतिविधिहरूलाई निरन्तरता दिइयोस् भन्दै बिदा हुन्छु ।

धन्यवाद । नमस्कार ।



# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति
## सातौं श्रृङ्खला



**मा. मन्त्री शैलेन्द्रमान बज्राचार्य**
**संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश**

सबै जाति र समुदायका सांस्कृतिक, धार्मिक र कलात्मक पक्षलाई संरक्षण र प्रबर्द्धन गर्नु हाम्रो जिम्मेवारी रहेको विचार प्रकट गर्दै "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को सातौं श्रृङ्खलामा बागमती प्रदेशका तत्कालीन संस्कृति, पर्यटन तथा सहकारी मन्त्री माननीय श्री शैलेन्द्रमान बज्राचार्यज्यूले दिनु भएको मन्तव्य

यो कार्यक्रम हाम्रो नेपालको मात्र होइन, विश्वकै इतिहाससँग सम्बन्धित महत्त्वपूर्ण प्रसंगहरूलाई पुनः सम्झाउने एउटा प्रयास हो । इतिहास भन्छ, "जसले जित्छ, उसले इतिहास लेख्छ ।" नेपाल जस्तो विविधतायुक्त देशको इतिहासलाई हामीले गहिराइपूर्वक बुझ्न जरूरी छ । यस्ता प्रसङ्गहरूले हामीलाई अरनिको जस्ता व्यक्तित्वहरु सम्झाउँछ । जसले बाह्रौं शताब्दीमा तिब्बत गएर नेपाललाई चिनाउनु भएको थियो । आज हामी देखिरहेका युवाहरूको विदेश पलायन अरनिकोका प्रयासहरूसँग तुलना गर्न सकिन्छ । यो हाम्रो लागि गम्भीर विचारको विषय हो । नेपालका जनजाति र भूमिपुत्रहरूको योगदान इतिहासका पानामा पर्याप्त रूपमा अंकित छैन । जातीय विभेद र मानसिकता हामीले हटाउन आवश्यक छ । सबै जाति र समुदायका सांस्कृतिक, धार्मिक र कलात्मक पक्षलाई संरक्षण र प्रबर्द्धन गर्नु हाम्रो जिम्मेवारी हो ।

सांस्कृतिक सम्पदा जस्तै बाजागाजा, मूर्ति, मन्दिर र गुम्बाहरु हाम्रो पहिचान हुन् । यस्ता सम्पदाहरूलाई वैज्ञानिक दृष्टिकोणबाट संरक्षण गर्नु अपरिहार्य छ । उदाहरणका लागि, अरनिकोले बेइजिङमा निर्माण गर्नुभएको संरचनाहरु नेपालका गौरव हुन् । यस्तै सांस्कृतिक सम्पत्तिहरूको अनुसन्धान र संरक्षणमा हामीले गहिरो लगानी गर्नुपर्छ । बागमती प्रदेशका योजना र बजेटले सांस्कृतिक संस्थानहरूको प्रबर्द्धनमा सघाउन निरन्तर प्रयास गरिरहेको छ । म तपाईंहरूसँग जोड्न चाहन्छु कि, संस्थानहरूले नीति तथा कार्यक्रमको स्पष्ट खाका तयार गरेर ल्याउनुहोस् । बागमती प्रदेशले तपाईंहरूको योजनालाई समर्थन गर्न सदा तत्पर छ ।

अन्त्यमा, बाजागाजाको संरक्षण, समुदायको इतिहास लेखन र सांस्कृतिक सम्पत्तिको अक्षयकोष जस्ता महत्त्वपूर्ण विषयमा बागमती प्रदेशले विभिन्न विधेयक पास गरिसकेको छ । यस्ता योजनाहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्न म सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । यस कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै म बिदा लिन चाहन्छु । धन्यवाद । नमस्कार ।



# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति
## आठौं श्रृङ्खला



**नारायण रायमाझी**
**वरिष्ठ लोकगायक**

"संस्थानको प्रगतिशीलता र यहाँका कलाकार हरूको लगनशीलता अझै उच्चस्तरमा पुगेको साथै कला र संस्कृति राम्रोसँग बुझ्नु भएको व्यक्तित्व श्री किरण बाबु पुनज्यूलाई महाप्रबन्धक पाउनु संस्थानको लागि पनि गौरवको कुरा भएको विचार प्रकट गर्दै "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को आठौं श्रृङ्खलामा वरिष्ठ लोक गायक श्री नारायण रायमाझीज्यूले दिनु भएको मन्तव्य

म आज यहाँ केही विचारहरु साझा गर्न चाहन्छु । सांस्कृतिक संस्थानका प्रस्तुतिहरूको निरन्तरता र यस संस्थानको क्रियाशीलता देख्दा अत्यन्तै गर्व लागेको छ । यसै अवसरमा मैले गायन, वादन, नृत्य, नाटक तथा समग्र संस्कृतिका विविध प्रस्तुतिहरु हेर्न पाउने सौभाग्य पाएँ । यस्ता प्रस्तुति हेर्दा आजभन्दा ३०/३५ वर्ष अगाडिको समयको सम्झना आयो । त्यसबेला, म राष्ट्रिय नाचघरको ठीक पछाडि डेरा गरेर बस्थेँ । त्यो समयमा पनि सांस्कृतिक संस्थानका कलाकारहरूको अद्वितीय क्षमता देख्न पाइएको थियो । तर, अहिलेको प्रस्तुति हेर्दा संस्थानको प्रगतिशीलता र यहाँका कलाकारहरूको लगनशीलता अझै उच्चस्तरमा पुगेको महसुस भएको छ ।

विशेषगरी, आज प्रस्तुत गरिएको कौडा नृत्य अत्यन्तै प्राकृतिक, जीवन्त र दमदार प्रस्तुति रहेको थियो । कलाकारहरूको स्वर र नृत्यले मलाई गहिरो प्रभाव पारेको छ । यस्तो चलायमान भाव र उत्कृष्टताको संयोजन देख्न पाउनु दुर्लभ अवसर हो । सांस्कृतिक संस्थानले यस्तो कार्यक्रम आयोजना गरेर हामी सबैलाई हाम्रो मौलिक संस्कृति र कलासँग जोड्ने महत्त्वपूर्ण काम गरेको छ ।

आजको यो दिनले मलाई सांस्कृतिक जीवनका धेरै अमूल्य सम्झनाहरूमा फर्काइदियो । यस संस्थानले अझ धेरै यस्ता अवसर प्रदान गर्दै हाम्रो संस्कृतिलाई जगेर्ना गर्न सफल रहोस् भन्ने कामना गर्दछु । विशेष गरी कला र संस्कृति राम्रोसँग बुझ्नु भएको व्यक्तित्व श्री किरण बाबु पुनज्यूलाई महाप्रबन्धक पाउनु संस्थानको लागि पनि गौरवको कुरा भएकोले संस्थानले थप उचाई लिनेमा आशावादी रहेको छु । अन्त्यमा मलाई आमन्त्रण गर्नु भएकोमा आभार प्रकट गर्दछु ।

धन्यवाद । नमस्कार ।



# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति नवौं श्रृङ्खला



**विमला के.सी.**
**पूर्व मन्त्री तथा संविधान सभा सदस्य**

"

संस्कृतिलाई सामाजिक तथा सांस्कृतिक रूपान्तरण सहित पुस्तान्तरण गर्नु अपरिहार्य रहेको विचार व्यक्त गर्दै "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को नवौं श्रृङ्खला मार्फत पूर्व मन्त्री तथा संविधान सभा सदस्य विमला केसीज्यूले दिनु भएको मन्तव्य

कलामा यस्तो अद्भूत शक्ति हुन्छ, जसले मानिसलाई गहिरो रूपमा छुन सक्छ । यसले केवल भावनालाई मात्र होइन, निर्माणको बाटोमा अग्रसर हुने दृढता र सङ्कल्प समेत दिन सक्छ । कलाको यो शक्ति असाधारण हो । यसरी महत्वपूर्ण कार्यक्रमको आयोजना गर्नुहुने सांस्कृतिक संस्थान, संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालय  र नेपाल नेपाल पर्यटन बोर्डलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

यसरी सांस्कृतिक गतिविधिहरूलाई युवाहरूको पहुँचमा पुऱ्याउने उद्देश्य राखेर कार्य गर्दा यसको प्रभाव अझ गहिरो हुनेमा म विश्वस्त छु । हामीले आज संस्कृतिलाई केवल परम्परागत सीमामा मात्र बाँधेर राख्नु हुँदैन । यसको विस्तार र नयाँ आयामहरूको खोजी गर्नु आवश्यक छ । संस्कृतिलाई उत्पादनसँग, पर्यटनसँग, सामूहिक एकतासँग, सद्भावसँग र परिवर्तनशील जोशजाँगरसँग जोड्न सक्नु पर्छ । यसलाई देशको रूपान्तरणको माध्यम बनाउनु अहिलेको आवश्यकता हो । सांस्कृतिक संस्थानलाई सातै प्रदेश र ७५३ वटै स्थानीय तहमा पुऱ्याउनु पर्छ । नेपालका हरेक कुनामा संस्कृतिको ज्योति पुऱ्याउन हामी सबैले साझा प्रयास गर्नु पर्छ । अन्त्यमा, यहाँहरु सबैको लगनशीलता, समर्पण र प्रयास झन् परिष्कृत हुँदै जाओस् भन्ने कामना गर्दै म आफ्नो भनाइ यहीँ समाप्त गर्न चाहन्छु ।

धन्यवाद, नमस्कार ।



# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति
## एघारौं श्रृङ्खला



**सत्य पहाडी**

**पूर्व मन्त्री तथा संविधान सभा सदस्य**


कुनै पनि मुलुकको विशिष्ट पहिचान संस्कृति हो, यो हाम्रो जीवन पद्धति पनि हो भन्ने विचार प्रकट गर्दै "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को ११ औं श्रृङ्खला मार्फत पूर्व मन्त्री तथा संविधान सभा सदस्य सत्य पहाडीज्यूले दिनु भएको मन्तव्य

यो कार्यक्रमको अवसरमा सांस्कृतिक विविधता र यसको महत्त्वलाई उजागर गर्नु भएकोमा म आयोजक टोलीलाई धन्यवाद दिन चाहन्छु । हाम्रो नेपाल भाषिक, सांस्कृतिक र भौगोलिक विविधताले सम्पन्न राष्ट्र हो । यही मौलिकता भित्र हामी आफ्नो पहिचान भेट्न सक्छौँ । कुनै पनि मुलुकको विशिष्ट पहिचान संस्कृति हो । यो हाम्रो जीवन पद्धति पनि हो । विदेशी पाहुना आउँदा हाम्रो मुलुकको परिचय दिने पहिलो माध्यम संस्कृति हो । यसका माध्यमबाट हामी आफ्नो पहिचानलाई विश्वभर फैलाउन सक्छौँ । यस कार्यक्रमले देशलाई चिनाउने महत्त्वपूर्ण अवसर प्रदान गर्दछ ।

यस कार्यक्रममा प्रस्तुत लघु नाटक र सांस्कृतिक कार्यक्रमले मेरो मन छोयो । आयोजक टोलीको यो प्रयासलाई म उच्च सम्मान दिन चाहन्छु । एक पूर्वमन्त्री र राजनीतिक व्यक्तित्वको हैसियतले, यस कार्यक्रमका सन्देश र आवश्यकताहरु सरकार समक्ष पुऱ्याउन म प्रतिबद्ध छु । अन्त्यमा, यस कार्यक्रमको पूर्ण सफलता र उज्ज्वल भविष्यको कामना गर्दछु ।

धन्यवाद । नमस्कार ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति
## बाह्रौं श्रृङ्खला



**डा. अर्जुन कार्की**
**पूर्व राजदुत तथा RRN अध्यक्ष डा. अर्जुन कार्की**

"हाम्रो संस्कृति नै राष्ट्रको अमूल्य सम्पत्ति हो । संस्कृति संरक्षणका लागि जति ठूला भवन, सडक र विश्वविद्यालयहरु बनाउन लगानी गरेका छौँ, त्यति लगानी गर्न अपरिहार्य रहेको विचार प्रकट गर्दै "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को १२ औं श्रृङ्खलामा पूर्व राजदुत तथा RRN अध्यक्ष डा. अर्जुन कार्कीज्यूले दिनु भएको मन्तव्य

नेपाल र नेपालीको पहिचान संस्कृति र संस्कृति बचाउने धरोहरूलाई सर्वप्रथम म सम्मान गर्न चाहन्छु । आजको यस कार्यक्रमले नेपालको सच्चा पहिचान झल्काएको छ । नेपाली जनताको प्रतिनिधित्व गर्दै, मैले अमेरिका लगायत सात वटा देशमा राजदूतको रूपमा सेवा गर्ने मौका पाएँ । त्यहाँ बसेर मैले महसुस गरेको सत्य के हो भने, कुनै पनि मुलुकको पहिचान भनेकै त्यो मुलुकको संस्कृति हो । संसारका साना ठूला राष्ट्रहरूले आफ्नो संस्कृति, साहित्य, र कलामा ठूलो लगानी गरेका छन् । तर, दुःखका साथ भन्नुपर्छ, हाम्रो देशमा लोकतन्त्र आए पछि पनि हाम्रो संस्कृति र हाम्रा कलाकारहरूको विकासमा हामीले पर्याप्त ध्यान दिन सकेका छैनौँ । यहाँ उपस्थित कलाकारहरु केवल मनोरञ्जन दिनु हुने व्यक्तिहरु मात्र होइन, उहाँहरूले हाम्रो मुलुकको पहिचानलाई विश्वभर फैलाउन महत्त्वपूर्ण योगदान दिनु भएको छ ।

नेपाल विशिष्ट पहिचान भएको देश हो । हाम्रो भाषा, संस्कृति र कला हाम्रा अमूल्य सम्पत्ति हुन् । तर ठूला भवन, सडक र विश्वविद्यालयहरु बनाउन जति लगानी गरेका छौँ, त्यति लगानी हामीले हाम्रो कलाकार र कलाको क्षमता विकासका लागि लगानी गर्न सकेका छैनौँ । यहाँ उपस्थित हाम्रा आदरणीय कलाकार, उहाँहरूले आफ्नो सम्पूर्ण जीवन कला र संस्कृतिमा समर्पित गर्नु भएको छ । आजको कार्यक्रमले हाम्रो सांस्कृतिक सम्पदालाई बचाउन र प्रवर्द्धन गर्न प्रेरणा दिएको छ । यसका लागि म आयोजक टोलीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, म तपाईंहरूसँग एउटा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । यो अभियानमा म व्यक्तिगत रूपमा वा संस्थागत रूपमा जति सक्दो सहयोग गर्न तयार छु । यस अभियानमा कार्यक्रममा तपाईँहरूको पहलकदमीमा मैले कुनै पनि हिसाबले योगदान पुऱ्याउनु सक्ने ठाउँ तपाईंले देख्नुभयो भने मलाई सम्पर्क गर्नुहोस् म व्यक्तिगत रूपमा संस्थागत रूपमा तपाईहरूको यो अभियानमा साथ दिने प्रतिबद्धताका जाहेर गर्दै बिदा हुन्छु । मलाई प्रमुख अतिथिको रूपमा आमन्त्रण गर्नु भएकोमा सांस्कृतिक संस्थानलाई विशेष आभार प्रकट गर्दछु ।

धन्यवाद । नमस्कार ।

# सांस्कृतिक संस्थानको ५२ औं वार्षिकोत्सव



**माननीय श्री हित बहादुर तामाङ**

**तत्कालीन मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

"

संस्कृति संरक्षण सहित राष्ट्रको समृद्धि तर्फ जोड्ने वातावरण निर्माण गर्नु आजको आवश्यकता रहेको विचार व्यक्त गर्दै तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री हित बहादुर तामाङज्यूले सांस्कृतिक संस्थानको "५२ औं वार्षिकोत्सव" मार्फत दिनु भएको मन्तव्य


संस्कृतिको माध्यमबाट मुलुक र जनताका सामु कस्तो सन्देश प्रवाह गर्ने भन्ने कुरा विशेष मध्यनजर गर्दै सांस्कृतिक संस्थानले आफ्नो जिम्मेवारी र भूमिका निर्वाह गर्नु पर्दछ । स्वागत मन्तव्य प्रस्तुत गर्ने क्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनले पनि समग्र विषय वस्तुहरु राखी सक्नु नै भएको छ । संस्कृति समाज रूपान्तरणको सशक्त माध्यम हो । संस्कृति रूपान्तरणसँगै समाज रूपान्तरणको लागि नेपाल सरकारको ऐतिहासिक पृष्ठभूमि बोकेको एकमात्र ज्येष्ठ एवम् आधिकारिक निकाय सांस्कृतिक संस्थानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकै छ । नेपाल बहुल जातजातिको सांस्कृतिक विविधताले भरिपूर्ण राष्ट्र भएकै कारण संस्कृतिबाटै समृद्धिको आधार निर्माण तर्फ विशेष ध्यानाकर्षण गरी नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले संस्कृति संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण तथा पुस्तान्तरणका लागि राज्यको नीतिलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउन जोड दिएको छ । मन्त्रालयको संस्कृति सम्बन्धी वकालत गर्ने ज्येष्ठ प्रमुख निकाय सांस्कृतिक संस्थान भएकोले नेपाल र नेपालीको पहिचानसँग जोडिएको संस्कृति जस्तो संवेदनशील विषयलाई संरक्षण तर्फ संस्थानको विशेष पहल अपरिहार्य छ ।

पर्यटन लक्षित सांस्कृतिक कार्यक्रम उत्पादनतर्फ संस्थानले विशेष ध्यान दिई राष्ट्रको समृद्धि संस्कृतिबाटै सम्भव छ भन्ने कुरा पनि प्रमाणित गर्दै आएको छ । संस्कृतिका माध्यमबाट आर्थिक समृद्धिको मार्ग निर्माणमा संस्थानको यात्रा सदा लम्किरहोस् भन्ने मेरो शुभकामना छ । अन्तत नेपाल र नेपालीहरूको लागि गौरवमय इतिहास बोकेको सांस्कृतिक संस्थानको ५२ औं वार्षिक उत्सवको अवसरमा संस्थान संस्कृतिको रक्षाको लागि सदा प्रतिबद्ध हुन सकोस् भन्ने शुभेच्छा प्रकट गर्दै वार्षिक उत्सवको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । यसको साथै अघि नै यस संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले जुन विषयवस्तुहरु राख्नु भएको छ, त्यसमा मेरो ध्यानाकर्षण भएको छ । कि यो सांस्कृतिक संस्थानको भवन निर्माणको लागि नेपाल सरकारको तर्फबाट अनुदान स्वरूप प्राप्त हुनु पर्ने रकम त्रुटिपूर्ण ढंगले ऋणमा परिणत हुन गएको भन्ने कुरा ज्यादै दु:खद भएकोले, यसको समाधानको निम्ति म यस संस्थानको अभिभावकीय मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको तर्फबाट पहल हुनेछ भन्ने कुरा प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद, अभिवादन ।



# कला प्रशिक्षण ३२ औं समूह दीक्षान्त समारोह



**डा. सुरेश सुरस श्रेष्ठ**
**संस्कृति महाशाखा प्रमुख**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

"

राष्ट्रिय नाचघरको इतिहासलाई कायम राख्नु संस्थानको दायित्व हो । जन्मिसके पछि मृत्यु पर्यन्त गरिने हरेक क्रियाकलापहरु नै संस्कृति भित्र पर्दछन् भन्ने विचार प्रकट गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा. सुरेश सुरस श्रेष्ठज्यूले "कला प्रशिक्षण ३२ औं समूह दीक्षान्त समारोह" मा दिनु भएको मन्तव्य


कला प्रशिक्षण नामले पनि आफूमा भएको कुनै पनि सीप अथवा कुनै पनि ज्ञान अर्को कसैलाई प्रदान गरी दीक्षित गराउँदाको क्षण आफैमा महत्त्वपूर्ण हुन्छ । कला मानिसको अभिन्न अङ्ग हो । हामीले जे जति गर्छौं, त्यो सबै वास्तवमा तुलनात्मक रुपमा हाम्रो जीवनसँग हेर्ने हो भने, सबै कुराहरु कला हो । यी सबै कुरा संस्कृति अन्तर्गत पर्दछन् । संस्कृति वास्तवमा मानव जीवन अथवा मानव सामाजिक जीवन, यो आफैमा संस्कृति हो । संस्कृति भित्र कलाका सम्पूर्ण रुपहरु पर्दछन् । बाँकी जे जति हामी काम गर्छौं त्यो सबै संस्कृति अन्तर्गत पर्दछ । मानिसले जीवनमा जन्मिसकेपछि मृत्यु पर्यन्त गर्ने हरेक क्रियाकलापहरु संस्कृति भित्र पर्दछन् । एउटा सामाजिक प्राणीको रुपमा समाजमा रहेको जे जति क्रियाकलाप गर्छौं, त्यो नै संस्कृति हो । जुन क्रियाकलापहरु गर्छौं, ती सबै कलाहरुको रुपमा ले लिने गर्छौं । जहाँ कलालाई पूजा गरिन्छ, त्यहाँ समाज सुसंस्कृत हुन्छ । त्यसकारण कला कुनै पनि किसिमको कला हुन सक्छ तर कतिपयलाई लाग्न सक्छ कि गायन, वादन, नृत्य वा अभिनय गर्नु मात्र कला हो । अझै कतिपयलाई लाग्न सक्छ कि पेन्टिङ मात्र कला हो । तर कला विभिन्न किसिमका हुने गर्दछन् कि हिजोआज यहाँहरूले हेर्नु भयो भने वक्तृत्व कला बोलेरै पनि एक किसिमको कला हो । जो सँग बोल्ने सीप छ, त्यो बोलीबचन

नै मिठो तरिकाले प्रस्तुत गर्ने पनि कला हो । वक्तित्व वा वाचन कलाले पनि मान्छे आफ्नो जीवन यापन गरिरहेको प्रशस्त माध्यमहरू लिन सक्छौँ । यति मात्रै नभई यी बाहेक अन्य थुप्रै कलाहरु जन्म देखि मृत्यु पर्यन्तका क्रियाकलापहरु हुने गर्दछन् ।

आज यस सांस्कृतिक संस्थानमा पहिलो प्रशिक्षण देखि ३२ औं समूहको प्रशिक्षण दिने काम, प्रशिक्षित हुने काम सकिएको छ । प्रशिक्षण भन्ने बित्तिकै प्रशिक्षकहरूले प्रशिक्षार्थीलाई आफ्नो जानेको वा विधि रूपमा जान्नु पर्ने कुरालाई सिकाउने तिर चित्रण गर्दछ भने दीक्षान्तले त्यो सबै कुरा परिपूर्ण भयो है, आजको दिन देखि भन्ने चित्रण गर्दछ, त्यसकारणले यो परिपूर्ण वा परिपक्व भएको प्रमाणको रूपमा दीक्षान्तलाई लिने गरिन्छ । हामीले एकेडेमिक रूपमा हेर्ने हो भने पनि विभिन्न विश्वविद्यालयहरूले दीक्षान्त समारोह गरे जस्तै आज वास्तविक रूपमा कलामा भरिपूर्ण भइसकेको तथा दीक्षित भई सकेको हो भनेर आजको कार्यक्रम ३२ औँ समूहलाई दीक्षान्त समारोह गरेको हो, भन्ने मलाई लाग्छ । यस अर्थमा सुरूमै स्वागत मन्तव्यको क्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले धेरै कुराहरु गरिसक्नु भएको छ ।

नेपालको परिवेशमा हेर्ने हो भने संस्कृति र संस्कृतिसँग सम्बन्धित धेरै कुराहरु गर्दा खेरी धेरै समस्याहरु मात्रै भेट्दछौं । समस्याहरु पनि आइ नै रहन्छन् तर संस्कृतिलाई संस्थागत रूपमा कानुन सम्मत विकास गरिनु पर्छ । तर हाम्रो नेपालको दृष्टिकोणमा हेर्ने हो भने सुरू देखि नै यो सामाजिक संस्थाको रूपमा विकास भएको देखिन्छ । अहिले भर्खरै प्रस्तुत गर्नु भयो भाइबहिनीहरूले चर्या नृत्य त्यसमा तीन किसिमको नृत्यहरु रहेको थियो । त्यो नृत्यमा छुट्टाछुट्टै भावहरु रहेका छन् कि त्यसले के चाहिँ सन्देश दिइरहेको छ, समाजलाई के भनिरहेको छ, त्यसले महत्त्व राख्दछ । जस्तैः पञ्चबुद्ध चर्या बारे मलाई लाग्छ, मध्यकालमा नेपालमा विकास भएको बौद्ध धर्म अनुसार बौद्ध धर्म पञ्चज्ञानी बुद्धको धारणा आयो । पञ्चबुद्धलाई पूजा गर्ने आराधना गर्ने एउटा कला विकास भयो । पञ्चज्ञानी बुद्धलाई प्रार्थना गर्दा प्रार्थनाका लयहरु, प्रार्थनाका शब्दहरु जो कोही मानवले नबुझ्ला तर पञ्चज्ञानी बुद्धलाई यसरी तपस्या गर्न सक्छौं है, आराधना गर्न सक्छौ है, भन्ने भाव सबैलाई बुझाउँछ ।

नामांकरण परिमार्जन भएर सांस्कृतिक संस्थान हुँदाखेरी जो कोही मानिसले पनि थाहा पाउँदै गरेको राष्ट्रिय नाचघर भन्ने जुन पहिचान थियो, त्यो मेटिँदै गएको देखिन्छ । राष्ट्रिय नाचघरको इतिहासलाई सांस्कृतिक संस्थानले पछिल्लो समय




आफै भित्र समाहित गरिसकेको छ । तर त्यो राष्ट्रिय नाचघरको इतिहासलाई पनि कायम राख्ने हो भने मात्रै अझ यसले ऐतिहासिक विरासत कायम कायम राख्ने छ । यो कुरालाई समेत मध्यनजर राखेर सांस्कृतिक संस्थानको नेतृत्व र सम्पूर्ण कर्मचारीहरूले चिन्तन मनन गर्नु हुने छ भन्ने मलाई विश्वास छ ।

पहिलो समूह देखि ३२ औं समूह सम्म आइपुग्दा हरेक प्रशिक्षार्थी, हरेक प्रशिक्षकवर्ग कहाँ-कहाँ के गर्दै हुनुहुन्छ ? कुन अवस्थामा हुनुहुन्छ ? सबैको खोज अनुसन्धान गरेर नामावली सङ्कलन गरेर एउटा पुस्तक प्रकाशन गर्ने र उहाँहरूलाई पनि विभिन्न क्रियाकलापमा सहभागी गर्न सके अझ सांस्कृतिक संस्थानलाई इतिहासमा गर्व गर्ने ठाउँ रहन सक्छ । कला प्रशिक्षण क्रियाकलापलाई अझै व्यवस्थित गर्न विश्वविद्यालय तथा सिटिईभिटीसँग सम्बन्धनको विषयमा मन्त्रालयबाट हुनु पर्ने भूमिकामा मेरो पूर्ण साथ रहने छ । आजको यस सभ्य एवम् भव्य कार्यक्रममा प्रमुख अतिथिको रूपमा आमन्त्रण गर्नु भएकोमा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यू तथा संस्थान परिवारमा आभार व्यक्त गर्दछु ।

धन्यवाद । नमस्कार ।

# श्री रिद्धि सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव



**माननीय श्री बद्री प्रसाद पाण्डे**

**मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

"परम्परागत संस्कृतिमूलक पर्व गाईजात्राको संरक्षण तथा प्रवर्द्धनका निम्ति सांस्कृतिक संस्थानको ऐतिहासिक कार्यक्रम बन्न सफल भएको विचार प्रकट गर्दै "श्री रिद्धि सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव २०८१" मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूले दिनु भएको मन्तव्य

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता भएको राष्ट्र नेपालको पहिचान विभिन्न मौलिक चाडपर्वहरु मार्फत झल्किन्छन् । मौलिक चाडपर्वहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यका साथ सांस्कृतिक संस्थानले आयोजना गरेको नेवार समुदाय विशेष सांस्कृतिक पर्व गाईजात्रा (सापारू) विशेष "श्री रिद्धि सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव २०८१" सभ्य-भव्य रूपमा सम्पन्न हुनेछ भन्नेमा म विश्वस्त छु । प्राचीन सांस्कृतिक परम्परा, मूल्य-मान्यता र सभ्य संस्कृति समाहित प्रहसन सहित उत्सवका रूपमा मनाउन आज भदौ ३ गतेदेखि १० गतेसम्म सञ्चालन हुने यस कार्यक्रमले समाजमा एउटा नयाँ सांस्कृतिक सन्देश सम्प्रेषण गर्नेछ । विभिन्न सांस्कृतिक पर्वको संरक्षणको अभावमा नेपाली संस्कृति नै संकटमा पर्ने खतरा बढेको परिवेशमा नयाँ पुस्तामाझ प्राचीन संस्कृतिको मूलमर्म सही रूपमा सम्प्रेषण गर्न सिर्जनशील किसिमले सांस्कृतिक पर्व गाईजात्रा विशेष महोत्सव आयोजना गर्नुले नेपालको गौरव नेपाली संस्कृति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म विकास हुन टेवा पुग्नेछ ।

गाईजात्रा नेवार समुदाय विशेष सांस्कृतिक पर्व हो । यो नेवार संस्कृतिबाट सुरु भएको जात्रा हो । शोक र मृत्युसँग सम्बन्धित रहेको गाईजात्रा पर्वले नेपाली संस्कृतिले शोकसँगै हाँसोमा पनि साथ दिन्छ भन्ने प्रतीकात्मक अर्थ बोकेको पाइन्छ । गाईजात्रामा हाँसो र व्यङ्ग्यको शुरूआत मध्यकालमै भएको हो । राजा प्रताप मल्लले मृत्यु शाश्वत सत्य हो भन्ने देखाउँदा समेत रानीको चित्त शान्त नभए पछि हास्य प्रयोग गरेर गाईजात्रा पर्वको सुरूवात गरेको इतिहास समेत हामी पाउँछौं । यसर्थ गाईजात्रा पर्व हाँसो र आँसुको संगम रही आएको पाइन्छ । नेपाली समाजमा गाईजात्रा व्यङ्ग्य गर्ने अवसरको रूपमा समेत परिचित छ । वर्ष दिनभित्र मरेका दिवंगत आफन्तको सम्झनामा मनाइने यस पर्वले धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्व बोकेको छ । नेवारी भाषामा यो पर्वलाई 'सापारु' भनिन्छ । काठमाडौं उपत्यकाकै विभिन्न सहरमा यो पर्व मनाउँदाका कतिपय फरक विशेषता छन् । यी फरकफरक सांस्कृतिक विशेषतालाई लोप हुन नदिई परम्परागत रूपमा सभ्य ढंगले गाईजात्रा मनाउनु पर्छ भन्ने सन्देश समेत यस कार्यक्रमले दिनेछ ।

गाईजात्राको अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गर्न सार्वजनिक रूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना गर्ने र पत्रपत्रिकाहरूमा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अङ्क प्रकाशित गर्ने चलन पनि हाल बढेको पाइन्छ । गाईजात्रामा पछिल्लो समय अभिव्यक्त गरिने व्यङ्ग्यात्मक प्रस्तुतिमा राजनीतिक र सामाजिक विसङ्गतिहरूलाई लक्षित गर्ने परिपाटी रहेको छ । गाईजात्राको अवसरमा परम्परागत रूपमा र लोकतान्त्रिक पद्धति अनुसार पनि व्यङ्ग्य गर्ने छुट रहेको पाइन्छ । तर अतिरञ्जित किसिमले प्रहसन गरिने प्रचलन रहेकोले यस प्रति सांस्कृतिक संस्थानले विशेष ध्यानाकर्षण गरी कन्टेन्टलाई सभ्य रूपमा प्रस्तुत गर्ने परम्पराको थालनी गर्न सकोस् भन्दै, स्वागत मन्तव्यको क्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले राख्नु भएको संस्थानको समस्या प्रति अभिभावकीय मन्त्रालयको मन्त्री भएको हैसियतले मेरो गम्भीर ध्यानाकर्षण भएको र समाधानको लागि विशेष पहल हुने प्रतिबद्धता व्यक्त गर्दै, विकृति, बेथिति निर्मूल पार्न जतिसुकै अलोकप्रिय बन्न परे पनि संस्थानको नेतृत्व पछि नहट्नु त्यसमा मेरो पूर्ण साथ रहने समेत प्रतिबद्धता व्यक्त गर्दै, सिर्जनशील र रचनात्मक ढंगले संस्थान अघि बढोस् भन्दै गाईजात्रा पर्व २०८१ को सबैलाई शुभकामना तथा "श्री रिद्धि सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव २०८१" को पुनः सफलताको कामना व्यक्त गर्दै मेरा भनाई अन्त्य गर्छु ।

धन्यवाद । नमस्कार ।

# अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिता



**ओनसरी घर्ति मगर**
**पूर्व सभामुख**

"नयाँ संस्कृति निर्माणका लागि नारी सशक्तिकरण अपरिहार्य रहेको तथा जब नारीबाटै राज्य सञ्चालन हुन्छ, तब मात्रै सोचेको जस्तो राष्ट्र समृद्धिको सपना साकार हुन्छ भन्ने विचार प्रकट गर्दै पूर्व सभामुख ओनसरी घर्ति मगरज्यूले दिनु भएको मन्तव्य



हिन्दु नारीहरूको महान् पर्व हो तीजको अवसरमा सर्वप्रथम सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । आजको यो दिन हाम्रो विशेष दिन हो । जसरी सांस्कृतिक संस्थानले हामीलाई यो अवसर जुरायो, हामी एक साथ यस स्थानमा आफ्ना कला, गला र विभिन्न प्रकारका अन्तरक्रियाहरु सँगसँगै गर्नेछौ । यस भव्य कार्यक्रममा मलाई प्रमुख अतिथि र बोल्ने मौका दिनुभएकोमा म यस संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगितामा १४ वटा संस्थानबाट उपस्थित सम्पूर्ण साथीहरूको उत्साह कहिल्यै नमरोस् । यो कार्यक्रमले अघि बढ्नका लागि तपाईंहरूलाई सधैँ जितको मार्गदर्शन गरोस् । म तपाईंहरूलाई छातीमा हात राखेर भन्न चाहन्छु । मलाई सभामुख जस्तो गरिमामय कार्यकारी पदको जिम्मेवारीसँगै चुनौतीको भारी पनि थियो । तर, म भन्न सक्छु कि, आदरणीय सम्पूर्ण दिदीबहिनीहरु, तपाईंहरूले आज मुख छोप्नु पर्ने वा शिर झुकाउनु पर्ने समय छैन । तपाईंहरूको शिर सदा उच्च राख्ने म आफैँले प्रयास गरे । यसबाट सम्पूर्ण दिदीबहिनीहरूले नयाँ ऊर्जा आत्मसात् गरी राज्यका हरेक जिम्मेवारी सफलतापूर्वक एक नारीले निर्वाह गर्न सक्छ भन्ने पाठ सिक्नु पर्छ ।

सरकारी निजामती सेवामा थोरै मात्रै समावेशी अभ्यास गर्दा पनि हाम्रा दिदीबहिनीहरु सुब्बा, खरिदार अधिकृत, उपसचिव, सहसचिव, मुख्य सचिव सम्म हुनु भएको छ । हामीलाई ७७ वटै जिल्लाका लागि सिडिओ आवश्यकता परेको खण्डमा पनि दिदीबहिनीहरूको संख्याले पुग्छ । तीज पर्व हाम्रो संस्कार र संस्कृति अनुसार एक शालीन पर्व हो । यसमा दिदीबहिनी, दाजुभाइ, माइती र चेलीबीच अन्तरङ्ग सम्बन्ध बनाउने अवसर हो । यो पर्व केवल दुःख, कष्ट र वेदना पोख्ने मात्र होइन, प्रगतिका कुराहरु गर्ने अवसर पनि हो । तपाईंहरु १४/१४ वटा संस्थाबाट यहाँ उपस्थित हुनु हुन्छ । छोटो भए पनि आफ्ना अनुभवहरु साटासाट गर्नुहोस् । प्रगति गर्नका लागि हामीले अघि बढ्ने मार्ग पहिल्याउनु पर्छ । तीज पर्व महिलाहरूको लागि केवल एक खुड्किलो होइन, गुणात्मक रूपमा शिखर चुम्ने अवसर पनि हो । हाम्रो संस्कार र संस्कृतिलाई हामी निरन्तरता दिनेछौं, नयाँ पुस्तामा हस्तान्तरण गर्नेछौं । तर, त्यससँगै हाम्रा प्रगतिका कुराहरु पनि गरौं । जे कुरामा हाम्रो क्षमता छ, त्यसलाई प्रोत्साहन गरेर शिखर चुम्ने लक्ष्य राख्नु पर्छ । जहाँ तपाई हुनु हुन्छ, त्यही ठाउँबाट सफलता प्राप्त गर्ने लक्ष्य राख्नु पर्छ । सुब्बा वा खरिदार हुनुहुन्छ भने, मुख्य सचिव बन्ने सपना देख्नु पर्छ । त्यसका लागि तयार हुनुहोस् । त्यतिमात्र नभई नयाँ संस्कृति निर्माणका लागि नारी सशक्तिकरण अपरिहार्य छ । जब नारीबाटै राज्य सञ्चालन हुन्छ, तब मात्रै सोचेको जस्तो राष्ट्र समृद्धिको सपना साकार हुन्छ । त्यसैले म गर्वका साथ भन्छु, कि दिदीबहिनीहरूको लागि हामीले मूल ढोका खोलेका छौं । अब पालो तपाईंहरूको हो । अगाडि बढ्नुहोस् भन्दै फेरि पनि तीजको शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद । नमस्ते ।




# तीज विशेष शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम २०८१



**श्री सावित्री अधिकारी**
**सामाजसेवी**

"नारीहरूको महान् सांस्कृतिक पर्व तीजको प्राचीन संस्कृतिलाई शिरोपर गर्दै दर खाने नाउँमा भइरहेको विकृति अन्त्य गरी, सभ्य संस्कृति स्थापना गरी तीजलाई मनाउनु पर्छ, भन्ने विचार प्रकट गर्दै "तीज विशेष शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम २०८१" मार्फत समाजसेवी श्री सावित्री अधिकारीज्यूले दिनु भएको मन्तव्य

दर खाने प्रचलनमा आजभोलि विकृति बढ्दै गएकोले सभ्य एवम् मूल्यमान्यता अनुरूप दर खाने संस्कृति विकास गर्नु पर्छ भन्ने सन्देश समाजमा सम्प्रेषण गर्नको निम्ति र महिला कर्मचारीहरूको योगदानलाई सम्मान गर्ने उद्देश्यले आयोजना गरिएको यो कार्यक्रम अर्थपूर्ण रहेको छ ।

नारीलाई शोषण, दमन, अन्याय, अत्याचार गर्ने व्यवस्थाबाट माथि उठेर आज एउटी नारीले स्थान पाइन् भने यो राज्य व्यवस्था नै सभ्य ढंगले सञ्चालन गर्न सक्छन् भन्ने कुरा प्रमाणित भएको छ । म एउटा समाजसेवामा विशेष रूची राख्दछु । अझै पनि हाम्रो देशबाट दैनिक हजारौं युवा पलायन भइरहेका छन् । पलायन भएका कति युवाको जीवनस्तर राम्रो भयो होला तर कतिको जीवन घर न घाट भएको छ । जाँदा सकुशल गएका युवा फर्कदा काठको बाकसमा फर्किनु पर्ने विडम्बना छ । काठको बाकसमा स-सम्मान घरसम्म पुग्ने वातावरण छैन । कतिको लास विदेशमै अलपत्र पर्ने अवस्था छ । त्यस्तो अवस्था नआओस् भनेर सकेसम्म स-सम्मान काठको बाकस घरसम्म पुऱ्याउने वातावरण निर्माणमा विगत देखि म एउटी नारी निडर भएर खटिएकी छु । त्यसैले म भन्छु कि हामी नारीहरूले स्थान पाए जे पनि जिम्मेवारी कर्तव्यनिष्ठ भई निर्वाह गर्न सक्छौं ।

यहाँ धेरै दिदीबहिनीहरु हुनु हुन्छ । तीजको दर खाने कार्यक्रमलाई सभ्य ढंगले मनाउन प्रतियोगितात्मक कार्यक्रमहरु राख्दा झनै उत्कृष्ट भएको महसुस गरेको छु । तीज पर्व नारी जागरणको एक आवाज पनि हो । तीज गीतको माध्यमबाट नारीहरूले जागरणको आवाज बोलेको पाउँछौं । जसको कारण सांस्कृतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । सांस्कृतिक संस्थानका दिदीबहिनीहरूले तीजलाई सभ्य ढंगले मनाउन समाज जागरणको कार्य गर्नु पर्छ । संस्थानका दिदीबहिनीहरु पनि भोलि राज्यका ठूलाठूला ओहदामा पुग्नु पर्छ ।

अन्त्यमा, मैले मेरो तर्फबाट सांस्कृतिक संस्थानको हित र दिदीबहिनीहरूलाई के गर्नु पर्छ, भन्नु होला म सदा तत्पर हुनेछु भन्दै यो अवसर जुटाउने संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन र सम्पूर्णलाई आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद । नमस्कार ।




# “चाडपर्व विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१”



**मानननीय श्री अरूणकुमार चौधरी**
**राज्यमन्त्री**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन**

“

संस्कृति बचाउनको निम्ति राज्यले विशेष चिन्ता र लगानी गर्नु पर्ने जरूरत रहेको विचार प्रकट गर्दै "चाडपर्व विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१" मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्य मन्त्री माननीय श्री अरूणकुमार चौधरीज्यूले दिनु भएको मन्तव्य

आजको यो कार्यक्रममा विभिन्न प्रस्तुति र हास्यकलाकारहरूको माध्यमबाट समाजका गहिरा अनुभूतिहरू, जनताको आक्रोश र संस्कृतिसँग सम्बन्धित विषयवस्तु प्रस्तुत गरिए, जसले मलाई गहिरो प्रभाव पाऱ्यो । म नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीको जिम्मेवारीमा छु । सम्माननीय प्रधानमन्त्रीज्यूले मलाई सपथ ग्रहणका क्रममा निर्देशन दिनुभएको थियो कि "तपाईंको जिम्मेवारी मन्त्रीज्यूलाई सघाउने र समस्याहरूको समाधानको उपाय देखाउने हो ।" यस जिम्मेवारीलाई आत्मसात् गर्दै, म तपाईंहरूको सुझाव र सल्लाहलाई पूर्ण समर्थन गर्दै अघि बढ्नेछु ।

म सुदूरपश्चिमको कैलाली क्षेत्र नम्बर २ बाट प्रतिनिधित्व गर्छु । यस यात्रामा, मैले आफ्नो पहिचान र संस्कृतिसँग सम्बन्धित मुद्दाहरु कहिल्यै छोडिन । आज म यो जिम्मेवारीमा रहँदा संस्कृतिको संरक्षण, प्रवर्द्धन र समृद्धिका लागि तपाईंहरु सबैसँग सहकार्य गर्न प्रतिबद्ध छु । सांस्कृतिक पहिचान हराउँदै जाँदा हाम्रो अवस्था कस्तो हुनेछ, भन्ने गहिरो चिन्ताले मलाई झस्काउँछ । आगामी दिनमा, संस्कृति बचाउनका लागि हाम्रो राज्यले अझै धेरै लगानी गर्नु पर्ने आवश्यकता छ । कलाकार साथीहरूका माध्यमबाट संस्कृति बचाउन थालिएको प्रयास सराहनीय छ, तर यसमा राज्यको ठोस सहयोग आवश्यक छ ।

नेपाल सरकारको वार्षिक बजेट तथा मन्त्रालय अन्तरगतका विभिन्न निकाय जस्तै पर्यटन बोर्ड जस्ता संस्थाहरूको बजेट निर्माण र अन्य योजनामा तपाईंहरूको योगदानको कदर गर्दै संस्कृति संरक्षण तथा प्रवर्द्धन सम्बन्धी बजेट तर्जुमा गरिनु पर्छ । तपाईंहरूको सुझाव र सल्लाहका लागि मेरो मन्त्रालयको ढोका सधैँ खुला छ । हाम्रो साझा प्रयासले मात्र हाम्रो संस्कृतिलाई बचाउन सकिन्छ ।

बडा दशैं, शुभ दीपावली, छठ पर्वको अवसरमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । विषम परिस्थितिहरूलाई पार गर्दै हाम्रो संस्कृतिलाई नयाँ उचाइमा पुऱ्याउने प्रेरणा आजको यो कार्यक्रमले प्रदान गरोस् भन्दै म यहाँबाट बिदा हुन्छु ।

धन्यवाद । नमस्कार ।

# तिहार विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम



**तुलसी दिवस**
**वरिष्ठ संस्कृतिविद्**

"संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रमुख निकायका रूपमा सांस्कृतिक संस्थानलाई तुरुन्तै नाम परिमार्जन गरी सांस्कृतिक प्रतिष्ठान नामाकरण गरी विस्तार गरिनु अपरिहार्य भन्ने विचार सहित "तिहार विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१" मार्फत वरिष्ठ संस्कृतिविद् श्री तुलसी दिवसज्यूले दिनु भएको मन्तव्य



तिहार विशेष कार्यक्रम आयोजना गरेर सांस्कृतिक संस्थानले नेपाली संस्कृतिको रक्षार्थ राष्ट्रिय नाचघरको इतिहास झल्किने गरी एउटा अविस्मरणीय कोसेढुङ्गा स्थापित गर्ने प्रयास गरेको छ । संस्कृतिको व्याख्या विश्लेषण गहिरो तरिकाले गर्नु पर्दछ । नेपालको संस्कृति केवल चाडपर्व र भेषभूषामा सीमित छैन । यो विविधताले भरिएको देश हो, जहाँ हावापानी, भूगोल र समुदायहरूले आफ्नो विशिष्ट परम्परा र कलाहरु सिर्जना गरेका छन् । हिमाल देखि तराई सम्म गाइने गीत, नाचिने नृत्य र बजाइने बाजाहरूले हरेक क्षेत्रको आफ्नै विशेषता झल्काउँछन् ।

मैले संसारभरका ५० भन्दा बढी देश भ्रमण गर्दा नेपाली कला र संस्कृतिको महत्त्व झन गहिरो रूपमा महसुस गरेको छु । नेपाली संस्कृति बारे वकालत गर्दा मैले कहिल्यै आर्थिक कठिनाई भोग्नु परेन, बरू यही सांस्कृतिक सम्पदाले मलाई संसारभर परिचित गरायो । मलाई गर्व छ कि हाम्रो देशको सांस्कृतिक विविधताले विश्वभर हाम्रो पहिचान फैलाउन सक्ने क्षमता राख्छ । सांस्कृतिक संस्थानले हाम्रो सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेको छ । आजको यो कार्यक्रम त्यसको एक उत्कृष्ट उदाहरण हो । यस्ता कार्यक्रमले मात्र होइन, हामी सबैको निरन्तर प्रयासले पनि हाम्रो संस्कृति र कलाकारितालाई विश्वभर चिनाउन सहयोग पुऱ्याउँछ ।

नेपालको प्रत्येक भागको कला र संस्कृति आफ्नै किसिमले अनौठो र विशेष छ । हिमालमा गाइने लोकगीत, पहाडमा बजाइने परम्परागत बाजा र तराईका नृत्यहरूले हाम्रो देशलाई सांस्कृतिक रूपमा धनी बनाएका छन् । यो विविधता केवल मनोरञ्जनका लागि होइन, हाम्रो पहिचानको आधारस्तम्भ पनि हो । तर, यी संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्न हामी सबैले आ-आफ्नो ठाउँबाट योगदान दिनु पर्छ । कलाकारहरूलाई सम्मान दिनुका साथै उनीहरूको जीवनयापनको उचित व्यवस्था गर्नु पनि अत्यावश्यक छ । संस्थागत पहलसँगै व्यक्तिगत र सामूहिक प्रयासद्वारा मात्र हाम्रो सांस्कृतिक सम्पदा सुरक्षित हुनेछ । सांस्कृतिक संस्थानले यस कार्यक्रम मार्फत हाम्रो संस्कृति र कलालाई संरक्षण र प्रोत्साहन गर्न जारी राख्ने विश्वास लिएको छु । हामी सबैले यस प्रयासलाई निरन्तरता दिन सहयोग गर्नुपर्छ । चाडपर्व, सङ्गीत र नाटक केवल मनोरञ्जनका साधन होइनन्, यी हाम्रो पहिचानका जिउँदो प्रतीक हुन् । कलाकारितालाई सम्मान र संरक्षण गरेर देशको सांस्कृतिक सम्पदालाई अझै समृद्ध बनाउनु हाम्रो सामूहिक जिम्मेवारी हो । राष्ट्रिय नाचघरलाई सांस्कृतिक संस्थान रूपमा विस्तार गर्नु न्यायोचित देखिँदैन, किनकी संस्कृतिलाई व्यावसायिक रूपधारण गराउनु आफैमा दुःखद हो । बरू यसलाई संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रमुख निकायका रूपमा सांस्कृतिक संस्थानलाई तुरुन्तै नाम परिमार्जन गरी सांस्कृतिक प्रतिष्ठान नामाकरण गरी विस्तार गरिनु अपरिहार्य छ ।

अन्त्यमा, मलाई प्रमुख आतिथिको लागि आमन्त्रण गर्नु भएकोमा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यू लगायत संस्थान परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै तिहारको सबैलाई शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । नमस्कार ।

# सम्झनामा नारायण गोपाल साङ्गीतिक समर्पण कार्यक्रम



**मानननीय भुपाल राई**
**कुलपतिः नेपाल प्रज्ञा प्रतिष्ठान**

"तीन जना महाप्रबन्धकको भावनात्मक संयोजन संस्कृतिले जुरायो भन्ने विचार व्यक्त गर्दै "सम्झनामा नारायण गोपाल साङ्गीतिक समर्पण कार्यक्रम २०८१" मार्फत प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री भुपाल राईज्यूले दिनु भएको मन्तव्य



सम्झनामा नारायण गोपाल साङ्गीगितिक समर्पण कार्यक्रम शीर्षक दिएर सांस्कृतिक संस्थानले कार्यक्रम गरिरहेको छ । यो कार्यक्रम मार्फत नारायण गोपाललाई सम्फेर उहाँ प्रति जाहेर गर्न आउनु हुने सम्पूर्ण मित्रजनहरू, प्रस्तुत गरिरहनु हुने कलाकार सम्पूर्णलाई म आज निकै भावुक हुने क्षणमा यहाँहरूमा सर्वप्रथम अभिवादन व्यक्त गर्न चाहन्छु र नारायणगोपाल दाइलाई श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु ।

यहाँ बसिरहेँ कार्यक्रममा गीतहरु गुञ्जिरह्यो । म धेरै नोस्टाल्जिक भएर सुनिरहेँ, एकदमै नोस्टाल्जिक हुनुको २ वटा कारण छन् । एउटा कारण : आजको यो क्षणले, सांस्कृतिक संस्थानको तत्कालीन राष्ट्रिय नाचघरको महाप्रबन्धक नारायण गोपाल दाइलाई सम्झिएँ । संयोगले वि.सं. २०६५ साल तिर यो सांस्कृतिक संस्थानको केही समय म पनि महाप्रबन्धक हुने अवसर प्राप्त भयो । त्यो क्षण सम्झिएँ, र हालको महाप्रबन्धक जसले यो कार्यक्रम नीति तथा कार्यक्रम मार्फत नै आयोजना गरेको छ, यो क्षणले मलाई बडो नोस्टाल्जिक बनायो । नारायण गोपाल दाइलाई उहाँको साङ्गीतिक व्यक्तित्वको हिसाबले म सदा उच्च सम्मान गर्छु तर यहाँ म नोस्टाल्जिक हुनुको कारणले उहाँ एउटा महाप्रबन्धक, ६५ सालमा केही समयको म पनि महाप्रबन्धक र नारायण गोपाललाई स्मरण गरिरहेको वर्तमान नेतृत्व अर्को महाप्रबन्धक किरण बाबु पुन, आज तिन वटा Events जोडिएको छ । यसै कारणले गर्दा म बढी नोस्टाल्जिक भएर भावुक भइरहेँ ।

नोस्टाल्जिक हुनुको अर्को कारण : नारायण गोपाल दाइलाई धेरै आयामबाट स्मरण गर्न सकिन्छ तर मेरो चाहिँ व्यक्तिगत नोस्टाल्जिक हुनुको कारण उहाँको जीवनको उत्तराधिकाल तिर रेडियो नेपालमा हामी पनि गीत देख्ने, गाउने बिभिन्न आशाहरु, विभिन्न रहरहरु बोकेर रेडियो नेपालमा धाउने क्रममा उहाँलाई रेडियो नेपालमा भेटेको हो । त्यस क्षण स्मरण गरिरहेको छु । अहिले धेरै भो रेडियो नेपाल नछिरेको, रेडियो नेपालको पुरानो बिल्डिङ देखि पश्चिम तिर एउटा पोखरी छ । त्यस पोखरीमा पानी सुकेको थियो । पोखरीको डिलमा बसेर नारायण गोपाल दाइ गफ गर्नुहुन्थ्यो, उहाँको अनुभवहरु सुनाउनु हुन्थ्यो । हामीहरु मन्त्रमुग्ध भएर उहाँको छेउमा बसेर उहाँको कुराहरु सुन्थ्यौं । त्यो क्षणहरु सम्झिएर पनि म नोस्टाल्जिक भएँ ।

मलाई आज नोस्टाल्जिक हुने यो क्षण, यो अवसर जुराइदिनु भएकोमा सांस्कृतिक संस्थानका महाप्रबन्धक जसले यो गर्विलो कार्यक्रम नीति तथा कार्यक्रममै राखेर बन्दोबस्त गरेर यो संयोग जुराइदिनु भएकोमा महाप्रबन्धक किरण बाबु पुनलाई धन्यबाद दिन चाहन्छु । आज ठ्याक्कै ३४ वर्ष बितेछ नारायण गोपाल दाइ हामीसँग हुनु हुन्न । हामीसँग कहिल्यै पनि नफर्कने गरी भौतिक रुपमा उहाँ जानुभएको ३४ वर्ष बितेछ । त्यसो त संसारमा कुनै पनि चिज चिर-स्थायी छैन । सबै परिवर्तनशील छ । अपरिवर्तनशील एउटै मात्र चिज छ । त्यो भनेको एउटा शब्द छ। "परिवर्तन" । परिवर्तन भन्ने शब्द बाहेक संसारको सबै चिज परिवर्तनशील छन् । सबै चिज अस्थायी छन् । सबै चिज अस्थिर छन् । मानिसको हकमा पनि लागू हुन्छ । सारा जगत पृथ्वी देखि लिएर ब्रह्माण्ड सबै परिवर्तनशील छन् । मानिसको हकमा पनि त्यो लागु हुन्छ । बाँकी केही काल अलिकति चिर-स्थायी चिज रहने भनेको मानिसको कृति रहेछ, मानिसको

सृजना रहेछ, मानिसको कला रहेछ, मानिसको सत्कर्म रहेछ । त्यही सत्कर्मले गर्दा, त्यही सिर्जनाले गर्दा आज नारायण गोपाल दाइलाई ३४ वर्ष पछि पनि हामीले सम्झिरहेका छौं । वास्तवमा हामी मानिस क्षणभङ्गुर हो । जीवन अत्यन्तै क्षणङ्गुर हो तर मानिसमा यस्तो खालको ऊ सँग ग्रन्थी हुन्छ । ऊ भित्र अमर हुने ग्रन्थी हुन्छ । त्यो ग्रन्थी मानिसमा मात्र हुन्छ । जनावरमा हुँदैन, कुनै पनि प्राणीमा हुँदैन तर मानिसमा मात्र यस्तो ग्रन्थी हुन्छ । कि मानिसले आफूलाई अमर बनाउँछ । त्यो अमर कसले बनाउँछ, त्यो अमर सिर्जनाले बनाउँछ । सिर्जना, कला, साहित्य यिनै कुराहरूले मानिसलाई अमर बनाउँछ । आज नारायण गोपाल दाइ अमर हुनु भएको छ । उहाँलाई स्मरण गरिरहेका छौं ।

रेडियो नेपाल स्थापना हुनु भन्दा अगाडिको एउटा पुस्ता थियो । नेपाली गीत-संङ्गीतमा मेलवा देवी, मित्रसेन, यदुरामहरूको एउटा पुस्ता थियो । त्यो पुस्ता पछाडि रेडियो नेपाल स्थापना २००७ साल देखि यता जब गीत-संगीतको बाढी आयो । सुगम संगीतको बाढी आइसके पछि नेतृत्यदायी भूमिकामा नारायण गोपाल दाइ र नारायण गोपाल दाइलाई सम्झे पछि गोपाल योञ्जन दाइ सम्झिनु पर्दछ । नारायणगोपाल दाइ र गोपाल योञ्जन दाइसँगको मितेरी साइनो मात्र होइन उहाँहरूको सांङ्गीतिक साइनो छ । त्यो साङ्गीतिक साइनोले नै सुगम साङ्गीतिक क्षेत्र थेगेको हो । नारायण गोपाल र गोपाल योञ्जनको मित्रता त्यो साङ्गीतिक बेजोड संयोजनले नै हो सुगम सङ्गीत विधालाई राष्ट्रियस्तरमा मात्र होइन अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने योगदान उहाँहरु दुई जनाको छ । यहाँहरूलाई कति थाहा छ । नारायण गोपाल दाइलाई उहाँ बाँच्दै खेरि स्वरसम्राट पदवी भिराइरहेको थियो । तर सरकारले, राज्यले होइन, त्यो जनताले भिराइदिएको, त्यो जनस्तरबाट सम्मनपूर्वक दिइएको पदवी स्वरसम्राट थियो । उहाँ अत्यन्तै नीडर हुनुहुन्थ्यो, स्वाभिमानी हुनुहुन्थ्यो र त यद्यपि कहिलेकाहीँ नारायण गोपाल दाइ आफैले के भन्नुहुन्थ्यो भने "के म स्वरसम्राट बन्न लायक छु र ?" उहाँलाई पदवी मन पर्दैन थियो तर जनताले स्वरसम्राट भनिरहे । उहाँले कहिलेकाहीँ भारतको किशोर कुमार, रफीहरूको जमानामा भन्नुहुन्थ्यो "बरू रफि चाहिँ स्वरसम्राट हुन लायक होला कि किनकी उहाँ सबै खालको गीत गाउन सक्नुहुन्छ । म त एक खालको गीत अत्यन्तै सुन्दर ढङ्गले गाउन सक्छु ।" त्यस्तो स्वाभिमानमा उहाँमा थियो । एक खालको गीतहरु म भन्दा बेसी अरूले गाउन सक्दैनन् भन्न सक्ने त्यो कलाको आत्मविश्वास उहाँमा थियो । हामी कहिलेकाहीँ छेउमा बसेर कुरा सुन्ने मौका पाउँथ्यौँ । यद्यपि गीत-संगीतको क्षेत्रमा भर्खरै बामे सर्दै थियौँ । त्यसरी नै हामीले उहाँलाई भेटेको थियौ । नारायण गोपाल दाइलाई खास गरी स्वर सम्राट बनाउने उहाँको स्वरले मात्र होइन । उहाँलाई सबैले स्वीकार गरेर सबैले मन पराएर अत्यन्तै राम्रो स्वर भएरै हो । त्यतिकै स्वर सम्राट भनेको होइन ।

खास गरी नेपाली सङ्गीत जगतमा दुई वटा धार छन् । नेपाली सङ्गीतमा मात्र होइन, नेपाली कला जगतमा, नेपाली साहित्य जगतमा पनि स्पष्टुसँग ढङ्गले दुई वटा धार छन् । एउटा कलापरक धार (कलात्मक धार) र अर्को वस्तुपरक धार । यी धार हरूलाई हामीले न्यायोचित ढंगले छुट्याउनु पर्छ । नारायण गोपाल दाइको नेतृत्व चाहिँ कलात्मक धारलाई गर्नु भएको थियो । उहाँ गीत,संगीत र स्वर तीनै वटा कुराको सम्भावना मात्र होइन चेतना पनि त्यस्तो चेतना एकदमै लाभ चेतना भएको पात्र हो । त्यस्तो कलाकार नेपालमा अहिले सम्म कोही पनि जन्मेको छैन । उहाँमा गीत कस्तो खालको गाउनु पर्छ, कस्तो गीत चाहिँ राम्रो हुन्छ, गीत छान्ने पनि चेतना, सङ्गीत छान्ने पनि चेतना, आफै संगीतकार पनि हुनुहुन्थ्यो । उहाँले गाएको कुनै पनि गीत सुन्नुहोस्, कि नारायणगोपाल दाइले उहाँको जीवनमा गीत र सङ्गीत यस्तो सेलेक्सन गर्नुहुन्थ्यो जथाभावी गीत गाउनु भएन । १०/१५ वर्ष अगाडिका गायकहरूले पाँच हजार गीत गाए भन्छन् तर अघि उद्घोषकले भन्दै हुनुहुन्थ्यो कि जीवनभरी उहाँले जम्मा १३७ वटा गीत गाएर अमरत्व प्राप्त गर्नु भयो । उहाँले चाहेको भए सबैभन्दा बढी गीत गाउनुहुन्थ्यो । चाहेको भए १० हजार गीत गाउनु हुन्थ्यो किन गाउनु भएन ? सामान्यस्तरको गीतहरु उहाँले गाउनु हुँदैन थियो । एउटा स्तरीयकरणको मात्र गीत गाउनुभयो । आज १३७ वटा गीतको ओज कालजयी छ । अबको पुस्ताहरूमा नारायण गोपाल दाइको जस्तो काव्य चेतना भएको जस्तो लाग्दैन । यदि गायकहरूले अमर बन्नु पर्छ भने, संगीतकारहरूले अमर बन्नुपर्छ भने, गीतकारहरूले अमर बन्नु पर्छ भने, साहित्यकारहरूले अमर बन्नु पर्छ भने एउटा स्तरीयकरण भित्र चाहिँ बस्नै पर्छ । लामो माइलस्टोनको यात्रामा हिड्ने सम्भावना बोकेका कलाकारहरूले स्तरीयता के हो ? बुझ्नै पर्छ ।

अन्त्यमाः सम्झनामा नारायण गोपाल साङ्गीतिक समर्पण कार्यक्रम मार्फत नारायण गोपाल दाइको ३४ औं स्मृति दिवसको अवसरमा दाइ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नारायण गोपाल दाइ एउटा युग हो । धेरै स्रष्टाहरूमध्ये युग ढाक्ने स्रष्टा कमै पाइन्छन् । युग हाँक्ने धेरै हुँदैनन् । तसर्थ एकजना स्वर युग नायकको हिसाबले नारायण गोपाल दाइ एक युग बनेर सदा अमर हुनु हुनेछ ।

धन्यवाद । नमस्कार ।


# सम्झनामा दिग्गज स्रष्टा साङ्गीगितिक समर्पण कार्यक्रम २०८१



**श्री भैरव बहादुर थापा**
**वरिष्ठ नृत्यशास्त्री तथा संस्कृतिविद्**

"

सांस्कृतिक संस्थान पहिले राष्ट्रिय नाचघर हुँदाखेरी नेपाल सरकारको सांस्कृतिक विभाग अन्तर्गत भएकोले संस्कृति सम्बन्धी एकमात्र ज्येष्ठ निकाय भएको नाताले पनि यसको संरक्षण तर्फ गम्भीरतापूर्वक मनन गरी नेपाल सरकारद्वारा सांस्कृतिक विभागको रुपमा यथाशीघ्र गठन गरिनु पर्छ भन्ने विचार प्रकट गर्दै "सम्झनामा दिग्गज स्रष्टा साङ्गीगितिक समर्पण कार्यक्रम २०८१" मार्फत वरिष्ठ नृत्यशास्त्री तथा संस्कृतिविद् श्री भैरव बहादुर थापाज्यूले दिनु भएको मन्तव्य



दिवङ्गत स्रष्टाहरूको सन्दर्भ लिएर प्रस्तुत भएको, सायद यस्तो कार्यक्रम यही नै प्रथम भएको मैले पाएको छु । म २० औं शताब्दीको मान्छे हुँ, बोल्नलाई कताबाट सुरु गर्ने भन्ने हडबडाइरहेको छु । किन भन्नुहुन्छ भने म यस संस्थान प्रति, यस संस्थानको उत्पत्तिकाल देखि नै आवद्ध भएको छु । राष्ट्रिय नाचघरको अवधारणा वि.सं. २०१६ साल देखि स्थापना वि.सं. २०१८ साल अर्थात राष्ट्रिय नाचघर जन्मे देखि मैले सेवा गरेको यो सांस्कृतिक संस्थान हो । यसको जन्म हुँदा के नाम थियो भने तत्कालीन नेपाल सरकारको सांस्कृतिक विभाग अन्तर्गतकै राष्ट्रिय नाचघर । यो वि.सं. २०२९ सालबाट सांस्कृतिक संस्थान हुन गयो ।

वि.सं. २०१८ सालबाट राष्ट्रिय नाचघर स्थापना सरकारले गर्यो । राष्ट्रिय नाचघरमा लोक सेवा आयोगबाट आएको म पहिलो नृत्य निर्देशक भएको हुनाले, यो नाचघर मेरो लागि घर जस्तै लाग्छ । मैले यस नाच घरमा नृत्य सिकाउन चाहन्थें, तर "हाम्रो चेलीबेटी बिगार्छ" भनेर जनताहरूले विरोध गरिहाल्थे । यस्तो हुँदा मैले यसै अवस्थामा सांस्कृतिक विभाग अन्तर्गत पारेर, वि.सं. २०१० सालमा भैरव नृत्य दल पाठशा स्थापना गरी २० औं शताब्दीको मान्छेले २१ औं शताब्दीका चेलाचेलीहरू- बिमला श्रेष्ठ कटुवाल, भुवन थापा चन्द जस्तालाई मेरो भैरव नृत्य दलमा नृत्य सिकाउने मौका पाएँ । अरु कोही थिएनन् । त्यसबेला भुवनचन्द्र, बिमलाहरूको उमेर सानो थियो । घरबाट काँधमा बोकेर आफ्नो टोलमा ल्याएर मैले शिक्षा दिन्थें । आज बिमला श्रेष्ठ कटुवाल जी पनि यहाँ साक्षीको रुपमा उपस्थित हुनुहुन्छ । यो सन्दर्भमा, जति हर्षित भएको छु, नाप्ने यन्त्र नै छैन जस्तो लागिरहेको छ ।

६२ साल देखि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भयो । त्यतिबेला देखि यो संस्थानमा आएका जति पनि महाप्रबन्धकहरूले यस्तो कल्पना गर्न सकेनन् । आउनुभयो, जानुभयो, मात्र त्यति नै क्रम चलिरह्यो । तर हालको वर्तमान महाप्रबन्धक किरण बाबु पुनले "हुने विरुवाको चिल्लो पात, नहुने विरुवाको फुस्रो पात" भने जस्तै आजको कार्यक्रमलाई देख्दा, जुन कार्यको सुरु गर्नु भयो, उहाँले सांस्कृतिक क्रान्तिको अभियान गर्नु भयो भन्ने मलाई लागेको छ । यो मैले संक्षेपमा बोलिरहेको छु । किनभने आज त्यस्ता दिवङ्गत आत्माहरूलाई कसैले पनि सम्झना गरेनन् । के भन्थे भने "त्यो उहिलेका कुरा, खुइलेका कुरा" तर उहिलेका ती गीतहरु, संस्कृतिहरु हाम्रा लागि अझै पनि महत्त्वपूर्ण छन् । मेरो अनुरोध के छ भने, अब हाम्रो किरण बाबु पुन जस्ता मानिसहरु पनि अमर हुनुपर्छ । सांस्कृतिक संस्थान नामाकरणका कारण आज संस्थान भन्ने बित्तिकै कताकता संस्कृति व्यवसाय गर्ने भन्ने गलत भाष्य अर्थ दिने हुने भएकोले संस्थानलाई तुरुन्तै नेपाल सरकारले सांस्कृतिक विभागको रुपमा गठन गरी किरण बाबु पुनलाई विभागको प्रमुख सचिवको रुपमा पठाउन सक्ने हो भने मात्र नेपाली संस्कृतिबाटै आर्थिक क्रान्ति हन्छ । त्यसकारण म उहाँलाई १०० वर्ष बाँच्नु पर्छ भन्ने शुभकामना दिन चाहन्छु । किनभने उहाँमा मैले एक कुशल प्रशासक, नेतृत्व गर्ने शैली, संस्कृतिलाई बुझ्न सक्ने व्यक्तिको रुपमा पाएँ । दिवंगत राष्ट्रिय व्यक्तित्वहरु तथा मूर्धन्य अजर अमर स्रष्टाहरु सेतुराम, मेलवादेवी, कोइली देवी, तारा देवी, पुष्प नेपाली, हरि प्रसाद रिमाल, चन्द्रराज शर्मा, जनार्दन सम, बटुक कृष्ण ज्वाला जस्ता ९ ग्रहलाई स्मरण गर्न सक्ने उहाँमा ज्योतिषी विद्या पनि रहेछ । त्यस्तै कार्यक्रमको सुरुवात र अन्त्य कसरी गर्ने भन्ने स्पष्ट रुपरेखा समेत कति गजबले कोर्न सक्नु भएको ? यस्तो खुबी जो कोहीमा हुँदैन । उहाँ जस्तो मान्छेले यदि राज्य चलाउने जिम्मा प्राप्त गरेमा देश समृद्ध हुनेछ, मेरो आशिर्वाद छ ।

अन्त्यमा, यस्तै सिर्जनशील नीति तथा कार्यक्रमका साथ संस्थान अगाडि बढ्न सकोस् भन्ने शुभेच्छा सहित बिदा हुन्छु ।

धन्यवाद । नमस्कार ।

# एक चिहान नाटकको १७६ औं श्रृङ्खला

**काठमाडौँ, २०८० माघ १४ गते ।**

सांस्कृतिक संस्थानले शिक्षालाई व्यावहारिक बनाउने उद्देश्य अनुरूप कक्षा १२ को नेपाली पाठ्यक्रममा समावेश गरिएको प्रगतिशील उपन्यासकार स्व. हृदयचन्द्रसिंह प्रधान कृत उपन्यास "एक चिहान" लाई नाट्य कृतिको रूपमा मञ्चन गरी १७६ औं श्रृङ्खला सभ्य-भव्य रूपमा प्रदर्शन गरेको छ । उपन्यासलाई रमेश बिजीले नाट्य रूपान्तरण र वीरेन्द्र हमालले परिकल्पना तथा निर्देशन गरेका छन् भने संस्थानका कलाकारहरूको अभिनय रहेको छ ।



कार्यक्रममा सभाध्यक्ष संस्थानका अध्यक्ष चन्द्र कुमार राई, प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय भुपाल राई र विशेष अतिथि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय नारदमणि हार्तम्छाली थिए । साथै, सांस्कृतिक संस्थानका पूर्व अध्यक्ष प्रेमनाथ अधिकारी सहित पूर्व महाप्रबन्धकहरु हरिहर शर्मा, लक्ष्मण रायमाझी, शालिकराम तिमिल्सिना, राजेश थापा र प्राज्ञ अशोक लोहरूङ राईको पनि उपस्थिति रहेको थियो । संस्थानका महाप्रबन्धक किरण बाबु पुनले विशेष सम्बोधन गर्दै नाटक सम्बन्धी धारणा प्रस्तुत गर्दै शिक्षालाई व्यावहारिक बनाउन पाठ्यक्रममा आधारित विभिन्न नाटक, कथा, उपन्यास तथा काव्य रचनालाई नाटक तथा गीति नाटकका रूपमा मञ्चन गरी प्रदर्शन गर्ने संस्थानको दायित्व रहेको बताउनु भयो ।

कक्षा १२ को नेपाली पाठ्यक्रममा समावेश गरिएको उपन्यासको नाट्य रूपान्तरणको मुख्य उद्देश्य शिक्षालाई व्यावहारिक बनाउन रङ्गमञ्च मार्फत शिक्षण विधि विकास गर्नु र सामाजिक, सांस्कृतिक रूपान्तरणलाई प्रोत्साहित गर्नु रहेको छ । यसले विद्यार्थीलाई विद्यालयमा कम्तीमा १५ वटा कक्षा भार पर्दा पनि नबुझिने प्रणालीई ब्रेक गर्दै २ घण्टामै सम्पूर्ण उपन्यासलाई व्यावहारिक रूपमै शिक्षा ग्रहण गर्न सहजीकरण गर्नुका साथै साहित्य, कला र रङ्गमञ्च प्रति प्रेरित पनि गरेको छ । संस्थानले विगत देखि नै यस नाटकलाई देशका विभिन्न ठाउँमा समेत नवजागरण गर्ने उद्देश्यका साथ प्रदर्शन गर्दै आइरहेको छ ।







# कला प्रशिक्षण ३१ औं समूह दीक्षान्त तथा नाट्य सम्राट बालकृष्ण समको जन्मजयन्ती विशेष कार्यक्रम

**काठमाडौँ, २०८० माघ २४ गते ।**

सांस्कृतिक संस्थानले कला प्रशिक्षण कार्यक्रम अन्तर्गत ३१ औं समूहको दीक्षान्त समारोह र नाट्य सम्राट बालकृष्ण समको १२१ औं जन्मजयन्ती विशेष सांस्कृतिक कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ ।



कार्यक्रमको प्रमुख अतिथि वरिष्ठ कलाकार बिमला श्रेष्ठ कटुवाल रहनुभएको थियो । सभाध्यक्ष संस्थानका अध्यक्ष चन्द्रकुमार राई हुनुहुन्थ्यो भने विशेष अतिथि महाप्रबन्धक किरण बाबु पुन लगायत प्रशिक्षकहरु, शाखा प्रमुखहरु, कलाकारज्यूहरु, प्रशिक्षार्थी अभिभावकज्यूहरू र अन्य आमन्त्रित व्यक्तिहरूको गरिमामय उपस्थिति रहेको थियो ।

दीक्षान्त समारोहमा ३१ औँ समूहका प्रशिक्षार्थीहरूले गायन, वाद्यवादन, नृत्य र नाटक जस्ता विभिन्न कला विधामा विशेष प्रस्तुति प्रदर्शन गरेका थिए । उनीहरूले प्रमाणपत्र ग्रहण गर्दै आफ्नो  कला क्षेत्रमा समर्पित योगदानका लागि प्रतिबद्धता व्यक्त गरेका छन् । प्रशिक्षार्थीहरूको उत्कृष्ट प्रदर्शनलाई प्रशंसा गर्दै महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन मार्फत उनीहरूको उज्ज्वल भविष्यको कामना गर्नु भएको थियो ।





# चिनियाँ नयाँ वर्ष सांस्कृतिक फेस्टिभल २०२४

चिनियाँ नयाँ वर्षको उपलक्ष्यमा नेपाल र चीन बीचको सांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाउन चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको आयोजनामा तथा सांस्कृतिक संस्थानको विशेष सहकार्यमा संस्कृति आदानप्रदान कार्यक्रम सभ्य-भव्य रूपमा सम्पन्न भएको थियो ।








सांस्कृतिक संस्थानले यस अवसरमा नेपालको पहिचानमूलक संस्कृति झल्किने सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेको थियो । यस कार्यक्रम मार्फत संस्कृति आदानप्रदानको माध्यमबाट दुई देश बीचको मित्रता र आपसी सहयोगलाई अझ मजबुत बनाएको विश्वास गरिएको छ । चिनियाँ कलाकारहरूले पनि आफ्नो देशको मौलिक सांस्कृतिक प्रस्तुति प्रदर्शन गर्दै नेपाली दर्शकलाई मन्त्रमुग्ध बनाएका थिए । सांस्कृतिक संस्थानले नेपाली संस्कृतिलाई अन्तर्राष्ट्रिय स्तर सम्म पुऱ्याउन विभिन्न संस्कृति आदानप्रदान कार्यक्रम गर्दै आएको छ ।



# वसन्त शास्त्रीय सङ्गीत उत्सव-२०८०

**काठमाडौँ, २०८० फागुन २ गते ।**

सांस्कृतिक संस्थानद्वारा आयोजित वसन्त शास्त्रीय संगीत उत्सव-२०८० संस्थानको मेगा हलमा सभ्य-भव्य रुपमा सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता सांस्कृतिक संस्थानका अध्यक्ष चन्द्रकुमार राईले गर्नु भएको थियो भने प्रमुख अतिथि प्रा. डा. धुर्वेशचन्द्र रेग्मी र विभिन्न अतिथिहरूको विशेष उपस्थिति रहेको थियो । विशेष सम्बोधन मार्फत संस्थानका महाप्रबन्धक किरण बाबु पुनले शास्त्रीय सङ्गीत बारेमा व्याख्या विश्लेषण गर्दै यस विधाको संरक्षण र प्रवर्द्धनमा संस्थानको दीर्घकालीन प्रतिबद्धता व्यक्त गर्नु भयो ।

उत्सवमा शास्त्रीय सङ्गीतका प्रतिष्ठित कलाकारहरूको सशक्त उपस्थिति रहेको थियो । यस अवसरमा श्रीराम आचार्य, धन बहादुर गोपाली, डा. संगीता राना प्रधान, डा. रमेश पोखरेल, संस्थानका पूर्व महाप्रबन्धक लक्ष्मण रायमाझी, विष्णु आचार्य, प्राज्ञ डक्टर किरात, रबिन दास श्रेष्ठ, श्रीकेसी र गोकुल लिम्बू जस्ता व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।






कार्यक्रममा स्व. रबिनदास श्रेष्ठ, श्रीकेसी, मेनुका पौडेल आदिको प्रस्तुति रहेको थियो । भारतको इन्डियन आइडल रियालिटी शो को १४ औं सिजनकी चर्चित प्रतियोगी मेनुका पौडेलले आफ्नो गायन मार्फत दर्शकहरूलाई मन्त्रमुग्ध पारिन् । यस उत्सवले शास्त्रीय सङ्गीतको संरक्षण, प्रवर्द्धन र यसको सांस्कृतिक महत्त्वलाई उजागर गर्दै यस विधालाई पुस्तान्तरण गर्नका लागि टेवा पुऱ्याएको छ ।





# “शुभारम्भ सांस्कृतिक साँझ २०८१” सभ्य–भव्य रूपमा सम्पन्न



काठमाडौँ, २०८१ वैशाख १ गते ।

नयाँ वर्ष २०८१ को अवसरमा, “शुभारम्भ सांस्कृतिक साँझ २०८१” सभ्य–भव्य रूपमा सम्पन्न भएको छ । तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । सो अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अवधारणा, नेपाल पर्यटन बोर्डको सहकार्य र सांस्कृतिक संस्थानको आयोजनामा साप्ताहिक रूपमा प्रत्येक शुक्रबार नियमित प्रदर्शन गरिने ठेट नेपाली सांस्कृतिक कार्यक्रम “माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति” पनि तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको हातबाट समुद्घाटन गरिएको थियो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री हितबहादुर तामाङज्यू विशिष्ट अतिथि रहनु भयो । संस्थानका महाप्रबन्धक किरण बाबु पुनले प्रमुख अतिथि र अन्य विशिष्ट व्यक्तित्वलाई स्वागत गर्दै विशेष सम्बोधन मार्फत सांस्कृतिक संस्थानको समस्याहरु समाधानको लागि नेपाल सरकारसँग अनुरोध तथा शुभारम्भ सांस्कृतिक साँझ र ठेट नेपाली सांस्कृतिक कार्यक्रमको औचित्य बारे प्रष्ट पार्नु भएको थियो । संस्थानले संस्कृतिलाई उत्पादनसँग जोड्ने र संस्कृतिबाटै समृद्धिको आधार निर्माण गर्ने उद्देश्य अनुरूप “शुभारम्भ सांस्कृतिक साँझ” प्रत्येक नयाँ वर्षमा आयोजना हुने परम्पराको थालनी गरेको छ ।





# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति दोस्रो श्रृङ्खला



**काठमाडौँ, २०८१ वैशाख ७ गते ।**

सांस्कृतिक संस्थानको प्रस्तुति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अवधारणा, र नेपाल पर्यटन बोर्डको सहकार्यमा "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को दोस्रो श्रृङ्खला सभ्य-भव्य रुपमा सम्पन्न भएको छ ।



कार्यक्रमको प्रमुख अतिथिका रुपमा पूर्व युवा तथा खेलकुद मन्त्री माननीय श्री महेश्वर गहतराज 'अथक'ज्यूको उपस्थिति रहेको थियो । साथै, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव श्री कुस्मा महरा, प्राज्ञ सदस्यहरु, समाजसेवी श्री सावित्री अधिकारी र जनवादी कलाकार श्री भीम कुमाखी मल्लज्यू लगायतका विशिष्ट व्यक्तित्वहरुको गरिमामय उपस्थिति रहेको थियो ।



कार्यक्रममा सात प्रदेशको प्रतिनिधित्व हुने गरी विभिन्न लोपोन्मुख सांस्कृतिक प्रस्तुति प्रदर्शन गरियो । सो कार्यक्रम मार्फत नेपाली संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । कार्यक्रममा उपस्थित विशिष्ट व्यक्तित्वहरुले कार्यक्रमको प्रशंसा गर्दै यस प्रकारका कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने आवश्यकता औंल्याएका थिए ।



# मित्रराष्ट्र कतारका अमिरको राजकीय भ्रमणमा सांस्कृतिक झाँकी प्रदर्शनी



**काठमाडौँ, २०८१ वैशाख ११ र १२**

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर मौसुफ शेख तमिम बिन हमाद अल थानीज्यूको नेपाल राजकीय भ्रमण गर्नु भएको अवसरमा, सांस्कृतिक संस्थानद्वारा सांस्कृतिक झाँकी प्रदर्शनी सभ्य-भव्य रूपमा सम्पन्न भएको थियो ।





नेपाल सरकारको तर्फबाट परराष्ट्र मन्त्रालयको समन्वयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत राष्ट्रको पहिचानमूलक संस्कृति प्रदर्शनीको जिम्मेवारी सांस्कृतिक संस्थानले पाएको थियो । प्रदर्शनीमा नेपालका विभिन्न जातजातिहरूको संस्कृतिलाई समेटेर विविध सांस्कृतिक झाँकीहरु प्रस्तुत गरिएको थियो ।

**प्रदर्शनीका मुख्य विशेषताहरूः**

» प्रत्येक झाँकीले नेपालको ऐतिहासिक, सांस्कृतिक, र जातीय विविधताको समृद्ध संस्कृति झलक प्रदान गऱ्यो ।

» नेपालको परम्परागत भेषभूषा, कला तथा समग्र संस्कृतिका अनुपम झलक अतिथिहरूका लागि आकर्षणको केन्द्र बन्यो ।

» प्रदर्शनलाई अनुशासित र व्यवस्थित तरिकाले आयोजना गरियो, जसले कतारी अमिर र अन्य विशिष्ट अतिथिहरूलाई नेपालको सांस्कृतिक सम्पदा बारे गहिरो जानकारी प्रदान गर्यो ।

यस कार्यक्रमलाई नेपालको विविधतापूर्ण संस्कृति र परम्पराको अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने महत्त्वपूर्ण अवसरका रूपमा लिइएको छ । कतारी अमिर मौसुफ शेख तमिम बिन हमाद अल थानीज्यूले नेपालको सांस्कृतिक झाँकीको प्रशंसा गर्दै नेपाल र कतार बीचको सांस्कृतिक र कूटनीतिक सम्बन्धलाई थप मजबुत बनाउनु पर्ने धारणा व्यक्त गर्नु भयो । सांस्कृतिक संस्थानको यस प्रयासले नेपालको सांस्कृतिक सम्पदाको जगेर्ना र नेपाली संस्कृति अन्तर्राष्ट्रिय स्तरसम्म प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति तेस्रो श्रृङ्खला

काठमाडौँ, २०८१ वैशाख १४ गते ।

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को तेस्रो श्रृङ्खला लोपोन्मुख संस्कृति सँगै रैथाने कृषि उत्पादन प्रदर्शनी समावेश गरी सभ्य-भव्य रूपमा सम्पन्न भएको छ ।





कार्यक्रममा प्रमुख अतिथिका रूपमा पूर्व अर्थमन्त्री माननीय श्री जनार्दन शर्मा "प्रभाकर"ज्यूको उपस्थितिले कार्यक्रमको गरिमा बढाएको थियो । यस अतिरिक्त, प्रतिनिधि सभा सदस्य माननीय श्री कल्पना मियाँ, पूर्व राष्ट्रिय सभा सदस्य मा. श्री ठगेन्द्र प्रकाश पुरी, पूर्व राज्यमन्त्री माननीय श्री गोपाल जी जंग शाह, पूर्व राज्यमन्त्री माननीय श्री मिठू मल्ल, माननीय उपकुलपति श्री शम्भु राई, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री हेमराज तामाङ र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव श्री देवेन्द्र प्रसाद काफ्लेज्यू लगायतका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको समापन समारोहमा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनले अतिथिहरूलाई मायाको चिनो प्रदान गर्दै धन्यवाद ज्ञापन गर्नुभएको थियो ।





## मयुर नाच समूहलाई सम्मानजनक बिदाई

काठमाडौँ, २०८१ वैशाख १५ ।

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को तेस्रो श्रृङ्खलाका लागि कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्दै आउनु भएका लोपोन्मुख मयुर नाच कलाकार समूहलाई सांस्कृतिक संस्थानले विशेष सम्मान र बिदाई गरेको छ । "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को तेस्रो श्रृङ्खलामा मयुर नाच समूहले कर्णाली प्रदेशको मौलिक परम्परा झल्किने मयुर नाच प्रस्तुत गरेका थिए, जसले उपस्थित दर्शकहरूलाई नेपाली लोकसंस्कृतिको गहिराई सम्म डुब्न प्रेरित गर्यो ।

सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले समूहलाई धन्यवाद दिँदै सम्मानजनक बिदाई गरे । मयुर नाच समूहले संस्थानलाई आफ्नो सांस्कृतिक पहिचानको प्रतीक स्वरूप मायाको चिनो एउटा "गरूवा" हस्तान्तरण गरेका थिए ।



# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति चौथो श्रृङ्खला

**काठमाडौँ, २०८१ वैशाख २१ ।**

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को चौथो श्रृङ्खला नेपाल सरकारका तत्कालीन रक्षामन्त्री माननीय श्री हरि प्रसाद उप्रेतीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।

कार्यक्रममा सांस्कृतिक संस्थानद्वारा सात प्रदेशका लोपोन्मुख लोकसंस्कृति र रैथाने कृषि उत्पादनहरूको प्रदर्शन गरिएको



थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री हेमराज तामाङज्यू लगायतका विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सभ्य र भव्य तरिकाले सम्पन्न गर्दै लोकसंस्कृतिको संरक्षण र प्रवर्द्धनमा यसले ठूलो योगदान पुऱ्याएको विश्वास गरिएको छ ।





# कला प्रशिक्षण अन्तर्गत सन्ध्याकालिन विशेष गायन समूहको दीक्षान्त कार्यक्रम

**काठमाडौँ, २०८१ वैशाख २४ गते ।**

सांस्कृतिक संस्थानद्वारा सञ्चालित कला प्रशिक्षण अन्तर्गत सन्ध्याकालिन विशेष गायन समूहको दीक्षान्त र प्रशिक्षार्थी प्रतिभा प्रस्तुति कार्यक्रम सभ्य तथा भव्य रूपमा सम्पन्न भएको थियो ।

सांस्कृतिक संस्थानका महाप्रबन्धकले प्रशिक्षकहरूमा धन्यवाद व्यक्त गर्दै, दीक्षित प्रशिक्षार्थीहरूलाई हार्दिक बधाई र उज्ज्वल भविष्यको कामना गर्दै प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।





कार्यक्रमको विशेषता भनेको प्रशिक्षार्थीहरूको प्रतिभा प्रस्तुति थियो । सो दीक्षान्त कार्यक्रमलाई संस्थानको सङ्गीत प्रशिक्षणमा भाग लिएका प्रशिक्षार्थीहरूको मेहनत र प्राप्त उपलब्धिहरूको सम्मान व्यक्त गर्ने एक महत्वपूर्ण कार्यको रूपमा मूल्याङ्कन गरिएको थियो ।

# माटोको गीत दोस्रो संस्करण 'नेपाली संस्कृति' पाँचौँ श्रृङ्खला

काठमाडौँ, २०८१ वैशाख २८ गते ।

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को पाँचौं श्रृङ्खला सभ्य-भव्य रूपमा सम्पन्न भयो । यस श्रृङ्खलामा पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री सुदन किरातीज्यूको प्रमुख आतिथ्यता रहेको थियो ।



कार्यक्रममा राष्ट्रिय समाचार समितिका महाप्रबन्धक श्री सिद्धराज राईज्यू लगायत अन्य विशिष्ट अतिथिहरूको



उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । मा.सुदन किरातीज्यूले मिति २०८० मंसिर २९ गते "माटोको गीत" को पहिलो संस्करणको समुद्घाटन गरेका थिए ।

कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले सम्पूर्ण अतिथिज्यूहरूलाई धन्यवाद ज्ञापन गर्दै मायाको चिनो प्रदान गर्नु भएको थियो ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति छैटौँ श्रृङ्खला

काठमाडौँ, २०८१ जेठ १ गते ।

सांस्कृतिक संस्थानको आयोजनामा "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को छैटौं श्रृङ्खला सभ्य-भव्य रूपमा सम्पन्न भएको छ ।



कार्यक्रममा वरिष्ठ लोक गायक श्री राजु परियारज्यूको प्रमुख आतिथ्यमा, वरिष्ठ संस्कृतिविद् तथा सो कार्यक्रमका विशेषज्ञ श्री बम कुमारी बुढामगर, नृत्यविद् श्री विमला श्रेष्ठ, नाटककार श्री पुरू लम्साल, लोकगायक श्री तिलक परियार, लोकगायिका श्री मञ्जु बिक लगायतका प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थितिमा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो ।

कार्यक्रमको प्रमुख आकर्षण सात प्रदेशका संस्कृति जसले नेपाली सांस्कृतिक धरोहरलाई उच्च सम्मान दिँदै प्रदर्शन गरिएको थियो । नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा सञ्चालन भइरहेको यस कार्यक्रमको मांग उच्च रहेको र अब हप्तामा दुई दिन प्रदर्शन गरिने संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले जानकारी दिएका थिए । साथै कार्यक्रममा वरिष्ठ लोकगायक श्री राजु परियार र गायिका मञ्जु बिकको विशेष प्रस्तुति रहेको थियो ।



# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति सातौं श्रृङ्खला

काठमाडौँ, २०८१ जेठ ४ ।

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को सातौं श्रृङ्खला बागमती प्रदेश सरकारका तत्कालीन संस्कृति, पर्यटन तथा सहकारी मन्त्री माननीय श्री शैलेन्द्र मान बज्राचार्यज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।



कार्यक्रममा वरिष्ठ संस्कृतिविद् तथा सो कार्यक्रमका विशेषज्ञ श्री बमकुमारी बुढा मगर, नेपाल पर्यटन बोर्डका कार्यकारी समिति सदस्य श्री ऋषिराम भण्डारी, नृत्यविद् श्री विमला श्रेष्ठ, नेपाल एसोसिएसन अफ ट्राफिटङ एजेन्सिज (नारा) का अध्यक्ष श्री शिव अधिकारी, नेपाल पर्यटन व्यवसायी



संघका महासचिव श्री अविर मल्ल, चलचित्र निर्देशक श्री केपी पाठक, नाटककार श्री पुरु लम्साल लगायतका प्रतिष्ठित अतिथिहरूको उपस्थिति थियो । कार्यक्रम मार्फत सात प्रदेशको लोपोन्मुख लोकसंस्कृति आकर्षक ढंगले प्रस्तुत गरिएको थियो ।

संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथिलाई मायाको चिनो प्रदान गर्नु भएको थियो ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति आठौं श्रृङ्खला

काठमाडौँ, २०८१ जेठ ८ गते ।

शुभारम्भ सांस्कृतिक साँझ २०८१ मार्फत तत्कालीन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूबाट समुद्घाटन भई निरन्तर सञ्चालनमा आएको "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को आठौं श्रृङ्खला वरिष्ठ लोकगायक, चलचित्र निर्देशक एवम् नेपाली संस्कृतिको धरोहर बहुआयामिक स्रष्टा श्री नारायण रायमाझीज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

यस अवसरमा अन्तराष्ट्रिय मगर संघका अध्यक्ष नवीन रोका मगर, नेपाल मगर संघका अध्यक्ष श्री ज्ञानेन्द्र पुन, सानीभेरी



गाउँपालिकाका पूर्व अध्यक्ष श्री नरबहादुर पुन, कवियत्री प्राज्ञ डा. बेन्जु शर्मा, श्री अञ्जु काँचुली, वरिष्ठ पत्रकार श्री भरत शर्मा, गायिका श्री कमला पोखरेल, रैथाने कृषि एग्री प्रोडक्सका अध्यक्ष श्री तिलक ढकाल, ठाकुर बाबा प्रज्ञा प्रतिष्ठान बर्दियाका उपाध्यक्ष श्री खगेन्द्र नेपाल, नृत्यविद् श्री विमला श्रेष्ठ लगायतका प्रतिष्ठित अतिथिहरूको विशेष उपस्थिति थियो ।



कार्यक्रममा वरिष्ठ लोकगायक नारायण रायमाझीज्यू र गायिका कमला पोखरेलको विशेष प्रस्तुति रहेको थियो ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति नवौं श्रृङ्खला

काठमाडौँ, २०८१ ज्येष्ठ ११ गते ।

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को नवौँ श्रृङ्खला पूर्व मन्त्री माननीय श्री विमला केसीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।





सो कार्यक्रममा संस्थानका नाट्य कलाकार सबनम सिलवाल र राम भजन कामतले परिकल्पना र निर्देशनमा तयार पारिएका भिमनिधि तिवारीद्वारा लिखित "घरको माया" एकाङ्कीलाई नाटकका रूपमा मञ्चन गरी प्रदर्शन गरेका थिए । जसमा देश प्रेम र माटोको माया झल्काएको आफू निकै भावुक भएको भन्दै प्रमुख अतिथिद्वारा प्रशंसा गर्नु भएको थियो । साथै, सातै प्रदेशका मौलिक रैथाने संस्कृति प्रस्तुति गरिएको थियो । जसले सहभागीहरूको मनोभावनामा गहिरो प्रभाव पारेको थियो ।

संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले अतिथिहरूलाई धन्यवाद ज्ञापन गर्दै मायाको चिनो प्रदान गर्नु भएको थियो ।





# गणतन्त्र दिवस उत्सव २०८१

**काठमाडौँ, २०८१ ज्येष्ठ १५ गते ।**

सांस्कृतिक संस्थानको आयोजनामा गणतन्त्र दिवसको अवसरमा विशेष सांस्कृतिक कार्यक्रम "गणतन्त्र दिवस उत्सव २०८१" नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति मा. श्री भुपाल राईज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।



यस अवसरमा वरिष्ठ संस्कृतिविद् मा. बम कुमारी बुढा मगर, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञज्यूहरु, नृत्यविद् विमला श्रेष्ठ, नाटककार पुरू लम्साल, सञ्चालक समिति सदस्य पूजा श्रेष्ठ, सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका उपकुलपति, र जनगायक झन्कार बुढा मगर जस्ता प्रतिष्ठित व्यक्तित्वहरुको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।




कार्यक्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन गर्दै जनताको ठूलो त्याग एवम् सांस्कृतिक बलिदानले प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल मर्म अनुसार देशैभरी गणतन्त्र दिवस एक उत्सवको रूपमा मनाउनु पर्ने र गणतन्त्रका सौन्दर्य स्वरूप सात प्रदेशका



विभिन्न जातजातिका संस्कृतिहरूलाई समान रूपमा संस्थानको एउटै मञ्चबाट प्रस्तुत गरिने परम्पराको विकास गरिएको बताउनु भयो ।

कार्यक्रममा ठेट नेपाली सांस्कृतिक कार्यक्रम "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को दशौँ श्रृङ्खला पनि प्रदर्शन गरिएको थियो । यस श्रृङ्खलामा "घरको माया" नाटक, गाउँ गाउँ बाट उठ जागरण गीत, कुमारी नृत्य (चर्या नृत्य), डिग्रे नाच, पश्चिम कोही पूर्व घर (राष्ट्रिय



भावले ओतप्रोत गीत), सोरठी नृत्य, गणतन्त्र दिवस विशेष प्रस्तुति - बन्छ बन्छ समृद्ध देश नृत्य, लघु नाटक 'अवस्था', स्याब्रु (वालुङ) नृत्य र सिमल बारूला नाच जस्ता विविध सांस्कृतिक प्रस्तुतिहरु समावेश भएका थिए ।

यस कार्यक्रमले गणतन्त्र दिवसको महत्त्व, राष्ट्रिय एकता र समृद्धिको लागि सांस्कृतिक योगदानको महत्त्वलाई रेखाङ्कित गरेको थियो ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति एघारौं श्रृङ्खला



काठमाडौँ, २०८१ ज्येष्ठ १८ गते ।

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को ११ औं श्रृङ्खला पूर्व मन्त्री एवम् संविधान सभा सदस्य माननीय श्री सत्य पहाडीज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न भएको थियो ।

यस श्रृङ्खलामा मोनाको महावाणिज्यदूत श्री सुरेन्द्र महर्जन, वरिष्ठ संस्कृतिविद् तथा सो कार्यक्रमका विशेषज्ञ मा. श्री बमकुमारी बुढा मगर, शिक्षा तथा मानव श्रोत विकास केन्द्रका उपमहानिर्देशक श्री जयराम अधिकारी, निर्देशक श्री गोविन्द प्रसाद अर्याल, निर्देशक श्री शुरेस कुमार जोशी, शाखा अधिकृत श्री रूद्र प्रसाद भट्टराई, राखेप सदस्य श्री प्रकाश कुमार कुसारी, नृत्यविद् श्री बिमला श्रेष्ठ, संगीतज्ञ श्री महाराज थापा जस्ता विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो ।



यस श्रृङ्खलामा सात प्रदेशको लोपोन्मुख नेपाली संस्कृति भव्य रूपमा प्रस्तुत गरिएको थियो । कार्यक्रमले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निभाएको थियो ।

# माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति दशौं श्रृङ्खला

काठमाडौँ, २०८१ ज्येष्ठ २२ गते ।

"माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को को १२ औं श्रृङ्खला पूर्व राजदूत तथा RNN अध्यक्ष डा. अर्जुन कार्कीज्यूको प्रमुख आतिथ्यतामा सभ्य-भव्य रूपमा सम्पन्न भएको थियो ।



यस कार्यक्रममा जनसांस्कृतिक महासंघका अध्यक्ष श्री भिम कुमाखी मल्ल, युवा नेता श्री सुबोधराज सेर्पाली, जनप्रिय कलाकारहरु श्री बिमला केसी, श्री डम्बर रोकाया, श्री पर्वत जैगडी, श्री अनुसा राई, श्री पाण्डप सिंह ठकुरी, श्री एम बी सर्वहारा, श्री अमित परियार, श्री प्रकाश रन्का, राखेप सदस्य श्री प्रकाश कुमार कुसारी, नेपाल बुद्धिचाल महासंघ वरिष्ठ उपाध्यक्ष श्री दिपेन राई, नृत्यविद् श्री बिमला श्रेष्ठ, सञ्चालक समिति सदस्य श्री पूजा श्रेष्ठ र संगीतविज्ञ श्री महाराज थापा लगायतका अतिथिहरूको उपस्थिति रहेको थियो ।



कार्यक्रममा सात प्रदेशका मौलिक संस्कृति प्रदर्शन गरिएको थियो । नेपाली संस्कृतिको यस अद्वितीय श्रृङ्खलाले नेपालको सांस्कृतिक विविधता र प्राचीन परम्परालाई प्रगाढ र आकर्षक ढङ्गले प्रस्तुत गर्दै, दर्शकहरूलाई नेपालको सांस्कृतिक सम्पदासँग एक नयाँ अनुभूति गराएको थियो ।

# सांस्कृतिक संस्थानको ५२ औं वार्षिकोत्सव

**काठमाडौँ, २०८१ असार ५ गते ।**

सांस्कृतिक संस्थानको ५२ औं वार्षिकोत्सव तथा "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को समापन कार्यक्रम तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री हित बहादुर तामाङज्यूको प्रमुख आतिथ्यतामा भव्यताका साथ सम्पन्न भएको थियो । राष्ट्रिय नाचघर देखिको इतिहासलाई हेर्ने हो भने संस्थानको ६५ वर्ष इतिहास रहन जान्छ भने सांस्कृतिक संस्थान नाम परिष्कृतसँगैको इतिहास अनुसार ५२ औं वार्षिकोत्सव हुन आएको हो ।



**वार्षिकोत्सवका विशेष कार्यक्रमहरू:**

क) संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन गर्दै सुशासन, सामाजिक न्याय र समृद्धिलाई शिरोपर गर्दै संस्थानका विविध बेथिति माथि कडा रूपमा प्रस्तुत भई सुशासन स्थापनाको प्रयास गर्दा तथा निकायगत ढंगले संस्थानको गरिमा बारे नेपाल सरकारसँग अवगत गराई विशेष पहल गर्दा इतिहासमै पहिलोपटक संस्थानमा २ रेकर्ड कायम भएको घोषणा गर्नु भयो ।

**जस अन्तर्गत :**

१) हल आम्दानीमा रेकर्ड ब्रेक

२) बजेट सम्बोधन

सुशासन स्थापनाको प्रयासले मासिक हल आम्दानीमा बृद्धि र संस्थानमा हालसम्मको इतिहासमा बजेटको नाउँमा अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने नेपाल सरकारको अनिवार्य दायित्व उपदान स्वरूप न्यून बजेट विनियोजन हुने गरेकोमा आ.व. ८१/८२ को बजेटमा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले पहल गर्दा संस्थानको सेमिनार हल, कार्यक्रम तयारी कक्ष निर्माणका लागि १ करोड र पर्यटकीय क्षेत्रमा सांस्कृतिक संस्थान घर निर्माणको लागि १ करोड बजेट गरी २ करोड बजेट थप भएको हो । संस्थाको नियमित अनुदान तर्फ १ करोड ७० लाख गरी कुल ३ करोड ७० लाख बजेट सुनिश्चित भएको हो । जस अनुरूप संस्थानको सेमिनार हल र कार्यक्रम तयारी कक्ष निर्माणको कार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत पर्यटन विभागबाट भइरहेको छ । पर्यटकीय क्षेत्रमा सांस्कृतिक संस्थान घर निर्माण कार्य भने जग्गाको अभावका कारण अझै पनि सुनिश्चित हुन सकेको छैन ।

सो अवसरमा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले बजेटका लागि तत्कालीन अर्थमन्त्री माननीय श्री वर्षमान पुन 'अनन्त'ज्यू र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री हितबहादुर तामाङज्यू प्रति धन्यवाद ज्ञापन गर्दै संस्थानको दीर्घकालीन सोच, प्रमुख नीति र कार्यक्रमको घोषणा समेत गर्नु भयो ।

ख) सांस्कृतिक संस्थान कल्याणकारी कोषको रू. १,५०,००० बाट समुद्घाटन तथा सो कोषको विस्तारका लागि "मेरो दान, संस्कृतिलाई सम्मान" दान पेटिका सञ्चालनमा ल्याइएको छ ।





ग) प्रकाशन बन्द गरिएको 'नेपाली संस्कृति' नामक पत्रिका विमोचन तथा पुनः प्रकाशनको थालनी ।



घ) वर्ष उत्कृष्ट कर्मचारी प्रोत्साहन पुरस्कार संस्थानका नृत्य शाखा प्रमुख श्री मनोज जोशीज्यू र सम्पूर्ण कर्मचारीलाई प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो ।



ङ) संस्थानको त्रुटिपूर्ण ऋण, उपदान जस्ता समस्याको समाधानका लागि महाप्रबन्धकद्वारा नेपाल सरकारलाई अनुरोध तथा समाधानको लागि मा.मन्त्रीज्यूको प्रतिबद्धता ।

च) सातै प्रदेशका लोपोन्मुख लोकसंस्कृति स्वरूप विभिन्न जातजातिका सांस्कृतिक विविधतालाई एकैसाथ प्रदर्शन गरिएको ।

छ) "माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति" को १३ औं श्रृङ्खलासम्म प्रदर्शनीसँगै कार्यक्रमको समापन गरिएको ।





## Third IDA21 Replenishment Meeting

**काठमाडौँ, २०८१ असार ५ गते ।**

विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्था (आईडा) को एक्काइसौं चरणको तेस्रो बैठक (Third IDA21 Replenishment Meeting) कार्यक्रम सांस्कृतिक संस्थानका कलाकारहरूले नेपालको अस्तित्व र पहिचान झल्काउने नेपाली संस्कृति प्रदर्शन गरी सभ्य र भव्य रूपमा सम्पन्न भएको छ।








# विश्व सङ्गीत दिवस २०८१

**काठमाडौँ, २०८१ असार ७ गते ।**

सांस्कृतिक संस्थानले विश्व सङ्गीत दिवसको अवसरमा विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो । यस कार्यक्रमको उद्घाटन महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले गर्नु भएको थियो ।



कार्यक्रममा महाप्रबन्धकज्यूले विशेष सम्बोधन गर्दै संस्कृतिलाई कलाको माध्यमबाट समाजमा सम्प्रेषण गर्न योगदान पुऱ्याउने कलाकारहरूको योगदानको चर्चा गर्दै कला र कलाकारलाई केवल मनोरञ्जनको साधन सम्झिने संकीर्ण सोचको अन्त्य हुनु पर्ने भन्दै संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि कला र कलाकारको राज्यबाट उचित मूल्यांकन तथा संरक्षण हुनु पर्ने बताउनु भयो । साथै विश्व सङ्गीत दिवसलाई अझै भव्य ढंगले मनाउन संस्थानले आगामी दिनमा नीति तथा कार्यक्रम मार्फत नै अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नु भयो ।



कार्यक्रममा सांस्कृति संस्थानको कला प्रशिक्षणका प्रशिक्षार्थीहरूले सङ्गीत (गायन, वादन र नृत्य) र नाट्य सम्बन्धी विभिन्न प्रस्तुतिहरु प्रदर्शन गरेका थिए ।

# सांस्कृतिक संस्थानको विशेष धन्यवाद कार्यक्रम

**काठमाडौँ, २०८१ असार ११ गते ।**

सांस्कृतिक संस्थानले विशेष धन्यवाद कार्यक्रम आयोजना गरी संस्थानका विभिन्न गतिविधिहरु सफल बनाउन योगदान पुऱ्याउने सबैलाई सम्मानित गरेको छ । 'शुभारम्भ सांस्कृतिक साँझ २०८१' मार्फत सञ्चालन गरिएको 'माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति' को १ देखि १३ औं श्रृङ्खला, गणतन्त्र दिवस उत्सव २०८१ र सांस्कृतिक संस्थानको ५२ औं वार्षिकोत्सव जस्ता प्रमुख कार्यक्रमहरूको सफलतापूर्वक सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कर्मचारी, कलाकार,



प्राविधिक र अन्य आवद्ध जनमन सबैलाई संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यू र महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष धन्यवाद ज्ञापन गर्दै सम्मान गर्नु भएको थियो ।



यो कार्यक्रमले संस्थानका नीति तथा कार्यक्रमहरु सम्पन्न हुनका निम्ति महत्त्वपूर्ण योगदान दिनु हुने जनशक्तिलाई प्रोत्साहन तथा नयाँ ऊर्जा थप्न सहयोग गरेको विश्वास लिइएको छ ।

# २१ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८१

काठमाडौँ, २०८१ असार १५ गते ।

राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र ललितपुरको आयोजनामा, सांस्कृतिक संस्थानको सहकार्यमा संस्थानको विशेष सांस्कृतिक प्रस्तुतिहरु सँगै २१ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८१ सभ्य एवम् भव्य रूपमा सम्पन्न भएको थियो ।





नेपाल सरकारले वि.सं. २०६१ देखि असार १५ गतेलाई राष्ट्रिय धान दिवसको रूपमा मनाउने परम्परा शुरू गरेको हो । जसले श्रमजीवी किसानहरूको योगदान र मेहनतको सम्मान गर्नका लागि सो दिवसको स्थापित गरिएको हो ।


यस अवसरमा, सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनले संस्कृति भनेको जीवनको पद्धति हो भन्ने विचार व्यक्त गर्दै, नेपालीहरूको प्रमुख खाद्यान्न बाली धानको धार्मिक, सामाजिक, सांस्कृतिक र आर्थिक पक्षसँग गहिरो सम्बन्ध रहेको बताउनु भएको थियो । धानको सांस्कृतिक महत्त्वलाई समाजमा समाजमा सम्प्रेषण गर्न संस्थानको प्रतिबद्धता प्रकट गर्नु भयो ।




# "घरको माया" एकाङ्कीको श्रव्यदृश्य निर्माण

काठमाडौँ, २०८१ असार २० गते ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको सहकार्यमा, संस्कृतिक संस्थानले कक्षा १० को नेपाली विषयमा समावेश गरिएको भिमनिधि तिवारी कृत "घरको माया" एकाङ्कीलाई नाट्य रूपान्तरण तथा मञ्चन गरी श्रव्यदृश्य सामग्री निर्माण कार्य सम्पन्न गरेको छ ।






यस कार्यक्रमको उद्देश्य शिक्षालाई व्यावहारिक बनाउन तथा शिक्षण पद्धतिलाई अझ प्रभावकारी र जीवन्त बनाउनु हो । संस्थानका नाट्य कलाकार सबनम सिलवाल र राम भजन कामतको परिकल्पना र निर्देशनमा तयार पारिएको हो । "घरको माया" एकाङ्कीको श्रव्यदृश्य सामग्रीले विद्यार्थीलाई गहन रूपमा बुझ्न प्रभावकारी बनाउने विश्वास गरिएको छ ।

# कञ्चनजङ्घालाई नियाल्दा नियात्राको श्रव्यदृश्य निर्माण

**काठमाडौँ, २०८१ असार २२ गते ।**

सांस्कृतिक संस्थानले शिक्षालाई व्यावहारिक बनाउन तथा शिक्षण पद्धतिको सुधारका लागि उपन्यास, नाटक, कथा, एकाङ्की तथा काव्य कृतिलाई नाट्य रुपान्तरण सँगै नाटक मञ्चन र विभिन्न क्रियाकलापको वृत्तचित्र जस्ता श्रव्यदृश्य सामग्री उत्पादन गर्दै आएको छ ।






यसै अभियान अन्तर्गत कक्षा ९ को नेपाली विषयमा समावेश राजेन्द्रमान डंगोल कृत 'कञ्चनजङ्घालाई नियाल्दा' नियात्राको श्रव्यदृश्य सामग्री "वृत्तचित्र" तयार गरिएको छ । संस्थानले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको सहकार्यमा सो कार्य सम्पन्न गरेको हो ।

# नाट्य अभिनय विधाका प्रशिक्षार्थीहरूको प्रतिभा प्रदर्शन कार्यक्रम

**काठमाडौँ, २०८१ असार २८ गते ।**

सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यक्रम अन्तर्गत नाट्य अभिनय विधाका प्रशिक्षार्थीहरूको प्रतिभा प्रदर्शन कार्यक्रम सु-सम्पन्न भएको छ ।

यस कार्यक्रममा प्रशिक्षार्थीहरूले नाटक मञ्चन तथा प्रदर्शन गरी आफ्नो कला र क्षमता प्रस्तुत गरेका थिए । सो कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले प्रशिक्षार्थीहरूको कला र क्षमताको प्रशंसा गर्दै उज्ज्वल भविश्यको कामना गर्नु भयो । प्रशिक्षार्थीहरूको कडा मेहनत र सिर्जनात्मकता देखाउने यस कार्यक्रमले सांस्कृतिक संस्थानको कला प्रशिक्षण कार्यक्रममा नयाँ ऊर्जा थपेको छ ।



# साउने संकराई (उधेली पर्व) २०८१

**काठमाडौँ, २०८१ साउन १ गते ।**

त्रिभुवन पार्क, थानकोट, काठमाडौंमा अथार मगरात मगर प्रतिष्ठानको आयोजनामा र सांस्कृतिक संस्थानको सहकार्यमा 'साउने संकराई (उधेली पर्व) २०८१' सम्पन्न भएको छ ।



सांस्कृतिक संस्थानको नीति र कार्यक्रम अन्तर्गत संस्कृति भित्रको प्रमुख अवयव सांस्कृतिक चाडपर्वको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि विभिन्न चाडपर्वहरूको स्थलगत रूपमै सहभागी भई क्रियाकलाप सञ्चालन गर्ने उद्देश्य अनुरूप उक्त मौलिक सांस्कृतिक पर्व साउने संकराई पर्व विशेष कार्यक्रममा सहकार्य गरी सभ्य-भव्य ढंगले सम्पन्न गरिएको हो । यस अवसरमा अथार मगरात मगर प्रतिष्ठानद्वारा अथार मगरात क्षेत्रको मौलिक परम्परा, संस्कार, रीतिथिति र चालचलन अनुसार विशेष पहिचानयुक्त संस्कृति प्रदर्शनी तथा विभिन्न जनावरका आकारमा तयार पारिएका रैथाने खानाका परिकारहरूको प्रतिस्पर्धा सँगै प्रदर्शन गरिएको थियो ।



साउने संक्रान्ति नेपालीहरूको मौलिक सांस्कृतिक पर्व हो । यसमा विभिन्न जातिहरूले आ-आफ्नै विधिपद्धति अनुसार साउने संक्रान्ति पर्व मनाउने गर्दछन् । मगर समुदायले साउने संक्रान्तिलाई विशेष महान् संस्कृतिको रूपमा मनाउने गर्दछ । मगर समुदाय भित्र तीन मगरात क्षेत्र अठार मगरात, बाह्र मगरात र काइके मगरात पर्दछन् । अठार मगरात क्षेत्र संस्कृतिको हिसाबले अत्यन्तै समृद्ध मानिन्छ, बोलीचालीको भाषामा यस क्षेत्रका मगर समुदायले अथार मगरात भन्ने गर्दछन् । अथार मगरात क्षेत्रका मगर समुदायले यस पर्वलाई वेग्लै महत्त्वका साथ मनाउने गर्दछन् ।

मगर जातिले यस पर्वलाई ऐतिहासिक पृष्ठभूमि बोकेको मौलिक सांस्कृतिक चाड साउने संकराई (उधेली पर्व) को रूपमा मनाउने गर्दछन् । मगर समुदायले यस पर्वलाई मौलिक सांस्कृतिक पर्वका रूपमा उधेली पर्व ऋतु परिवर्तनको अवसरमा बाली नष्ट गर्ने विभिन्न किराहरूको प्रतीक बनाई प्रकृतिको पूजा गरी विधिवत रूपमा मगरबाजा मादल फुकाई धूमधामसँग मनाउने गर्दछन् । भूमि अर्थात प्रकृतिको मगर



संस्कार तथा परम्परागत विधिपद्धतिसँगै पूजा गरी प्राकृतिक दैवी प्रकोप नआओस्, अनिकाल नहोस्, दु :ख कष्ट नहोस्, पृथ्वीका प्राणीको भलो होस् भनी कामना सहित असार १ गते विधिवत रूपमा यो पर्व मनाइन्छ । यस पर्वसँग शास्त्रीय पक्ष, धार्मिक पक्ष र सांस्कृतिक पक्ष जोडिएको छ । यस दिन असार महिनाभरी हिलोमा काम गर्ने श्रमजीवी भूमिसन्तती मगरहरूले रोग नलागोस् भन्ने कामना सहित लुतो फाल्ने चलन पनि छ । यो संस्कृतिलाई नयाँ पुस्तामा स-सम्मान हस्तान्तरण गर्न अपरिहार्य छ । मगर भित्रका बाह्र, अथार, काइके मगरातले जातीय पहिचान र सौन्दर्यलाई उजागर गरेको छ । यो पक्ष नै हाम्रो संस्कृतिमा समृद्ध छौँ भन्ने प्रमाण हो । हर जातिका जातीय सभ्यता, इतिहास तथा समग्र संस्कृतिको रक्षा गर्न सके मात्र नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता रहेको अस्तित्व जीवित रहन्छ ।

मगर समुदायले साउने संक्रान्तिलाई साउने संकराई एवम्

उधेली पर्वको रूपमा मनाउने गर्दछन् । यस पर्वसँग मगर समुदायको गहिरो सांस्कृतिक पक्ष जोडिएको पाइन्छ ।



वरिष्ठ संस्कृतिविद् बम कुमारी बुढा मगरका अनुसार साउने संकराई मगरहरूको ऋतु विशेष पर्वसँग सांस्कृतिक सम्बन्ध राख्दछ । उहाँका अनुसार यस पर्व बारे स्पष्ट पार्नु न्यायोचित हुने विश्वास सहित यसरी धारणा प्रस्तुत गरिन्छ :-

"मगर जातिले परम्परागत रूपमा दुईवटा ऋतु मान्ने गर्दछन् । ती ऋतुलाई उधेली र उभेली भनिन्छ । दुईवटा ऋतु जहाँ सावन देखि पुष सम्म उधेली र माघ देखि असार सम्म उभेली ६/६ महिनाको दुई ऋतु मान्यता रहेको छ । उधेली ऋतुमा भ्यागुता जमिन मुनि बस्छ र त्यस बखत नाच, गान र बजाउन उपयुक्त मानिन्छ । भ्यागुता जमिन बाहिर भएको बेला नाच, गान र बजाउन हुँदैन । त्यसो गर्दा भ्यागुताको मुटु थर्किन्छ, पाप लाग्छ भन्ने चलन रहेको छ । उभेलीमा भ्यागुता जमिन बाहिर बस्ने र जीवनचक्र पार गर्ने हुनाले माघ देखि असार सम्म नाच, गान र बजाउन अर्थात् मनोरञ्जन गर्न हुँदैन भन्ने किंवदन्ती र मान्यता राखिन्छ ।"

जव उधेली ऋतु सुरू हुन्छ, मगरहरूको प्रमुख बाजा मादल बाजा विधिवत रूपमा फुकाएर पूजा गरी बजाइन्छ । नचारू (पुरूष कलाकार) र जोराल्नी (महिला कलाकार) हरु गुर (गुरू) र गुरमी (गुरूमा) सँग सम्पर्क गरी जैसी (विद्वान) द्वारा उपयुक्त साइत हेराएर जीउपछे जोग (पर्व) मा नचारु जोराल्नीले आ-आफ्नो समूहमा ओखला पूजा वा नाचको आरम्भ गर्दछन् । ओखला भन्नाले शिलान्यास वा उद्‌घाटन भन्ने हुन्छ । पैस्यारु नाचमा नचारु (पुरूष कलाकारहरु) सहभागी हुने हुनाले यसमा गुर (गुरू) सँग सम्पर्क गरी ओखला पस्ने गरिन्छ । साउन १ गते भूमिको पूजा गरी मादल बाजा फुकाई ओखला पूजा गरी नचारु नाचको शुभारम्भ गरिन्छ । नचारु अन्तर्गत पैस्यारु, सिङारु, सरङ्‌ङ्या, धोता आदि नाच पर्दछन् । यसरी उधेली ऋतु (साउन-पुष) को सुरूवात सँगै विधिवत ढंगले ओखला पसेर सुरूवात गरिएको पैस्यारु नाच पुष मसान्त भित्र विधिपूर्वक विसर्जन गरिन्छ । यसरी विसर्जन गर्नुलाई वै (फूल) उडाउने भनिन्छ । नाचमा सहभागी कलाकारहरूको नामबाट वै (फूल) को थुङ्गाहरू दुईजना कलाकारहरूद्वारा आँगनमा उडाइन्छ । प्राय सबै फूल एकै ठाउँमा खस्छ । संयोगवस कुनै कलाकारको नामको वै (फूल) उछट्टिएर अलग खस्यो भने सो व्यक्ति अर्को पटकको ओखलामा सामेल हुन नसक्ने भविष्यवाणी गरिन्छ र भावुक हुन्छन् । सहभागी कलाकारहरूको प्रतीकको रूपमा माघे संक्रान्तिको दिनमा ब्याउली (पुतली) बनाएर जलाइन्छ । ब्याउली (पुतली) जलाउने ठाउँमा युवतीहरूले वनभोजको आयोजना गरी दाजुभाइबाट विहानै खिञ्चरी भाग खाई वनभोजमा सामेल हुन्छन् । जहाँ उधेली ऋतुभरी ६ महिना सम्मको रसरङ्गको संस्मरण स्वरूपमा विधिवत रूपले नाच समापन गरीएको संस्कृति हो । जसलाई ब्याउली हिप्न्या (पुतली पोल्ने) भनिन्छ । माघे संक्रान्तिका दिन मगरहरूको प्रमुख बाजा मादललाई मान चाला बजाएर ध्वजा टंगाई विधिवत रूपमा बन्द गरिन्छ ।

मगर समुदायको सांस्कृतिक पक्षसँग गहिरो सम्बन्ध राख्ने साउने संकराई पर्वलाई ऋतु परिवर्तन हुने अर्थात उधेली ऋतु सुरू हुने र यो ऋतुसँगै गायन, वादन र नृत्य गर्ने मौसम पनि सुरु भएको मान्यता अनुसार मगरहरूको प्रमुख मादल बाजा विधिवत रूपमा पूजा गरी फुकाएर बजाइन्छ । यसरी सांस्कृतिक महत्त्व बोकेको चाडपर्वको विशेषतालाई नजिकबाट नियालेर यसको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्नु संस्थानको प्रमुख जिम्मेवारी भएकोले अथार मगरात मगर प्रतिष्ठानसँग सहकार्य गरी स्थलगत रूपमा सो कार्यक्रम गरिएको हो । उक्त कार्यक्रममा सभाध्यक्ष



श्री झविन्द्र बहादुर पुन मगरज्यू, प्रमुख अतिथि नेपाल मगर संघका अध्यक्ष श्री ज्ञानेन्द्र पुन मगरज्यू, विशिष्ट अतिथि संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यू र वरिष्ठ संस्कृतिविद् श्री बम कुमारी बुढा मगरज्यू हुनु हुन्थ्यो । अन्य थुप्रै अतिथिहरु र हजारौँ जनमनको सहभागितामा संस्थानका कलाकारको विशेष प्रस्तुतिसँगै कार्यक्रम सभ्य-भव्य रूपमा सम्पन्न गरिएको थियो ।

# ३० औं विश्व आदिवासी जनजाति दिवस

**काठमाडौँ, २०८१ साउन २५ गते ।**

३० औं विश्व आदिवासी जनजाति दिवसको अवसरमा नेपाल आदिवासी जनजाति आयोगले काठमाडौँमा आयोजना गरेको आदिवासी उत्सव समारोहमा सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा नेपालको मौलिक पहिचान झल्किने विशेष सांस्कृतिक प्रस्तुति प्रदर्शन सँगै सभ्य-भव्य रूपमा कार्यक्रम सम्पन्न गरिएको थियो ।



# कला प्रशिक्षण कार्यक्रमको ३२ औं दीक्षान्त समारोह

**काठमाडौँ, २०८१ साउन २५ गते ।**

सांस्कृतिक संस्थानले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि सञ्चालन गर्दै आएको कला प्रशिक्षण कार्यक्रम अन्तर्गत ३२ औं समूहका प्रशिक्षार्थीहरूको दीक्षान्त समारोह सब्य-भव्य रूपमा सम्पन्न गरेको छ ।






संस्थानले गायन, वादन, नृत्य र नाट्य अभिनय विधामा ६/६ महिने कला प्रशिक्षण कार्यक्रम विगत देखि नै सञ्चालन गर्दै आएको छ । ३२ औं समूहका १०९ जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्दै दीक्षित गरिएको थियो । प्रशिक्षार्थीहरूले कार्यक्रममा आकर्षक प्रस्तुति दिएर आफ्नो कला प्रदर्शन गर्दै कार्यक्रम सभ्य-भव्य ढंगले सम्पन्न गरिएको थियो ।

दीक्षान्त समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा संस्कृति महाशाखा प्रमुख श्री डा. सुरेश सुरस श्रेष्ठज्यू प्रमुख अतिथिका रूपमा उपस्थित हुनु हुन्थ्यो । संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राईज्यू सभाध्यक्ष रहेको कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन गर्दै कला प्रशिक्षणको गरिमा बारे प्रष्ट पार्दै अव्यवस्थित रहेको प्रणालीलाई व्यवस्थित गर्न कला प्रशिक्षण कार्यविधि निर्माण गरी लागू गरिएकोले अब उद्देश्य केन्द्रित रही प्रशिक्षण क्रियाकलाप अगाडि बढाइने बताउनु भएको थियो ।



# श्री रिद्धि सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव-२०८१



**काठमाडौँ, २०८१ भदौ १० गते ।**

सांस्कृतिक संस्थानले डिजिटल युग र वैश्वीकरणका कारण नेपाली संस्कृति संकटमा परेको र समाजमा विकृति र विसङ्गतिहरु फैलिएको अवस्थामा संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि विभिन्न पहलहरु गर्दै आएको छ । यसै सन्दर्भमा संस्थानले आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम अनुसार बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधतामा एकता भएको नेपालको सांस्कृतिक अस्तित्व कायम राख्न र प्राचीन संस्कृतिका मूल्यहरु नयाँ पुस्तामा सही ढंगले पुस्तान्तरण गर्न श्री रिद्धि सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव - २०८१ आयोजना गरेको हो ।

नेवार समुदायको विशेष सांस्कृतिक पर्व गाईजात्रालाई प्राचीन परम्परा, रीतिरिवाज र मूल्यमान्यता अनुरुप मनाउने सन्देश सम्प्रेषण गर्ने उद्देश्यका साथ मिति २०८१ भदौ ३ गते संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यू को प्रमुख आतिथ्यतामा "श्री रिद्धी सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव - २०८१" उद्घाटन गरिएको थियो । सो गाईजात्रा महोत्सव संस्थानको मेगा प्रेक्षालयमा भदौ ३ गते देखि १० गतेसम्म प्रर्दशनी गरिएको थियो ।





गाईजात्रा सांस्कृतिक पर्व हो । गाईजात्रा उपत्यका लगायत नेवार समूदाय बसोबास गर्ने देशका विभिन्न स्थानमा धुमधामकासाथ मनाइने पर्व हो । यो नेवार संस्कृतिबाट सुरु भएको जात्रा हो । नेपाली समाजमा गाईजात्रा व्यङ्ग्य



गर्ने अवसरको रुपमा समेत परिचित छ । वर्ष दिनभित्र मरेका दिवंगत आफन्तको सम्झनामा मनाइने यस पर्वले धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्व बोकेको छ । नेवारी भाषामा यो पर्वलाई 'सापारु' भनिन्छ । 'सा' को अर्थ






गाई र 'पारु'को अर्थ प्रतिपदा तिथि हो जुन दिन यो चाड मनाइन्छ । शोक र मृत्युसँग सम्बन्धित रहेको गाईजात्रा पर्वले नेपाली संस्कृतिले शोकसँगै हाँसोमा पनि साथ दिन्छ भन्ने प्रतीकात्मक अर्थ बोकेको पाइन्छ । गाईजात्रामा हाँसो



र व्यङ्ग्यको सुरुवात मध्यकालमै राजा प्रताप मल्लले मृत्यु शाश्वत सत्य हो भन्ने देखाउँदा समेत रानीको चित्त शान्त नभए पछि हास्य प्रयोग गरेको र गाईजात्राको सुरुवात भएको इतिहास पाइन्छ । यसर्थ गाईजात्रा पर्व हाँसो र आँसुको



संगम रही आएको पाइन्छ ।

गाईजात्राको अवसरमा परम्परागत रूपमा र लोकतान्त्रिक पद्धति अनुसार पनि व्यङ्ग्य गर्ने छुट रहेको तर अतिरञ्जित





किसिमले प्रहसन गरिने प्रचलनले संस्कृतिलाई विकृतिगत ढंगले सम्प्रेषण गर्ने प्रचलन रहेको प्रति संस्थानले विशेष ध्यानाकर्षण गरी कन्टेन्टलाई सभ्य रूपमा प्रस्तुत गर्ने कुरा विशेष सम्बोधन मार्फत संस्थानका महाप्रबन्धक किरण बाबु पुनले जानकारी दिनु भएको थियो ।

सांस्कृतिक संस्थानको मेगा प्रेक्षालयमा भदौ ३ देखि १० गते सम्म प्रत्येक दिन साँझ ५ बजे कार्यक्रम प्रदर्शनी गरिएको थियो भने सार्वजनिक विदाको दिन २ शो समेत गरिएको थियो । कार्यक्रममा लोकप्रिय हास्यकलाकारहरु सिताराम कट्टेल (धुर्मुस), कुञ्जना घिमिरे (सुन्तली), लक्ष्मण गाम्नाङ्गे, सुरेन्द्र केसी (मुला साग), शिव शंकर रिजाल (जोगिन्दर), पल्पसा डंगोल (चम्सुरी), राजा राजेन्द्र पोखेल, दिनेश काफ्ले (हाउडे दाइ), हिमेश पन्त, खबपु चञ्चल मगर, सन्तोष खनाल (लोक बाजे), सुयसा खनाल तथा









सांस्कृतिक संस्थानका कलाकारहरूको विशेष प्रस्तुति रहको थियो । उद्देश्य अनुरूप कार्यक्रम सभ्य-भव्य रूपमा सम्पन्न भएको थियो । महोत्सवलाई सफल पार्न सहयोग र सहकार्य गर्ने सबै प्रायोजक र सहभागी कलाकारहरूलाई संस्थानले





प्रमाणपत्रका साथै सम्मान गरेको थियो । 'श्री रिद्धि सिद्धि ज्वेलर्स गाईजात्रा महोत्सव- २०८१' उद्घाटन समारोह देखि समापन समारोहसम्म विभिन्न विशिष्ट व्यक्तित्वहरु, नेता तथा नेतृत्वहरु, लोकप्रिय कलाकारहरु एवम् धेरै दर्शकहरु प्रत्यक्ष रूपमा उपस्थित भई अवलोकन गरेका थिए ।



# अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिता "तीज उत्सव २०८१"

**काठमाडौँ, २०८१ भदौ १४ गते ।**

सांस्कृतिक संस्थानले नारीहरूको महान सांस्कृतिक पर्व हरितालिका तीजको अवसरमा अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिता "तीज उत्सव २०८१" आयोजना गरेको हो । मौलिक चाडपर्वको संरक्षण, संवर्द्धन र पुस्तान्तरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमको सभाध्यक्षता संस्थानका कार्यक्रम तथा योजना शाखा प्रमुख श्री रेखा कुमारी कटुवाल श्रेष्ठले गर्नुभएको थियो भने प्रमुख अतिथि पूर्व सभामुख श्री ओनसरी घर्ती मगरज्यू हुनुहुन्थ्यो । निर्णायकको भूमिकामा वरिष्ठ लोकगायिका



श्री शर्मिला गुरूङ र संस्थानका नृत्य संयोजक श्री माया थापा रहनु भएको थियो ।



कार्यक्रममा विशेष अतिथिका रूपमा सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव श्री कुस्मा महरा, समाजसेवी श्री सावित्री अधिकारी, प्राज्ञ श्री बाबा बस्नेत लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । त्यसैगरी प्रतियोगितामा १४ वटा सरकारी तथा अर्धसरकारी संस्थाहरु सहभागी भई आ-आफ्नो मौलिक तीज गीत र नृत्य प्रस्तुत गरेका थिए ।



कार्यक्रमले नारीहरूको सांस्कृतिक पर्व तीजको सांस्कृतिक महत्त्व उजागर गर्दै संस्थागत सहभागिता र एकतामा आधारित मौलिक संस्कृति संरक्षणको प्रयासलाई प्रोत्साहित गरेको विश्वास गरिएको छ । सो कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन गर्दै सांस्कृतिक संस्थानले संस्कृतिलाई सही रूपमा सम्प्रेषण गर्न ऐनाको



रूपमा रहेका विभिन्न चाडपर्वको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका निम्ति नीति तथा कार्यक्रम अनुसार नै तीज विशेष कार्यक्रम आयोजना गरेको बताउँदै तीजको पृष्ठभूमि, महत्त्व र औचित्य बारे केलाउँदै यो पर्व नारी सशक्तिकरणका रूपमा पनि रहेको तर्फ जोड दिनु भएको थियो ।



# तीज विशेष शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम २०८१



**काठमाडौँ, २०८१ भदौ २० गते ।**

सांस्कृतिक संस्थानको आयोजनामा, संस्थानमा आवद्ध महिला कर्मचारीहरूको सम्मानमा "तीज विशेष शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम २०८१" समाजसेवी श्री सावित्री अधिकारीज्यूको प्रमुख आतिथ्यतामा सभ्य र भव्य रूपमा सम्पन्न भएको थियो ।




कार्यक्रमको उद्देश्य तीज पर्वको सांस्कृतिक महत्त्वलाई उजागर गर्दै समाजमा दर खाने संस्कृति विकृतिको रूपमा मनाउने प्रचलन बढ्दै गएकोले सभ्य एवम् मूल्यमान्यता अनुरूप दर खाने संस्कृति समाजमा सम्प्रेषण गर्नको निम्ति र महिला कर्मचारीहरूको योगदानलाई सम्मान गर्नु थियो । कार्यक्रममा महिला कर्मचारीहरूको उत्साहजनक सहभागिता तथा विभिन्न प्रतियोगिता आयोजना गरिएको थियो ।



महिला कर्मचारीहरूले उत्साह र कौशल प्रदर्शन गर्दै प्रतियोगितामा भाग लिएका थिए । प्रतियोगितामा प्रथम, द्वितीय, र तृतीय स्थान हासिल गर्ने विजेताहरूलाई पुरस्कार वितरण गर्दै बधाई दिइएको थियो । सहभागीहरूले परम्परागत तीजको दर खाँदै आपसी शुभकामना आदान-प्रदान गरेका थिए । कार्यक्रमले सांस्कृतिक संस्थानका कर्मचारीहरूको बीच आपसी सम्बन्धलाई अझ सुदृढ बनाउने महत्त्वपूर्ण भूमिका खेलेको थियो ।



# संविधान दिवस (राष्ट्रिय दिवस) को अवसरमा आयोजित *National Day Concert*

**काठमाडौँ, २०८१ असोज ३ गते ।**

सांस्कृतिक संस्थानका कलाकारहरूले संविधान दिवसको अवसरमा आयोजित National Day Concert कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधित्व गर्दै सात प्रदेशको संस्कृति समेटिने गरी सांस्कृतिक





प्रस्तुति प्रदर्शन गरेका थिए । दरबार मार्ग काठमाडौँमा आयोजित सो भव्य सांस्कृतिक कार्यक्रममा कलाकारहरूले राष्ट्रिय भावना र सांस्कृतिक विविधता झल्काउने नृत्य प्रस्तुत गरेर उपस्थित दर्शकहरूलाई मन्त्रमुग्ध पार्न सफल भएका थिए ।

कार्यक्रम मार्फत संविधान दिवसको महत्त्वलाई राष्ट्रिय एकताको प्रतीकको रूपमा सांस्कृतिक संस्थानको प्रस्तुतिद्वारा प्रदर्शन गरिएको थियो ।

# निक्षेप तथा कर्जा सुरक्षण कोषद्वारा आयोजित कार्यक्रममा सांस्कृतिक प्रस्तुति

**काठमाडौँ, २०८१ असोज ४ गते ।**

निक्षेप तथा कर्जा सुरक्षण कोषद्वारा आयोजित "36th ACSIC Conference Nepal 2024" कार्यक्रममा सांस्कृतिक संस्थानका कलाकारहरूको नेपालको पहिचानयुक्त सांस्कृतिक प्रस्तुति प्रदर्शन सँगै सभ्य एवम् भव्य ढंगले होटल सोल्टी र पाटन म्युजियममा असोज ४ र ६ गते सम्पन्न भएको थियो । यस कार्यक्रम मार्फत नेपाली कला र संस्कृतिको अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसारमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।







# दुई दिने विशेष अभिमुखीकरण कार्यक्रम

**काठमाडौँ, २०८१ असोज ९ र १० गते ।**

सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको संयुक्त आयोजनामा दुई दिने विशेष अभिमुखीकरण कार्यक्रम संस्थानको मिनी हल, जमलमा सफलतापूर्वक सम्पन्न भएको थियो ।



कार्यक्रमको प्रमुख उद्देश्य शिक्षालाई व्यावहारिक बनाउँदै सामुदायिक विद्यालयहरूमा सकारात्मक परिवर्तन ल्याउनु रहेको थियो । कार्यक्रममा काठमाडौँ महानगरपालिका भित्रका



विभिन्न सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू र शिक्षक वर्गले उल्लासमय सहभागिता जनाएका थिए । संस्कृत माध्यमिक



विद्यालयका बालबालिकाहरु र संस्थानका कलाकारहरूको प्रस्तुति मुख्य आकर्षण रहेको थियो । संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यू र काठमाडौँ महानगरपालिकाका





सहरी योजना आयोगका श्री शैलेन्द्र झाज्यूले कार्यक्रम बारे औचित्य सहित आ-आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव श्री देवेन्द्र कुमार काफ्लेज्यूको पनि सहभागिता रहेको थियो । यस कार्यक्रमले महानगर र संस्थान बीचको सहकार्यलाई अझ मजबुत बनाउने विश्वास लिइएको छ ।



# चाड पर्व विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१



**काठमाडौँ, २०८१ असोज १८ गते ।**

सांस्कृतिक संस्थानले नेपालको पहिचान संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि संस्कृतिलाई उजागर गर्ने प्रमुख अवयव विभिन्न चाडपर्वहरु दशैं, तिहार, छठ पर्व र नेपाल संवत् ११४५ को अवसरमा "चाड पर्व शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१" आयोजना गरेको थियो । कार्यक्रममा सभाध्यक्ष संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूले गर्नुभएको थियो भने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री श्री अरूण कुमार चौधरीज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।



विशिष्ट अतिथिहरूको रूपमा भाषा आयोगका अध्यक्ष माननीय श्री गोपाल ठाकुर, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका उपकुलपति माननीय श्री लाल काजी लामा, नेपाल ललितकला



प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव श्री देव प्रसाद काफ्ले, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञज्यूहरु, संस्थानका पूर्व अध्यक्ष र महाप्रबन्धक तथा विभिन्न संघसंस्थाका प्रमुख र प्रतिनिधिहरु पनि उपस्थित थिए ।

यस अवसरमा, लोकप्रिय कलाकारहरु श्री रामजी खाँण,



राजा राजेन्द्र पोखेल, दिनेश काफ्ले (हाउडे दाइ), खड्गबहादुर पुन मगर (खबपु) र संस्थानका कलाकारहरूको विशेष प्रस्तुतिका साथ कार्यक्रमलाई भव्यता प्रदान गरिएको थियो ।



# तिहार विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१

**काठमाडौँ, २०८१ कार्तिक १४ गते ।**

सांस्कृतिक संस्थानले नेपालीहरूको महान् सांस्कृतिक पर्व तिहारको अवसरमा आयोजना गरेको "तिहार विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१" सभ्य एवम् भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रममा संस्थानमा लामो समय देखि योगदान पुऱ्याएर अवकाश प्राप्त गर्ने कर्मचारीहरूको सम्मान गरिएको थियो ।



कार्यक्रमको प्रमुख अतिथि वरिष्ठ संस्कृतिविद् तुलसी दिवसज्यू हुनु हुन्थ्यो भने महिला आयोग अध्यक्ष माननीय कमला कुमारी पराजुली, ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय नारदमणी हार्तम्छाली, पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक शुभासचन्द्र जोशी, प्राज्ञ टीका पुन, समाजसेवी सावित्री अधिकारी, नेपाल सरकारका सहसचिव तथा उपसचिव र विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

विशेष अवसरमा २०८१ कार्तिक १५ गते, अवकास प्राप्त नृत्य प्रबन्धक श्री मनोज जोशीलाई संस्थान प्रति समर्पित सेवाका लागि उच्च सम्मानका साथ कदरपत्र प्रदान गरी बिदाई गरिएको थियो ।





उहाँलाई संस्थानले सुखद भविष्य, सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै सम्मानित गरेको थियो । कार्यक्रममा तिहार पर्वको



सांस्कृतिक महत्त्व झल्किने विभिन्न प्रस्तुतिहरूले उपस्थित दर्शकहरूको मन जितेको थियो । सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन मार्फत कार्यक्रमको औचित्य तथा उपस्थित सम्पूर्ण अतिथिहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।



# सम्झनामा नारायणगोपाल साङ्गीतिक समर्पण कार्यक्रम २०८१

**काठमाडौँ, २०८१ मंसिर १९ गते ।**

सांस्कृतिक संस्थानले स्वरसम्राट तथा संस्थानका पूर्व महाप्रबन्धक स्व. नारायणगोपाल गुरूवाचार्यज्यूको ३४ औं स्मृति दिवसको अवसरमा आयोजना गरेको "सम्झनामा नारायणगोपाल साङ्गीतिक समर्पण कार्यक्रम २०८१" भव्य रूपमा सम्पन्न भएको छ ।



कार्यक्रम संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूको सभाध्यक्षतामा सम्पन्न भएको थियो । प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति तथा संस्थानका पूर्व महाप्रबन्धक माननीय श्री भुपाल राईज्यू र विशिष्ट अतिथि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री नारदमणि हार्तम्छालीज्यू रहनु भएको थियो ।

कार्यक्रममा पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक श्री सुभासचन्द्र जोशीज्यू, नेपाल सरकारका सचिव, सहसचिव, उपसचिवज्यूहरु र विभिन्न सङ्घसंस्थाका प्रमुखज्यूहरूको विशेष उपस्थिति रहेको थियो ।

संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले राष्ट्रको लागि अतुलनीय योगदान पुऱ्याउने स्व. नारायण गोपालको बारे विशेष सम्बोधन गर्दै देशैभरी स्मृति दिवस सम्मानपूर्वक मनाउनु पर्ने तर्फ जोड दिँदै संस्थानले नीति तथा कार्यक्रम मार्फत यस कार्यक्रमलाई अगाडि बढाएको जानकारी दिनु भयो ।






# एक चिहान नाटकको २०० औं श्रृङ्खला विशेष समारोह

काठमाडौँ, २०८१ पौष २ गते ।

सांस्कृतिक संस्थानले 'एक चिहान' नाटकको २०० औं श्रृङ्खला सभ्य र भव्य रुपमा सम्पन्न गरेको अवसरमा संस्थानको मेगा प्रेक्षालयमा विशेष समारोहको आयोजना गरी नाटकसँग सम्बन्धित सबैलाई सम्मान र धन्यवाद ज्ञापन गरेको छ । 'एक चिहान' नेपाली साहित्यको कालजयी कृति हो । प्रगतिशील उपन्यासकार स्व. हृदयचन्द्रसिंह प्रधानद्वारा कृत उपन्यासलाई रमेश बिजीले नाट्य रुपान्तरण गर्नु भएको हो, भने निर्देशन वीरेन्द्र हमालले गर्नु भएको हो ।






विशेष समारोहमा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन मार्फत शिक्षालाई व्यावहारिक बनाउन एक चिहान नाटक एक कोशे ढुङ्गा सावित भएको भन्दै उपन्यासकार स्व. हृदयचन्द्रसिंह प्रधान प्रति श्रद्धाञ्जली अर्पण गर्नु भयो । कला, कलाकार, साहित्य र समग्र संस्कृतिको राष्ट्र निर्माणका लागि आवश्यकता बारे विशेष विश्लेषण गर्दै नाट्य रुपान्तरणकर्ता श्री रमेश बिजी, निर्देशक श्री वीरेन्द्र हमाल, कलाकार, प्राविधिक, बजार व्यवस्थापक, विद्यालय, शिक्षक, विद्यार्थी र शुभेच्छुकहरु प्रति विशेष आभार व्यक्त गर्नुभयो ।

संस्थानले कक्षा १२ को नेपाली पाठ्यक्रममा समावेश गएिको 'एक चिहान' उपन्यासलाई नाट्य रुपान्तरण तथा मञ्चन गरी विगत देखि नै प्रदर्शन गर्दै आएको हो ।

# सम्झनामा दिग्गज स्रष्टा साङ्गीतिक समर्पण कार्यक्रम २०८१

काठमाडौँ, २०८१ पौष ८ गते ।

"सम्झनामा दिग्गज स्रष्टा साङ्गीतिक समर्पण कार्यक्रम २०८१" सांस्कृतिक संस्थानको मिनी प्रेक्षालयमा सभ्य र भव्य रुपमा सम्पन्न भएको थियो । संस्थानले सिर्जनशील कला मार्फत नेपालको अस्तित्व संस्कृतिको रक्षार्थ नेपाली सङ्गीत तथा नाट्य क्षेत्रमा आफ्नो सारा जीवन समर्पण गरी अतुलनीय योगदान पुऱ्याउनु हुने दिवंगत राष्ट्रिय व्यक्तित्वहरूको सम्मानार्थ आयोजना गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ नाट्यशास्त्री एवम् संस्कृतिविद् श्री भैरव बहादुर थापाज्यू र विभिन्न क्षेत्रका शिष्ट र विशिष्ट व्यक्तित्वहरुको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विशेष मन्तव्य दिँदै संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनले यस कार्यक्रम मार्फत दिवङ्गत स्रष्टाहरुको योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउने नयाँ अभियान थालनी गरिएको बताउनु भयो । कलाको माध्यमबाट राज्यलाई अतुलनीय योगदान पुऱ्याउने कलाकारलाई राज्यबाट उचित सम्बोधन हुनु पर्ने सन्देश सम्प्रेषण गर्न यो कार्यक्रम आयोजना गरिएको बताउँदै भैरव बहादुर थापा जस्ता जिउँदो सांस्कृतिक इतिहासलाई नेपाल सरकारबाट उचित व्यवस्थापन सहित संरक्षण गरिनु पर्ने कुरा समेत जोडदार रुपमा माग गर्नु भयो । साथै सांस्कृतिक संस्थानको विकृति, बेथिति विरूद्ध एक इञ्च पनि विचलित नभई परिआए ज्याने अर्पिएर पनि सुशासन स्थापना गरी कलाकार, स्रष्टा, सर्जक, संस्कृति, संस्थान र कर्मचारीको दीर्घकालीन हित बारे नीति तथा कार्यक्रम सहित अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।



# कार्यक्रम प्रस्तुतीकरणका तस्विरहरू























संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूलाई स्वागत तथा ब्रिफिङ कार्यक्रम–२०८१ साउन २९ गते ।



संस्थानद्धारा आयोजित "चाड पर्व शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१" को अवसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री श्री अरुण कुमार चौधरीज्यूलाई मायाको चिनो प्रदान गर्नुहुँदै संस्थानका अध्यक्ष र महाप्रबन्धक ।

# सांस्कृतिक संस्थान सञ्चालक समिति



**श्री चन्द्र कुमार राई हतुवाली**
अध्यक्ष



**श्री किरण बाबु पुन**
महाप्रबन्धक/सदस्य सचिव



**श्री शिवराज रेग्मी**
सदस्य/उपसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय



**श्री घनश्याम सुवेदी**
सदस्य/उपसचिव, अर्थ मन्त्रालय



**श्री पूजा श्रेष्ठ**
सदस्य



सांस्कृतिक संस्थान परिवार